काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

वर्ष १८, अंक १०४, पृष्ठ ८, शुक्रबार, ५ भदौ २०८३, श्रावण शुक्लपक्ष नवमी, Friday, 21 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

**आर्थिक**

बोलपत्र रद्द भएपछि भेरी लिफ्टिङको निर्माण कार्य ढिलो

**समाचार**

रोकिएन प्रदेश स्थापनायता सत्ता समीकरण फेरिरहने क्रम



देश निलम्बनमा, ताप्लेजुङ गोल्डकपमा उत्साह

अखिल नेपाल फुटबल संघ (एन्फा) विश्व फुटबल महासंघ (फिफा) को निलम्बनमा परे पनि घरेलु प्रतियोगिता भने अघि बढिरहेका छन् ।

## राजनीतिक नियुक्तिमा सेनाका पूर्वअधिकारी

भुवन शर्मा

*काठमाडौं, भदौ ४*

सरकारले विभिन्न पदमा राजनीतिक नियुक्ति गरिरहँदा नेपाली सेनाका अवकाशप्राप्त अधिकारीहरू पनि प्राथमिकता परिरहेका छन्। पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले भर्खरै मन्त्रालयको विज्ञ सचिवका रूपमा अवकाशप्राप्त सहायक रथी धर्मेन्द्रकुमार झालाई नियुक्त गरेका छन्। उनको हैसियतलाई सचिवसरह राखिएको छ। सरकारले बनाएको कार्यविधिमा पूर्वाधार विकासमन्त्रीले सचिवसरहका मात्र पाँच जनासम्म विज्ञ राख्न सक्ने व्यवस्था छ।

सरकारले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी अध्यक्षमा पनि पूर्वसैनिक अधिकारीलाई नियुक्त गरेको छ। पूर्वमहासेनानी डा. आनन्दसिंह भाटलाई उक्त पदमा नियुक्ति गरिएको

> पूर्वाधार मन्त्रालयको विज्ञ सचिवमा पूर्वसहायक रथी धर्मेन्द्रकुमार झा, बागमती सभ्यता एकीकृत विकास समिति अध्यक्षमा पूर्वमहासेनानी आनन्दसिंह भाट, चिशिआ उपाध्यक्षमा पूर्वरथी देवेन्द्र खत्री र नेवानि सञ्चालकमा पूर्वउपरथी दीपकप्रसाद बाँस्तोला नियुक्त भएका छन्। बास्तोलाको नियुक्तिलाई भने सर्वोच्चले खारेज गरेको छ।

हो। भाटले २०७६ सालमा नेपाली सेनाबाट अवकाश पाएका थिए। बागमती विकास समिति पूर्वाधार विकास मन्त्रालयकै मातहतमा छ। उक्त पदमा मन्त्रालयले सार्वजनक गरेको प्रारम्भिक सूचीमा तीन जनाको नाम सार्वजनिक गरिएको थियो। पहिलो नम्बरमा डा. विकास देवकोटा, दोस्रोमा भाट र तेस्रो नम्बरमा संगीता यादव थिए तर दोस्रो नम्बरका भाटलाई नियुक्ति दिइयो।

यसैगरी अर्का एक सैनिक अधिकारीलाई चिकित्सा शिक्षा आयोग (चिशिआ) को उपाध्यक्षमा नियुक्ति गरिएको छ। आयोगका अध्यक्षसमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहले डा. देवेन्द्र खत्रीलाई आयोगको उपाध्यक्षमा नियुक्त गरेका हुन्। खत्री नेपाली सेनाका अवकाशप्राप्त रथी हुन्। आयोगको सहअध्यक्षमा शिक्षा तथा खेलकुदमन्त्री हुने व्यवस्था छ। सहअध्यक्षको हैसियतले शिक्षा तथा खेलकुदमन्त्रीले खत्रीलाई उपाध्यक्षको नियुक्ति दिएका थिए। खत्रीले २०७७ पुसमा प्राविधिक उपरथी पदबाट अवकाश पाएका थिए।

यसैगरी सरकारले नेपाल वायु सेवा निगम (नेवानि) को सञ्चालक समिति सदस्य पदमा डा. दीपकप्रसाद बाँस्तोलालाई नियुक्त गरेको थियो। तर उक्त नियुक्ति विवादास्पद बनेको छ। बास्तोलाको नियुक्तिलाई सर्वोच्च अदालतले खारेज गरेको छ।

बाँकी पृष्ठ २

# ठुला आयोजना, न्यून प्रगति

### कोसी प्रदेशमा आठ वर्षमा एक अर्ब रुपैयाँमाथिका चार वटा आयोजना सम्पन्न, एक अर्बमाथिका एक सय ९९ आयोजना निर्माणाधीन, २४ आयोजना रुग्ण

विनोद सुवेदी

*विराटनगर, भदौ ४*

कोसी प्रदेश सरकार गौरवका आयोजना कार्यान्वयनमा कमजोर देखिएको छ। संघीय संरचनाअनुसार प्रदेश सरकार स्थापना भएको पनि आठ वर्ष बितिसकेको छ। यस अवधिमा प्रदेश पूर्वाधारतर्फ सरकारले एक अर्ब रुपैयाँमाथिका चार वटा योजना मात्रै सम्पन्न गरेको पूर्वाधार विकास मन्त्रालयले जनाएको छ।

> कोसी प्रदेशमा बहुवर्षीय पूर्वाधारका योजना ठेक्का लाग्ने तर समयमा सम्पन्न नहुने समस्या विकराल छ। निर्माण व्यवसायीले समयमै काम नगर्दा समस्या निम्तिएको हो।



कोसी प्रदेश सरकारले विराटनगरस्थित सिंगिया खोलामा बनाएको पक्की पुल। *तस्बिर : विनोद/नागरिक*

कोसी प्रदेश पूर्वाधार विकास मन्त्रालयका अनुसार सरकारले हालसम्म सम्पन्न गरेका आयोजनामा मोरङको घिनाघाट-विराटचोक सडक, मोरङकै लेटाङ-६ स्थित बुधबारे सडक, तेह्रथुमको सेर्मा-जलजले-भण्डारीडाँडा-इसिबु-सकानीति-आठराई-मेदाप सडक र भोजपुरको तुर्केपुल-भ्याउपोखरी-याङपाङ-फलिदो सडक छन्।

मन्त्रालयले निर्माण सम्पन्न भएको दाबी गरे पनि घिनाघाट-विराटचोक सडक पूर्ण रूपमा सम्पन्न नभएको पाइएको छ। कोसी प्रदेश सरकारले ६ वर्षअघि गौरवको आयोजनाका रुपमा घिनाघाट-विराटचोक सडकको काम थालेको थियो। तत्कालीन मुख्यमन्त्री शेरधन राईले तीन वर्षभित्र सम्पन्न गर्ने गरी सुरु गरेको यो सडक ६ वर्ष बितिसक्दा पनि सम्पन्न हुन नसक्नुले कायैशैलीमा प्रश्न उठेको छ। चालु आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले यो सडक सम्पन्न गर्न एक करोड रुपैयाँ विनियोजन गरेको छ। यो सडकअन्तर्गत विराटचोक क्षेत्रमा केही काम गर्न बाँकी देखिएको छ।

संवैधानिक व्यवस्थाअनुसार साना आयोजना स्थानीय तह, मझौला आयोजना प्रदेश र ठुला आयोजना संघ सरकारले कार्यान्वयन गर्नुपर्ने हुन्छ। संघ र प्रदेश सरकार विभिन्न आयोजना कार्यान्वयनम चुक्दै गएको पाइएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार कोसी प्रदेशमा यी चार वटा आयोजनाबाहेक एक अर्ब रुपैयाँ बढीका १९९ वटा आयोजना निर्माणाधीन अवस्थामा छन्। यस्ता आयोजना जिल्लागत रूपमा ताप्लेजुङमा सडकसहित नौ, पाँचथरमा १७, इलाममा १७, झापामा २३, मोरङमा ३२, सुनसरीमा १३, धनकुटामा पाँच, भोजपुरमा नौ, संखुवासभामा आठ, तेह्रथुममा ६, उदयपुरमा ११, खोटाङमा १२, ओखलढुंगामा १४ र सोलुखुम्बुमा २२ वटा निर्माणाधीन छन्। त्यस्तै उदयपुर-भोजपुर सिमास्थित दुधकोसी नदीमा पक्की पुल तथा तेह्रथुम-पाँचथर सिमानास्थित तमोर नदीमा पक्की पुल पनि निर्माणाधीन रहेको मन्त्रालयले जनाएको छ।

कोसी प्रदेशमा बहुवर्षीय पूर्वाधारका योजना ठेक्का लाग्ने तर समयमा सम्पन्न नहुने समस्या विकराल छ। विशेषगरी निर्माण व्यवसायीले समयमै काम नगर्दा समस्या भएको प्रदेश भौतिक पूर्वाधार मन्त्रालयका सचिव मिलन आचार्यले बताए। उनले भने, 'ठुला आयोजना निर्माण व्यवसायीमा समयमा काम नगर्ने, म्याद थप गर्न निवेदन पनि नदिने र सम्पर्कमा समेत नआउने समस्या छ। यसले पूर्वाधारका आयोजना तोकिएकै समयमा सम्पन्न गर्न बाधा पुगेको छ।'

सचिव आचार्यले समस्याग्रस्त आयोजनालाई रुग्ण सूचीमा राख्न प्रदेश सरकारले अध्ययन थालेको जानकारी दिए। उनले रुग्ण आयोजनाको विवरण तयार पारी ठेक्का तोड्नेसम्मको प्रक्रिया अघि बढाइने बताए।

बाँकी पृष्ठ २

**लामिछानेको प्रश्न**

# संवैधानिक अंगका प्रमुखलाई मार्ने धम्की कसले दियो ?

ईश्वरी सुवेदी

*काठमाडौं, भदौ ४*

संघीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तलाई सधैं सोधिने एउटै प्रश्न हो- अख्तियार किन प्रभावकारी भएन ? ठुला माछा किन समातिएन ? समितिको बिहीबारको बैठकमा अर्को प्रश्न पनि थपियो-सिंहदरबारमै बोलाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखलाई किन दबाब दिइयो ? कसरी आयोगले निष्पक्ष काम गर्न सक्छ ?

समितिको बैठकमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं प्रतिनिधिसभा सदस्य रवि लामिछानेले संवैधानिक निकायका प्रमुखलाई ज्यान मार्ने धम्की आउनु, पैसाको लेनदेनको कुरा उठ्नु गम्भीर विषय भएको बताए। त्यतिमात्र होइन, प्रधानमन्त्री कार्यालयमै नियन्त्रणजस्तै स्थितिमा राखेर 'गन पोइन्ट'मा काम गराइनु अत्यन्त गम्भीर विषय भएको पनि उनले बताए। 'यस्तो अवस्थामा निष्पक्ष काम कसरी हुन सक्छ ? अख्तियार सरकारको छाया होइन। न त यसले सरकारलाई हेरेर काम गर्नुपर्छ,' लामिछानेले भने।

बैठकमा रास्वपाकै प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले पनि 'अख्तियार संवैधानिक अंग हो कि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शाखा हो ?' भन्ने प्रश्न उठाउँदै यस विषयमा स्पष्ट पार्न माग गरे। 'प्रधानमन्त्री हुँदैमा कोही राजा हुँदैन र सांसद वा संवैधानिक निकायका पदाधिकारी रैती हुँदैनन्,' उनले भने, 'प्रधानमन्त्रीलाई समेत छानबिन गर्ने हक भएको संस्थाले बोलाउँदैमा जानुको साटो लिखित पत्र माग गर्नुपर्छ।'

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य अर्जुननरसिंह केसीले अख्तियारलाई बलियो बनाउन नयाँ सरकारले नीतिगत निर्णयको परिभाषा गर्नुपर्ने बताए। यसलाई महत्त्वका साथ राख्दै अध्यादेश नै ल्याउन उनले आग्रह गरे। 'तर सरकार मौन छ,' उनले भने। केसीसहितका सांसदले यस्तै कुरा बैठकमा राखे।

संसदीय समितिमा बोलाइएका अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राई सांसदका कुरा सुनेपछि जवाफ दिन तयार भए। उनले आफूलाई प्रधानमन्त्रीले

> दलहरूको दोहोरो चरित्र- सत्तामा हुँदा हातखुट्टा बाँध्ने, विपक्षमा पुगेपछि अधिकार बढाउनुपर्ने

राहदानीको विषयमा छलफलका लागि बोलाएको स्वीकार गरे। 'पासपोर्टको विषयवस्तुमा प्रधानमन्त्रीज्यूले छलफल र सुझावका लागि बोलाउन सक्नुहुन्छ। हामी गयौं, छलफल गर्‍यौं,' उनले भने, 'उहाँले यसलाई हेरेर तीव्रता दिइदिए हुन्थ्यो भन्नुभयो। हामीले सोहीअनुसार प्रक्रिया अगाडि बढाएर अभियोजन गर्‍यौं। मुद्दा दर्ता भइसकेकाले अभियोजन सही थियो कि थिएन भन्ने कुरा आयोगको वेबसाइटमै हेर्न सकिन्छ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र सूचना प्रविधि निर्देशक सुनिलकुमार केसीसहित १८ जनाविरुद्ध ई-पासपोर्ट छपाइ तथा खरिदमा अनियमितता गरेको आरोपमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

बाँकी पृष्ठ २


# क्यान्सर जितेर सक्रिय

पवित्रा सुनार

*काठमाडौं, भदौ ४*

अहिले पनि धेरैजसोको बुझाइ छ- क्यान्सर लागिसकेपछि जीवन सकिन्छ। तर समयमै क्यान्सरको पहिचान र उपचार

> ४४ वर्षीय वासुदेव लामिछाने र ४२ वर्षीया हीरा थापा मगर क्यान्सर जितेर सक्रिय जीवनमा छन्। समयमै उपचार पाए सक्रिय जीवनमा फर्कन सम्भव छ। यीबाहेक क्यान्सर जितेर सक्रिय जीवन बिताइरहेका धेरै छन्।



भए नयाँ र लामो जीवन सम्भव हुन्छ भनेर काठमाडौं तारकेश्वरका ४४ वर्षीय वासुदेव लामिछानेको जीवनले पुष्टि गरेको छ। लामिछाने ३३ वर्षका थिए। उनले दुबईमा आठ वर्ष रोजगारी गरे। त्यही क्रममा दिसाबाट रगत जाने र दिसा राम्रोसँग नहुने समस्या देखियो। उनी स्वदेश फर्किए। पायल्स भएको ठानेर उनी उपचारका लागि शिक्षण अस्पताल महाराजगन्ज पुगे।

परीक्षण गर्दा उनको मलाशयमा ट्यूमर पलाएको पत्ता लाग्यो। त्यसपछि उनी भक्तपुर क्यान्सर अस्पताल पुगे। अस्पताल पुगेको एक सातामै अन्कोसर्जन डा. पुण्य खरबुजाको समूहले उनको शल्यक्रिया गर्‍यो। त्यसपछि लगातार आठ महिनासम्म किमोथेरापी र रेडियोथेरापी गरेपछि उनको शरीरबाट क्यान्सर नष्ट भयो।

१० वर्षअघि क्यान्सर निदान हुँदा वासुदेव डरले आक्रान्त थिए। उनलाई तेस्रो चरणको क्यान्सर भएको थियो। सानै उमेरमा क्यान्सर देखिएपछि 'बिचैमा मरिने हो कि' भन्ने चिन्ताले उनलाई सतायो। उनलाई पृथ्वी नै अँध्यारो लाग्न थालेको थियो।

बाँकी पृष्ठ २

# अब १० अर्बमा इन्धन डिपो

दिलीप पौडेल

*काठमाडौं, भदौ ४*




इन्धन आपूर्तिलाई सहज बनाउन नेपाल आयल निगमले चितवनको लोथरमा करिब १० अर्ब रुपैयाँको लगानीमा आधुनिक इन्धन डिपो निर्माण सुरु गरेको छ। भारतबाट बाराको अमलेखगन्जसम्म ल्याइएको पेट्रोलियम पाइपलाइन चितवनसम्म विस्तार गरेर त्यहीँ नै भण्डारण गृहसहितको डिपो निर्माण गर्न लागिएको हो।

चितवनको राप्ती नगरपालिकामा अवस्थित लोथरमा ९१ हजार ९०० किलोलिटरको पेट्रोलियम पदार्थको डिपो निर्माण प्रक्रिया सुरु गरिएको आयोजना प्रमुख प्रदीप यादवले बताए। निगमले जग्गा फिलिङ, कम्पाउन्ड वालका लागि खुला प्रतिस्पर्धाबाट 'मोतीधन-डिएस जेभी'लाई ७९ करोड ५४ लाख रुपैयाँमा ठेक्का लगाएको छ। ठेकेदार कम्पनीलाई १२ महिनाको समयसीमा दिइएको छ। जग्गाको पूर्वतयारी सकेर इन्डियन आयल कर्पोरेसन (आइओसी) लाई हस्तान्तरण गरे पनि आइओसीको प्राविधिक सहयोगमा योजना अघि बढ्ने छ। आइओसीले आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिसकेको र ग्लोबल टेन्डर प्रक्रिया अघि बढाएको निगमले जनाएको छ।

डिपो लोथरस्थित २३ बिघा १२ कट्ठा क्षेत्रफलमा फैलिएको छ। 'पेट्रोल, डिजेल, मट्टीतेल भण्डारणसहित नयाँ अत्याधुनिक डिपो निर्माण सुरु भएको छ,' आयोजना प्रमुख यादवले भने, 'डिपो निर्माणपछि इन्धन आपूर्तिमा सहजता आउने छ।' लोथरमा निर्माण सुरु गरिएको भण्डारण गृहसहितको ग्रिनफिल्ड टर्मिनलको निर्माण लागत करिब नौ अर्ब ८० करोड रुपैयाँ रहेको छ। डिपोमा पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन भण्डारण गर्ने २० वटा ट्यांकीसमेत निर्माण गर्ने योजना छ। त्यसैगरी आगालागीको सम्भावित दुर्घटनाबाट जोगाउन १७ हजार ४०० किलोलिटर क्षमताका पानी भण्डारण ट्यांकी पनि निर्माण गरिने छ।

> चितवनको लोथरमा निर्माण गर्न थालिएको डिपोमा ९१ हजार ९०० किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिने बताइएको छ। डिपोका लागि २३ बिघा १२ कट्ठा छुट्याइएको छ।

डिपोमा पेट्रोल ३३ हजार किलोलिटर, डिजेल ४६ हजार ५०० किलोलिटर, मट्टीतेल एक हजार ६०० किलोलिटर र हवाई इन्धन १० हजार ८०० किलोलिटर भण्डारण गर्न मिल्ने ट्यांकी निर्माण गरिने छ। पेट्रोलका लागि ११ हजार किलोलिटर क्षमताको तीन वटा, डिजेलका लागि १५ हजार ५०० किलोलिटरका तीन वटा, मट्टीतेलका लागि ८०० किलोलिटरका दुई वटा र हवाई इन्धनका लागि तीन हजार ६०० किलोलिटरका तीन वटा स्टोरेज ट्यांकी निर्माण गरिने निगमले जनाएको छ। त्यसैगरी डिपोमा २५० किलोलिटर क्षमताका दुई वटा ट्रान्समिक्स ट्यांक निर्माण गर्ने योजना छ। ट्रान्समिक्स ट्यांकमा एउटै पाइपलाइनमा आएका दुई थरी पेट्रोलियमको मिश्रणलाई राखेर पछि शुद्धीकरण गर्ने गरिन्छ। त्यस्तै पेट्रोल, डिजेल, मट्टीतेल र हवाई इन्धनका ५० किलोलिटर क्षमताका चार वटा अन्डरग्राउन्ड रिजर्भ ट्यांकीसमेत निर्माण गर्ने तयारी छ।

डिपोमा इन्धन भण्डारण गरेपछि बिक्री वितरण गन सुविधा सम्पन्न टिएलएफ सेटसहितका अत्याधुनिक संरचना निर्माण हुने छन्। यो डिपो मुलुककै सबैभन्दा ठुलो इन्धन भण्डारण गृह हो। यसले नेपालमा पेट्रोलियम पदार्थको दीर्घकालीन आपूर्ति सुरक्षित बनाउन र भण्डारण क्षमता विस्तारमा सघाउ पुग्ने छ।

बाँकी पृष्ठ २

# एल निनोको जोखिम घटाउन राष्ट्रिय योजना

श्रीराम सुवेदी

*काठमाडौं, भदौ ४*

> सुपर एल निनोको सम्भावित प्रभाव समयमै पहिचान गरी पूर्वतयारी र प्रतिकार्यका लागि वैज्ञानिक सूचना, मौसमी पूर्वानुमान, र जोखिम मूल्यांकनलाई नीति तथा योजनासँग जोड्न 'सुपर एल निनो राष्ट्रिय आकस्मिक योजना' तयार पारिएको हो। संकट आएपछि उद्धार गर्नेभन्दा संकट आउनुअघि नै तयारी गर्ने प्रणालीलाई संस्थागत गर्नु योजनाको लक्ष्य हो।

'सुपर एल निनो' का कारण नेपालमा पर्न सक्ने खडेरी, पानीको अभाव, कृषिसँगै जलविद्युत् उत्पादनमा आउने गिरावट, अन्य विपद्का जोखिम कम गर्न सरकारले 'सुपर एल निनो राष्ट्रिय आकस्मिक योजना'को मस्यौदा तयार पारेको छ। जल तथा ऊर्जा आयोगको सचिवालय र जल तथा मौसम विज्ञान विभागको अगुवाइमा तयार गरिएको उक्त योजनाले जलस्रोत, खाद्य सुरक्षा, ऊर्जा र विपद् व्यवस्थापनलाई एकीकृत रूपमा समेटेको छ।

विश्व मौसम संगठन (डब्लुएमओ) का अनुसार एल निनोले विश्वव्यापी जलवायु प्रणालीमा नराम्रो प्रभाव पार्न सक्छ। असाधारण रूपमा तातिएका महासागर र हिन्द महासागरमा देखिने द्विध्रुवीयता (इन्डियन ओसियन डाइपोल-आइओडी) विकसित हुने सम्भावनासँगै बलियो बन्दै गएको एल निनोले आगामी महिनामा विश्वका विभिन्न क्षेत्रमा मौसमको स्वरूप प्रभावित गर्न सक्ने देखिएको छ। आइओडी भनेको हिन्द महासागरको पश्चिमी भागमा समुद्री सतहको पानी तुलनात्मक रूपमा बढी तातो र पूर्वी भागमा चिसो हुने अवस्था हो।

डब्लुएमओले सार्वजनिक गरेको मौसमी जलवायु अपडेटमा एल निनो थप बलियो हुँदै गए नेपालसहित दक्षिण एसियामा सामान्यभन्दा बढी तापक्रम र सामान्यभन्दा कम वर्षा हुने जोखिम बढ्ने चेतावनी दिइएको छ। यो अपडेट तीन महिनाअघिको हो।

बाँकी पृष्ठ २




डेडिकेटेड र ट्रंकलाइन विद्युत् बक्यौता उठाउन तथा उपभोक्तालाई गुणस्तरीय बिजुली सुलभ मूल्यमा उपलब्ध गराउन सरकारलाई दबाब दिन उज्यालो नेपाल पार्टीले संकलन गर्न लागेको हस्ताक्षर अभियानमा ऐक्यबद्धता प्रकट गर्दै बटुवा। हस्ताक्षर संकलन गर्न बिहीबार काठमाडौं माइतीघरमा तुल राखिएको थियो। *तस्बिर : द्वारिका काफ्ले/नागरिक*

# अब १० अर्बमा इन्धन डिपो

पृष्ठ १ बाट

नेपाल-भारत सरकारबिचको समझदारीअनुसार अमलेखगन्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार र लोथरमा आधुनिक ग्रिनफिल्ड टर्मिनल निर्माण अघि बढेको हो।

चितवनको लोथरमा बन्ने विशाल भण्डारण गृहले काठमाडौं उपत्यका, पोखरालगायत आसपासका क्षेत्रमा इन्धन आपूर्ति व्यवस्थापनलाई थप सहज बनाउने अपेक्षा गरिएको छ। राजधानी र पोखरा मुलुकका प्रमुख इन्धन खपत हुने क्षेत्र भएकाले चितवनलाई इन्धन भण्डारण तथा वितरणको रणनीतिक केन्द्रका रूपमा विकास गर्न लागिएको हो। दीर्घकालीन रूपमा पेट्रोलियम पदार्थको बिक्री-वितरण र व्यवस्थापनलाई व्यवस्थित गर्न लोथर परियोजना महत्त्वपूर्ण हुने निगमको विश्वास छ।

परियोजनाअन्तर्गत भारतको मोतिहारीबाट बाराको अमलेखगन्ज ल्याएको पाइपलाइन चितवनको लोथरसम्म विस्तार गरिने छ। पाइपलाइन निर्माणको अनुमानित चार अर्ब २८ करोड ८० लाख रुपैयाँ लागत आइओसीले अनुदानका रूपमा बहोर्ने छ। त्यस्तै लोथरमा निर्माण हुने भण्डारण गृहको खर्च भने निगम आफैंले बेहोर्ने छ। निगमले लोथरमा पहिलो चरणअन्तर्गत निर्माणस्थल तयार पार्ने काम सुरु गरेको छ। प्रारम्भिक चरणमा आयोजनाको जग्गा सम्माउने काम सुरु भएको छ। जग्गा सम्याउने, आवश्यकताअनुसार तीनदेखि १२ फिटसम्म

> चितवनको लोथरमा बन्ने विशाल भण्डारण गृहले काठमाडौं उपत्यका, पोखरालगायत आसपासका क्षेत्रमा इन्धन आपूर्ति व्यवस्थापनलाई थप सहज बनाउने अपेक्षा गरिएको छ।

माटो भर्ने, रहेको क्यानल अन्यत्र सार्ने तथा सुरक्षाका लागि चारैतिर ११ फिट अग्लो पक्की पर्खाल निर्माण गर्ने काम सुरु भएको छ।

अमलेखगन्जदेखि लोथरसम्म निर्माण हुने पाइपलाइन १०.७५ इन्च व्यासको हुने छ। यसबाट प्रतिघण्टा २७३ किलोलिटरका दरले पेट्रोलियम पदार्थ ढुवानी गर्न सकिने निगमले जनाएको छ। पाइपलाइनमा नियमित रूपमा करिब तीन हजार २०० किलोलिटर इन्धन ढुवानी हुने छ। यस हिसाबले त्यसमा वार्षिक करिब २० लाख टनसम्म इन्धन ढुवानी हुन सक्छ। पाइपलाइन निर्माणपछि अमलेखगन्जबाट ट्यांकरमार्फत चितवनसम्म इन्धन ढुवानी गर्नुपर्ने निर्भरता घट्ने छ। चितवनबाट व्यवस्थित रूपमा इन्धन वितरण गरिने छ। पाइपलाइन निर्माणबाट ढुवानी लागत बचत हुनुका साथै चुहावट, चोरी र मिसावट नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अमलेखगन्ज-लोथर परियोजनासँगै भारतले सिलगुढीदेखि झापासम्म अर्को पेट्रोलियम पाइपलाइन निर्माणमा पनि अनुदान दिएको छ। प्रस्तावित सिलगुढी-झापा पाइपलाइन करिब ५० किलोमिटर लामो हुने छ, जसमध्ये करिब ३५ किलोमिटर भारततर्फ र १५ किलोमिटर नेपालतर्फ पर्ने छ। यसले पूर्वी नेपाल विशेष गरी कोसी प्रदेशको इन्धन माग व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। भारतको अनुदानमा अमलेखगन्ज-लोथर र सिलगुढी-झापा पेट्रोलियम पाइपलाइन तथा झापामा ग्रिनफिल्ड टर्मिनल निर्माण गर्ने समझदारी भएको थियो। नेपाल आयल निगम र आइओसीबिचको पछिल्लो सम्झौतासँगै यी परियोजना कार्यान्वयनको चरणमा प्रवेश गरेका छन्।

# संवैधानिक अंगका प्रमुखलाई मार्ने धम्की कसले दियो ?

पृष्ठ १ बाट

अख्तियारले प्रतिवादीसँग १० अर्ब १३ करोड रुपैयाँ बढी बिगो दाबी गरेको विषय पनि उनले जवाफका क्रममा जोडे।

प्रधानमन्त्री कार्यालयले राहदानी छपाइ ठेक्का प्रक्रियामा भ्रष्टाचार भएको आरोपमा अनुसन्धानका लागि अख्तियारका प्रमुख आयुक्त राईसहितलाई कार्यालयमा बोलाएर दबाब दिएको भन्ने समाचार बाहिरिएको थियो। यही विषयमा,बिहीबार समितिको बैठकमा कुरा उठेको हो।

प्रधानमन्त्री कार्यालयमा अख्तियारका प्रमुख आयुक्तसहितलाई सातदेखि नौ घण्टासम्म राखेर राहदानी प्रकरणमा अनुसन्धान गर्न दबाब दिइएको भन्ने विषयमा समितिका सदस्यले आआफ्ना धारणा र प्रश्न राखेका थिए। बैठकमा अख्तियारका अधिकारीले पनि अख्तियारलाई बलियो बनाउन नीतिगत निर्णयमाथि अनुसन्धान गर्न पाउनुपर्ने, अनुसन्धानमा धम्की वा डरको अवस्था सिर्जना गर्न नहुने, संवैधानिक निकायलाई संवैधानिक रूपमा काम गर्न दिनुपर्नेलगायत विषय उठाएका थिए।

यसबाट एउटा संवैधानिक निकाय कति कमजोर भएको छ भन्ने स्पष्ट हुन्छ। विश्लेषकका अनुसार २०४७ सालको संविधानले अख्तियारलाई 'भ्रष्टाचार' र 'अनुचित कार्य' दुवैमा छानबिन र कारबाही गर्ने अधिकार दिएको थियो। तर २०७२ सालको संविधान निर्माणका क्रममा पुराना दलहरूले आपसी सहमतिमा 'अनुचित कार्य'सम्बन्धी छानबिन अधिकार अख्तियारबाट खोसे। प्रशासनिक स्वेच्छाचारिता, अधिकारको दुरुपयोग र नीतिगत विचलन हेर्ने कानुनी औजार खोसेर अख्तियारलाई निस्तेज बनाउने दलहरू नै आज संसद्मा उभिएर प्रशासन किन बेथितिमुक्त भएन' भन्ने प्रश्न गरिरहेका छन्।

अख्तियारको क्षेत्राधिकार बढाउने विधेयक लामो समयदेखि संसद्मा अड्किएको छ। पारित गर्ने बेलामा पुराना दलका नेताले सहमति नदिँदा अहिले त्यो विधेयक निष्क्रिय बनेको छ। एक विश्लेषकका अनुसार संवैधानिक परिषद्मा भागबन्डा गरेर संवैधानिक आयोगहरूमा अनुकूलका व्यक्ति नियुक्त गर्ने परिपाटी दलहरूले नै बसालेका हुन्। आफूले बनाएको वा अनुकूलको नेतृत्व रहँदा मौन बस्ने र अर्को पक्षको प्रभाव देखिँदा 'संवैधानिक मर्यादा समाप्त भयो' भन्दै हल्लाखल्ला गर्ने प्रवृत्ति सिद्धान्तमा आधारित नभई केवल तात्कालिक राजनीतिक स्वार्थमा टिकेको देखिन्छ।

पछिल्लो समय सार्वजनिक वृत्तमा भ्रष्टाचार विरोधी जनलहर र छानबिनमा नयाँ राजनीतिक शक्तिहरूको दबाब बढेपछि पुराना दललाई सुशासनको पक्षमा नबोली नहुने बाध्यता सिर्जना भएको छ।

विश्लेषकका अनुसार नेपाली राजनीतिमा देखिएको यो विरोधाभासपूर्ण शैलीले के पुष्टि गर्छ भने दलहरूको वकालत संस्थालाई साँच्चै शक्तिशाली बनाउने निष्ठाभन्दा पनि तात्कालिक राजनीतिक लाभ र भाष्य निर्माण गर्ने रणनीति मात्रै हो। राजनीतिक दलहरू अख्तियारलाई साँच्चै बलियो, निष्पक्ष र स्वायत्त बनाउन गम्भीर छन् भने समितिमा भाषणबाजी गर्नुको साटो संसद्बाटै अख्तियार ऐन संशोधन गरी 'नीतिगत निर्णय'को स्पष्ट सीमा तोक्ने, 'अनुचित कार्य'को अधिकार पुनः फर्काउने र संवैधानिक नियुक्तिलाई पूर्ण रूपमा भागबन्डामुक्त बनाउने कानुनी कदम चाल्नुपर्छ।

# ठूला आयोजना, न्यून प्रगति

पृष्ठ १ बाट

कोसी प्रदेश सरकारले निर्माण गरिरहेका आयोजनामध्ये २४ वटा रुग्ण अवस्थामा रहेको जानकारी मन्त्रालयका सूचना अधिकारी ललितकुमार चौधरीले दिए। उनका अनुसार यस्ता आयोजना झापा, मोरङ र सुनसरीमा धेरै छन्। रुग्ण आयोजना निर्माण प्रक्रिया अघि बढाउने वा ठेक्का तोड्ने विषयमा निर्माण व्यवसायीसँग स्पष्ट जवाफ माग्ने तयारी भइरहेको उनले बताए। उनले भने, 'अब कि ठेकदारले निर्माण सुरु गर्नुपर्छ नभए सरकारले ठेक्का तोडेर अर्को ठेक्का लगाउँछ।' एक महिनाभित्रै रुग्ण आयोजनाको काम सुरु नभए सरकारले ठेक्का तोडेर नयाँ ठेक्का प्रक्रिया अघि बढाउने चौधरीले स्पष्ट पारे।



कोसी प्रदेश सरकारअन्तर्गत निर्माण भइरहेको घिनानाघाट-विराटचोक सडक। *तस्बिर : नागरिक*

कोसी प्रदेश सरकारले स्थापना कालदेखि पूर्वाधार, खेलकुद, पर्यटन क्षेत्रमा दुरगामी महत्त्वका आयोजना निर्माणलाई प्राथमिकतामा राखे पनि ठेकेदारका कारण समयमै काम हुन सकेको छैन। पूर्वाधारलगायत क्षेत्रमा लगानीको वातावरण बनाउन गत वर्ष प्रदेश सरकारले लगानी सम्मेलन गरेको थियो। लगानी सम्मेलनमा प्रस्ताव गरिएका ठूला जलविद्युत् तथा ऊर्जा परियोजना पनि कार्यान्वयन प्रक्रियामा छन्। लगानी सम्मेलनमार्फत कृषि, पर्यटन र ऊर्जा क्षेत्रका ७१ वटा ठूला आयोजना सोकेसमा राखिएका थिए। जसको कुल अनुमानित लागत एक खर्ब ७३ अर्ब ४९ करोड रुपैयाँ छ।

संघ सरकारसँगको सहकार्यमा प्रदेशमा बृहत् प्रादेशिक खेलकुद र सहरी पूर्वाधार विराटनगर इनडोर तथा गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला पनि निर्माण प्रक्रियामा छन्। यी आयोजनाका लागि चालु आवमा बजेट व्यवस्था गरिएको छ।

प्रादेशिक गौरवका रूपमा विराटनगरमा बहुउद्देश्यीय इनडोर रंगशाला र अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माणका लागि बहुवर्षीय योजनाको चर्चा धेरै धेरै भए पनि काम भने अघि बढेको पाइँदैन।

प्रदेश सरकारले कोसी रिफ्रेसमेन्ट सेन्टर र पर्या-पर्यटन आयोजना सुनसरीको कोसी गाउँपालिकामा निर्माणाधीन कोसी रिफ्रेसमेन्ट सेन्टर र झापाको गौरादहपोखरी बृहत् पर्यटन आयोजना पनि अगाडि बढाएको छ। यस्तै पदयात्रामा आधारित पर्यटन प्रवर्धन गर्ने उद्देश्यले सरकारले चार वटा पदमार्गको निर्माण थालेको छ। सरकारले ठूला आयोजना अघि बढाए कार्यान्वयनमा अपेक्षित उपलब्धि भने हासिल गर्न सकेको छैन।

संघीय जस्तै प्रादेशिक आयोजना निर्माणमा पनि ढिलासुस्ती छ। ठूला आयोजनाको ठेक्का ठूला निर्माण व्यवसायीले लिएर कामको जिम्मा पेटी ठेकदारलाई लगाउँदा ढिलासुस्ती हुने गरेको भौतिक पूर्वाधार मन्त्रालय कोसीका सूचना अधिकारी चौधरीले बताए। ठेक्का लिएर काम गर्न अरुलाई दिने र काम नगरी आयोजना ओगट्ने प्रवृत्तिले समस्या भएको चौधरीको भनाइ छ। साना अयोजना निर्माणमा भने ठूला आयोजनामा जस्तो धेरै समस्या नदेखिएको उनले बताए।

# क्यान्सर जितेर सक्रिय

पृष्ठ १ बाट

तर डा. खरबुजाले उपचारसँगै दिएको भरोसाले उनमा आशाको दियो बल्यो। 'मलाई डाक्टरले ढुक्क हुनुहोस्, निको हुन्छ भन्नुहुन्थ्यो,' ती दिन सम्झिँदै उनले भने। उपचारका क्रममा डा. खरबुजाले उनलाई सकारात्मक सोच राख्न प्रेरित गरिरहे। 'उपचार सुरु गर्नुअघि चिकित्सकले दिने भरोसा बिरामीका लागि निकै महत्त्वपूर्ण हुन्छ,' डा. खरबुजाले भने, 'मैले भेट्नेबित्तिकै उपचार सम्भव छ, ढुक्क हुनुहोस्, निको हुन्छ भनेको थिएँ।' क्यान्सर लागेपछि परिवारको समर्पित साथले पनि उनलाई थप ऊर्जा मिल्यो। अहिले लामिछानेको जीवन सामान्य बनिसकेको छ। 'उपचारले मात्र हुँदैन, चिकित्सकले दिने भरोसा र परिवारको साथले क्यान्सरसँग लड्न वर्षौंसम्म प्रेरणा मिल्छ,' डा. खरबुजाले भने। निको भएका लामिछाने अहिले पर्यटन व्यवसायमा संलग्न भएर जीवनयापन गरिरहेका छन्।

यस्तै मलाशयकै क्यान्सरबाट निको हुने अर्की उदाहरण हुन् वीरगन्जकी ४२ वर्षीया हीरा थापा मगर। १८ वर्षअघि उनलाई पनि दिसाबाट रगत बग्ने समस्या भएको थियो। सुरुमा टेकुस्थित एक निजी अस्पतालमा उपचारका लागि पुगिन्। त्यहाँ उनको मलाशयमा ट्यूमर पलाएको पत्ता लाग्यो। त्यसपछि थप उपचारका लागि चाबहिलस्थित ओम अस्पताल पुगिन्। अस्पतालका डा. सुनिलकुमार शर्माले उनको शल्यक्रिया गरे। उनले ६ साइकल किमोथेरापी लिइन्। ट्यूमर मलाशयको तल्लो भागमा फैलिएका कारण मलाशय नै काटेर फाल्नुपर्‍यो। चिकित्सकले मलाशयको सट्टा हिस्टोमी जडान गरे। अहिले त्यही हिस्टोमी राखेर उनले सक्रिय जीवनयापन गरिरहेकी छन्। उनले सातामा दुई पटक हिस्टोमी फेर्नुपर्छ। नयाँ जीवन पाएकी मगर अहिले आफूजस्तै क्यान्सर भएका बिरामीलाई हिस्टोमी राख्न र सहज जीवन बिताउन परामर्श दिने काम गर्छिन्।

यी दुईबाहेक मलाशयको क्यान्सर जितेर सक्रिय जीवन बिताइरहेका धेरै रहेको डा. खरबुजा बताउँछन्। उनका अनुसार भक्तपुर क्यान्सर अस्पतालमा वर्षमा औसत ८० जना मलाशय क्यान्सरका बिरामी पुग्छन्। तीमध्ये धेरैजसो दोस्रो वा तेस्रो चरणमा पुगेका हुन्छन्। उपचार गरिएका बिरामीमध्ये ६० प्रतिशतले दीर्घ जीवन पाइरहेको खरबुजाले जानकारी दिए। चिकित्सकका अनुसार अत्यधिक मात्रामा रातो मासु खाने, व्यायाम नगर्ने र फाइबरयुक्त खानेकुरा नखाने जीवनशैली अपनाउने मानिसमा यस्तो क्यान्सर हुने जोखिम बढी हुन्छ। मलाशयको क्यान्सरमध्ये धेरैजसो वंशाणुगत कारणले पनि हुने गर्छ।

चिकित्सकका अनुसार नेपालमा दिसाबाट रगत बग्ने समस्यालाई पायल्स ठानेर गलत उपचारमा पुग्दा क्यान्सर ढिला पहिचान हुने गरेको छ। दिसामा रगत जान थालेपछि सकेसम्म चाँडो विशेषज्ञ चिकित्सक वा सम्बन्धित अस्पतालमा जाँच गराए समयमै रोग पत्ता लगाउन सकिने र उपचारबाट निको हुने उनीहरू बताउँछन्। मलाशयको क्यान्सर हुँदा दिसाबाट रगत बग्ने, दिसाको आकार सानो भएर निस्कने, दिसा राम्रोसँग नहुने, थकाइ लाग्ने र भोक नलाग्ने जस्ता लक्षण देखिन सक्छन्।

# एल निनोको जोखिम घटाउन राष्ट्रिय योजना

पृष्ठ १ बाट

जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालमा सुपर एल निनोको सम्भावित प्रभाव समयमै पहिचान गरी पूर्वतयारी, जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि वैज्ञानिक सूचना, मौसमी पूर्वानुमान, प्रारम्भिक चेतावनी प्रणाली र जोखिम मूल्यांकनलाई नीति तथा योजनासँग जोड्न विज्ञले जोड दिँदै आएका छन्।

यसै सन्दर्भमा प्रस्तावित योजनाले एल निनोका कारण नेपालमा उत्पन्न हुन सक्ने जोखिम न्यूनीकरणक पूर्वतयारीमा जोड दिएको छ। जटिल भौगोलिक बनोटका कारण तराईदेखि हिमालसम्म जलवायुजन्य प्रभाव फरकफरक देखिन सक्ने भएकाले क्षेत्रअनुसार तयारी गर्नुपर्ने योजना मस्यौदामा उल्लेख छ।



जल तथा ऊर्जा आयोगको सचिवालयका अनुसार बलियो एल निनोमा मनसुन ढिला हुने, औसतभन्दा कम वर्षा हुने, लामो समयसम्म सुख्खा वर्षा नहुँदा सुक्खा बढ्ने, नदी बहाव घट्ने, जलविद्युत् उत्पादनमा कमी आउने, कृषि उत्पादनमा असर पर्ने, डढेलो बढ्ने र खानेपानीको अभाव हुन सक्छ।

**पूर्वसूचनाका आधारमा तयारी**

आकस्मिक योजनामा सम्भावित जोखिमका विभिन्न अवस्था पहिचान गरी प्रत्येकका लागि पूर्वनिर्धारित कदम प्रस्ताव गरिएको छ। सबैभन्दा खराब अवस्थामा सुपर एल निनोका कारण मनसुनी वर्षामा ३० प्रतिशतभन्दा बढीले कमी आउने, लामो समय खडेरी पर्ने, २० लाख बढी मानिस खाद्य असुरक्षाको जोखिममा पर्न सक्ने, जलविद्युत् उत्पादनमा ४० देखि ५० प्रतिशतसम्म गिरावट आउन सक्ने आकलन गरिएको छ।

योजनामा जोखिमको स्तरअनुसार क्रमिक रूपमा तयारी र प्रतिकार्य अघि बढाउन प्रस्ताव गरिएको छ। जस्तैः एल निनो बलियो हुने सम्भावना ७० प्रतिशतभन्दा बढी पुगेमा तयारी कार्यदललाई सक्रिय पार्ने, मनसुनी वर्षामा १५ प्रतिशतभन्दा बढी कमी देखिए क्षेत्रगत आकस्मिक योजना कार्यान्वयनमा ल्याउने, वर्षा कम हुँदै गएमा आपत्कालीन स्रोत परिचालन गर्न प्रस्ताव गरिएको छ। आकस्मिक योजना अवधिलाई तत्कालीन (२०२६-२०२७) र मध्यमकालीन (२०२७-२०३०) गरी दुई चरणमा विभाजन गरिएको छ।

**चार क्षेत्रमा तयारी**

योजनामा जलस्रोत, ऊर्जा, कृषि तथा खाद्य सुरक्षा र प्रारम्भिक चेतावनी तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ। जलस्रोत क्षेत्रमा नदीको बहाव घट्ने, भूमिगत पानीको सतह तल जाने र खानेपानी प्रणालीमा दबाब बढ्ने अनुमान गरिएको छ। त्यसका लागि जल तथा मौसम विज्ञान विभागले प्रमुख नदी बेसिनमा मौसमी पानी उपलब्धताको पूर्वानुमान जारी गर्ने, सिँचाइ पूर्वाधारको अवस्था मूल्यांकन गर्ने र जोखिमयुक्त क्षेत्रमा पानी संरक्षण अभियान सञ्चालन गर्ने योजना प्रस्ताव गरिएको छ।

ऊर्जा क्षेत्रमा नेपाल विद्युत् प्राधिकरणले 'सुपर एल निनो ऊर्जा आकस्मिक प्रोटोकल' तयार पार्ने, विद्युत् उत्पादन घट्ने अवस्थाको परीक्षण गर्ने र आवश्यक परे भारतबाट विद्युत् आयात गर्ने व्यवस्था मिलाउने योजना प्रस्ताव गरिएको छ।

कृषि क्षेत्रमा ढिलो मनसुनले धान, मकै, कोदोलगायत बाली उत्पादन र पशुपालनमा असर पार्न सक्ने भएकाले सुख्खा सहन सक्ने बाली प्रवर्द्धन गर्ने, कृषि सूचना प्रणालीमार्फत किसानलाई आवश्यक परामर्श दिने तथा आवश्यक बिउ र खाद्यान्न भण्डारण गर्ने योजना प्रस्ताव गरिएको छ।

**समन्वित संरचना**

योजनाको महत्त्वपूर्ण पक्ष विभिन्न सरकारी तथा गैरसरकारी निकायबिचको समन्वय संरचना हो। राष्ट्रियस्तरमा जल तथा ऊर्जा आयोगका सचिवको नेतृत्वमा 'सुपर एल निनो तयारी कार्यदल' गठन गर्न प्रस्ताव गरिएको छ। कार्यदलमा ऊर्जा, कृषि, गृह, वन, वातावरण र अर्थ मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, नेपाल विद्युत् प्राधिकरण तथा विकास साझेदारका प्रतिनिधि रहनेछन्। कार्यदलले सामान्य अवस्थामा मासिक र एल निनोको उच्च प्रभावको अवधिमा साप्ताहिक बैठक आयोजना गर्नुपर्ने प्रस्ताव योजनमा छ। जल तथा ऊर्जा आयोगको सचिवालयले कार्यदलको सचिवालय तथा ज्ञान व्यवस्थापन केन्द्रका रूपमा काम गर्नेछ।

संघीय तहबाट प्राप्त सूचना तथा निर्णय प्रदेश र स्थानीय तहसम्म पुऱ्याउने तथा स्थानीय तहबाट वास्तविक अवस्थाको जानकारी माथिल्लो तहमा पठाउने प्रणाली विकास गर्ने लक्ष्य योजनाको छ। स्थानीय तहलाई एल निनोसम्बन्धी तयारीलाई विपद् व्यवस्थापन योजनामा समेट्न भनिएको छ।

**विकास साझेदार र समुदायको भूमिका**

योजना कार्यान्वयनमा सरकारी निकाय मात्र नभई संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, अनुसन्धान संस्था, निजी क्षेत्र र स्थानीय समुदायलाई समेत सहभागी गराउन प्रस्ताव गरिएको छ। डब्लुएमओ, एफएओलगायत संस्थासँग प्राविधिक सहयोग, तथ्यांक आदानप्रदान तथा स्रोत परिचालनका लागि सहकार्य गर्ने प्रस्ताव पनि योजनामा छ। जलविद्युत् कम्पनी, किसान समूह, सिँचाइ उपभोक्ता संस्था र नागरिक समाजलाई पनि योजना कार्यान्वयनमा सहभागी गराउने लक्ष्य छ।

समुदायसम्म सूचना पुऱ्याउन एफएम रेडियो, सामाजिक सञ्जाल, एसएमएस तथा स्थानीय संयन्त्रको प्रयोग गरिने छ। किसान, पानी प्रयोगकर्ता र ऊर्जा उपभोक्ताले बुझ्ने भाषामा मौसम पूर्वानुमानलाई व्यावहारिक सूचनामा रूपान्तरण गर्ने लक्ष्य योजनाको छ। सुपर एल निनोको प्रभाव कुनै एउटा क्षेत्रमा मात्र सीमित नहुने भएकाले जलस्रोत, कृषि, ऊर्जा, खाद्य सुरक्षा र विपद् जोखिम एकअर्कासँग जोडिएका विषयका रुपमा मस्यौदामा अर्थाइएको छ। त्यसैले सम्भावित जोखिम सामना गर्न बहुक्षेत्रीय र समन्वित राष्ट्रिय तयारी आवश्यक छ।

'संकट आएपछि उद्धार गर्नेभन्दा संकट आउनुअघि नै तयारी गर्ने प्रणालीलाई संस्थागत गर्ने प्रयास योजनामा गरिएको छ,' जल तथा ऊर्जा आयोगको सचिवालयका वरिष्ठ जलस्रोतविज्ञ डा. कपिल ज्ञवालीले भने। उनका अनुसार प्रस्तावित योजनालाई थप परिष्कृत गर्न शुक्रबार राष्ट्रिय गोष्ठी आयोजना गरिँदै छ। गोष्ठीमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसहित सम्बन्धित निकायका प्रतिनिधि, राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञ, अनुसन्धानकर्ता, अभ्यासकर्ता, विकास साझेदार र निजी क्षेत्रका प्रतिनिधि सहभागी हुने बताइएको छ।

# राजनीतिक...

पृष्ठ १ बाट

बास्तोलासहितका सञ्चालक समिति सदस्यहरूको छनोट प्रक्रिया नै त्रुटिपूर्ण भएको भन्दै अदालतमा मुद्दा दायर गरिएको थियो। बास्तोला नेपाली सेनाका पूर्वउपरथी हुन्। उनलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले नियुक्ति दिएका थिए। सरकारले हाल विभिन्न निकायमा सार्वजनिक पदाधिकारी धमाधम नियुक्ति गरिरहेको छ। त्यस्ता केही नियुक्ति विवादास्पद पनि बनेका छन्। सरकारले गत वैशाख १९ गते सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३ जारी गरी एकै पटक एक हजार ५३४ पदाधिकारी हटाएको थियो।

बालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त भएको ३६ दिनपछि जारी गरिएको अध्यादेशमार्फत ११० वटा ऐन संशोधन गरी उक्त संख्यामा सार्वजनिक पदाधिकारी एकै पटक पदमुक्त गरिएका थिए। तर तीन महिना नपुग्दै अयोग्य भनेर हटाइएकामध्ये केहीलाई जुनजुन निकायबाट पदमुक्त गरिएको थियो, सोहीसोही निकायमा नियुक्ति गरिएको छ। नयाँ नियुक्ति पाएकाहरू पनि विवादमुक्त भने हुन सकेका छैनन्। विगतमा विवादित व्यक्तिहरूले समेत यसपटक नियुक्ति पाएका छन्। मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार हालसम्म आधाभन्दा बढी पदमा नियुक्ति गरिसकिएको भने केही नियुक्ति अझै प्रक्रियामा छन्।

यसैबिच सर्वोच्च अदालतले नेवानी अध्यक्षमा महेश्वरभक्त श्रेष्ठको नियुक्ति बदर गरेको छ। न्यायाधीशद्वय सुनिलकुमार पोखरेल र बालकृष्ण ढकालको इजलासले उनको नियुक्ति बदर गरेको हो। निगमको सञ्चालक समिति सदस्य उपेन्द्रबहादुर कार्कीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयलगायतलाई विपक्षी बनाएर दायर गरेको मुद्दामा सुनुवाइ गर्दै नियुक्ति कानुनविपरीत रहेको ठहर गरेको हो।



इलामको माई नगरपालिका- ४ स्थित नमुना नौमती बाजा समूहका महिला नौमती बजाउँदै । माई नगरपालिकाले उनीहरूलाई बाजा खरिद गरिदिएपछि बिहे, व्रतबन्ध, भोज, पार्टीलगायत विभिन्न अवसरमा महिलाहरू नौमती बाजा बजाउन जाने गरेका छन् ।
तस्बिर : भीम चापागाईं/नागरिक

### बागमतीमा केन्द्रीय राजनीतिको छाया

# प्रदेश स्थापनायता सत्ता समीकरण फेरिरहने क्रम रोकिएन

वसन्त ढुंगाना

*चितवन, भदौ ४*

बागमती प्रदेशको सातौं मुख्यमन्त्रीमा किरण थापामगर नियुक्त भएका छन् । १०४ सदस्यीय प्रदेशसभामा नेपाल कम्युनिस्ट पार्टी (नेकपा), नेकपा एमाले र राप्रपा गरी ६३ जना सांसदको समर्थनमा मुख्यमन्त्री बनेका हुन् । प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले थापालाई बिहीबार नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । यसअघि दुईपटकसम्म प्रदेशको स्वास्थ्य मन्त्रालय सम्हालेका थापा बागमतीको सातौं मुख्यमन्त्री बनेका छन् ।

यस्तै बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री मगरले पद तथा गोपनीयताको शपथ लिएका छन् । बिहीबार प्रदेश प्रमुखको कार्यालय हेटौंडामा आयोजित समारोहमा प्रदेश प्रमुख देवकोटाले मुख्यमन्त्री थापालाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । यस्तै मुख्यमन्त्री थापाले ६ सदस्यीय मन्त्रीपरिषद् गठन गरेका छन् । मुख्यमन्त्री थापाले प्रदेश सरकारमा एमालेबाट भरतबहादुर केसी र ज्ञानबहादुर तामाङ मन्त्री बनेका छन् भने नेकपाबाट सरल सहयात्री, राप्रपाबाट गिरबहादुर तामाङ, राजु विष्ट र राजेन्द्र प्रजापतिलाई मन्त्री नियुक्त गरेका हुन् ।

मन्त्री नियुक्त भएका भरतबहादुर केसीले भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् भने सहयात्रीलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी तोकिएको छ । राप्रपाका तामाङलाई स्वास्थ्य तथा सामाजिक मन्त्रालय, विष्टलाई खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय र प्रजापतिलाई उद्योग पर्यटन श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी तोकिएको छ । ज्ञानबहादुर तामाङ भने विनाविभागीय रहेका छन् ।

बागमती प्रदेशमा प्रदेश स्थापनायता सत्ता समीकरण फेरिरहने क्रम रोकिएको छैन । केन्द्रको राजनीतिक समीकरण बदलिँदा प्रदेश सरकार पनि पटकपटक फेरिने क्रम जारी छ । अहिलेसम्म बागमती प्रदेशले सातौं मुख्यमन्त्री पाएको हो । २०७४ फागुन २९ गते पहिलो मुख्यमन्त्रीमा





एमालेका डोरमणि पौडेल नियुक्त भएका थिए । पौडेल ४१ महिनापछि पार्टीको आन्तरिक कारण सत्ताबाट बाहिरिए । एमाले विभाजन भई नेकपा एकीकृत समाजवादी (नेकपा एस) गठन भएपछि प्रदेशसभामा बहुमत गुमाउँदा डोरमणि पौडेलले राजीनामा दिएका थिए ।

२०७८ भदौमा एमाले विभाजन भएकै दिन बागमती प्रदेशमा मुख्यमन्त्री फेरियो । पौडेलले मुख्यमन्त्री पदबाट राजीनामा दिएलगत्तै भदौ २ गते एमालेकै नेत्री अष्टलक्ष्मी शाक्य मुख्यमन्त्रीमा नियुक्त भइन् । उनले निकै छोटो समय कात्तिक ११ सम्म मात्र प्रदेश सम्हालिन् । एमाले विभाजनपछि प्रदेशसभामा स्पष्ट बहुमत जुटाउन नसकेपछि उनले विश्वासको मत पाउन सकिनन् र कात्तिक ११ मा राजीनामा दिइन् । एमाले विभाजित भएपछि १२ सांसदले नेकपा एस रोजेपछि शाक्य अल्पमतमा परेकी थिइन् । त्यसपछि केन्द्रको सत्ता समीकरण बदलिँदा बागमतीमा माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीको भागमा मुख्यमन्त्री पर्‍यो । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रको समर्थनमा नेकपा एसका नेता राजेन्द्रप्रसाद पाण्डे कात्तिक २ गते नै बागमती प्रदेशका तेस्रो मुख्यमन्त्री बन्न पुगे ।

२०७४-२०७९ सालको पहिलो प्रदेशसभा कार्यकालमा सरकार परिवर्तनको प्रमुख कारण एमाले विभाजन थियो । २०७९ सालको निर्वाचनपछि जनताको नयाँ जनमतका आधारमा सत्ता समीकरण अगाडि बढ्यो । एकल बहुमत कसैको पनि नभएपछि संघीय सरकारको समीकरणअनुसार माओवादी केन्द्र, एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतको तत्कालीन वाम गठबन्धनमा सरकार बन्यो । बागमतीमा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल २०७९ पुस २६ गते पहिलोपटक मुख्यमन्त्री बने ।

बागमती प्रदेशसभामा जम्कट्टेलले ७० सांसदको समर्थनसहित मुख्यमन्त्रीको दाबी पेस गरेका थिए । माघ ३ गते पहिलोपटक विश्वासको मत प्राप्त गर्दा उनलाई कांग्रेससहित माओवादी केन्द्र, एमाले, राप्रपा, नेकपा एस र हाम्रो नेपाली पार्टीका १०५ सांसदको समर्थन थियो । बागमती प्रदेशसभामा ११० सांसद छन् । असाधारण विश्वासको मतका साथ मुख्यमन्त्री बनेका जमरकट्टेलले दुई महिनापछि दोस्रोपटक विश्वासको मत लिनुपर्‍यो । २०७९ फागुन १३ गते राप्रपाले सरकारलाई दिएको १३ सांसदको समर्थन र २०७९ चैत्र १० गते एमालेले सरकारलाई दिएको २७ सांसदको समर्थन फिर्ता लिएपछि जमकट्टेलले दोस्रो पटक चैत १० गते विश्वासको मत लिनुपरेको थियो । दोस्रोपटक विश्वासको मत प्रस्तावमा जमकट्टेलले सदनमा उपस्थित ९१ सांसदमध्ये सातजनाको समर्थन प्राप्त गर्दै सरकारलाई निरन्तरता दिएका थिए । उनको प्रस्तावलाई कांग्रेससहित माओवादी केन्द्र, नेकपा एस, राप्रपा र हाम्रो नेपाली पार्टीको समर्थन थियो । पछि २०८१ असारमा केन्द्रमा कांग्रेस-एमाले गठबन्धन बनेपछि उनी बहुमत गुमाएर पदबाट बाहिरिए ।

जम्कट्टेल बाहिरिएपछि बागमतीमा कांग्रेस र एमालेको समर्थनमा कांग्रेसका बहादुरसिंह लामा २०८१ साउन ९ मा मुख्यमन्त्री बने । तर २०८२ साउन २० गते कांग्रेसभित्रै संसदीय दलको नेतृत्व परिवर्तन भएपछि उनी पनि पदबाट हटे । कांग्रेसभित्रको संसदीय दलको नेताको निर्वाचनमा मत गुमाएपछि उनी मुख्यमन्त्री पदबाट हट्नुपरेको थियो । उनका क्याबिनेटका पाँच मन्त्री नै उनको विपक्षमा उभिएपछि पार्टीभित्र लामा अल्पमतमा परे । त्यसलगत्तै कांग्रेसको संसदीय दलको नेतामा इन्द्रबहादुर बानियाँ निर्वाचित भए । उनी साउन २० गते एमाले र कांग्रेसका ६४ सांसदको समर्थन लिएर मुख्यमन्त्री बनेका थिए । अहिले पनि पार्टीभित्रको केन्द्रको निर्णयअनुसार एमाले र कांग्रेसको सत्ता समीकरण परिवर्तन हुँदा एमालेका किरण थापा सातौं मुख्यमन्त्रीका रूपमा नियुक्त भएका हुन् ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले बागमती प्रदेशसभा संसदीय दलका नेता उद्धव थापालाई निलम्बन गरेको छ । बिहीबार बसेको पार्टी केन्द्रीय कार्यसम्पादन समिति बैठकले यस्तो निर्णय गरेको हो । उनलाई बागमती प्रदेशसभा सदस्य पदबाट समेत पदमुक्त गर्न राप्रपाले सिफारिस गरेको छ ।

'थापाले पार्टीको निर्णय र पटकपटकको निर्देशनविपरीत प्रदेश सरकार गठनमा समर्थन दिने काममा संलग्न भएकाले यस विषयलाई गम्भीर अनुशासन उल्लंघनका रूपमा लिँदै निजलाई केन्द्रीय अनुशासन समितिको सिफारिसमा राप्रपा विधानको धारा ३०(ड) र ३२(ङ) बमोजिम प्रदेशसभा सदस्यबाट पदमुक्त गर्ने, पार्टी सदस्यता निलम्बन गर्ने र उक्त निर्णयको जानकारी बागमती प्रदेशसभा निर्वाचन आयोग र सम्बन्धित अन्य निकायलाई पठाउने निर्णय गरिएको' बिहीबार जारी विज्ञप्तिमा जनाइएको छ । यसैगरी पार्टीको निर्णय र निर्देशनविपरीत सरकार निर्माणको गतिविधिमा संलग्न नहुन पार्टीको बागमती प्रदेशसभा सदस्यलाई राप्रपाले आह्वान गरेको छ । पार्टीको निर्णय र निर्देशनबिना सरकारलाई समर्थन दिने वा सरकारमा सहभागी हुने काममा पार्टीको प्रदेशसभा सदस्य संलग्न भएमा सोहीबमोजिमको कारबाही गरिने निर्णय गरिएको प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

# विशिष्टीकृत उपचार सेवासहित 'सञ्जीवनी'





देवेन्द्र बस्नेत

*दाङ, भदौ ४*

भरपर्दो उपचार सेवा नहुँदा बाहिर रेफर हुनुपर्ने लामो समयदेखिको समस्या झेल्दै आएका दाङबासीमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुने सरकारी निर्णयले दाङ जिल्ला 'स्वास्थ्य हब' बन्ने ठुलो आशा जगायो । यो अपेक्षा साविक राप्तीकै नागरिकमा थियो, तर प्रतिष्ठानले नागरिकको अपेक्षाकृत स्वास्थ्य सेवा प्रवाह गर्न नसकेको गुनासो आमनागरिकबाट कायमै रह्यो, अहिले पनि कायमै छ ।

जिल्लामा विशिष्टीकृत उपचार सेवासहित सञ्चालनमा आएको एउटा नयाँ अस्पताल 'स्वास्थ्य हब' को आधारस्तम्भका रूपमा ठडिएको छ । विशिष्टीकृत सेवासहित सञ्चालनमा आएको सञ्जीवनी टिचिङ हस्पिटल लिमिटेड गम्भीर प्रकृतिका बिरामीको भरपर्दो निदान थलो बनेको छ । जिल्लाका अन्य अस्पतालबाट बाहिर रेफर हुनुपर्ने बिरामी यसै अस्पातालमा रेफर हुँदै आएका छन् । 'हामी कसरी भरपर्दो र विशिष्टीकृत सेवा प्रदान गर्ने भन्ने विषयमा गम्भीर रहँदै आएका छौं', यो हस्पिटलका कार्यकारी प्रमुख दीपक रोकाले भने, 'गम्भीर प्रकृतिका बिरामीलाई पनि हामीले यसै अस्पतालबाट सेवा दिनुपर्छ भन्ने दृढताका साथ त्यो खालको सेवा प्रवाह गरिरहेका छौं, यसैको परिणाम जिल्लाका अन्य अस्पतालबाट रेफर भएका बिरामी हाम्रो अस्पतालमा आइरहनुभएको छ ।'

घोराही उपमहानगरपालिका- ३ बर्गदुवामा २०८२ माघ २८ देखि सञ्चालनमा आएको तीन सय शय्याको यो अस्पतालले विशेषज्ञ सेवासहित विशिष्टीकृत सेवा प्रवाह गर्दै आएको छ । 'जिल्लाका अस्पतालहरूमा विशेषज्ञ सेवा भए पनि विशिष्टीकृत सेवा भने नभएको अवस्था हो', रोकाले भने, 'हामीले यो अस्पतालमा विशिष्टीकृत सेवा सञ्चालनमा ल्याएका छौं ।'

उनका अनुसार विशिष्टीकृत सेवाअन्तर्गत न्युरो सर्जरी, मुत्ररोग (युरोलोजी), मुटुरोग (कार्डियोलोजी) सेवा यो अस्पतालले प्रदान गर्दै आएको छ । यी सेवा जिल्लामा यसअघि थिएनन् । फलतः यस्ता समस्या भएका नागरिकहरूको उपचारका लागि बाहिर रेफर हुनैपर्थ्यो । अत्याधुनिक ल्याबसहित सिटी स्क्यान, महिलाको स्तन क्यान्सर पत्ता लगाउनेलगायत उच्च प्रविधिद्वारा उपचार गर्दै आएको यो अस्पतालका कार्यकारी प्रमुख रोका भन्छन्, 'हामीले सामान्य रोगका बिरामीसँगै जटिल प्रकृतिका बिरामीको समेत उपचार सेवा प्रदान गर्दै आएका छौं, अझ विशेषगरी हामीले यहाँबाट रेफर हुँदै आएका न्युरो, मुत्ररोग, मुटुरोगका जटिल खालका रोगको उपचार सेवा दिइरहेका छौं ।'

गम्भीर प्रकृतिका बिरामीको उपचारलाई प्राथमिकतामा राखेको यो अस्पतालले क्रिटिकल केयरअन्तर्गत मात्रै ६० बेड राखेको छ । रोकाका अनुसार यो सेवाका लागि राखिएको यो बेड संख्या काठमाडौंभन्दा बाहिरका अस्पतालमध्ये सबैभन्दा धेरै हो ।

**गम्भीर प्रकृतिका बिरामीको उपचारलाई प्राथमिकतामा राखेको यो अस्पतालले क्रिटिकल केयरअन्तर्गत मात्रै ६० बेड राखेको छ ।**

६० जना विशेषज्ञ चिकित्सकको व्यवस्थापनसहित सञ्चालनमा आएको यो अस्पतालले आकस्मिक घटनाका घाइतेहरूको उपचारलाई पनि प्राथमिकतामा राखेको छ । कुनै सवारी साधन दुर्घटना भए एकैपटक एक सय ५० जनालाई आपत्कालीन उपचार सेवा दिने ल्याकत यो अस्पतालले राख्छ । यसैगरी यो अस्पतालले साविकको राप्तीमै पहिलोपटक सुविधासम्पन्न शल्यक्रिया सेवा प्रारम्भ गरेको जनाएको छ । 'मोड्युलर ओटी साविक राप्तीमै छैन । यो अति सुविधासम्पन्न शल्यक्रिया सेवा हो', रोका भन्छन्, 'उच्च प्रविधिसहित बिरामीलाई कुनै पनि इन्फेक्सन नहोओस् भनेर यहाँ बिरामीलाई अति सुरक्षित राख्न सकिन्छ ।'

न्युरो, अर्थोपेडिक्स, इनटी, जनरल सर्जरीका लागि १० जना सर्जन डाक्टरहरूको व्यवस्थापन गरेको यो अस्पतालले ब्लड बैंकको समेत व्यवस्थापन अस्पताल हाताभित्रै गरेको छ । 'बिरामीलाई रगत चाहिएपछि रगतका लागि कतिपय मान्छेहरू भौंतारिएको हामीले देखेका, भोगेका छौं', उनले भने, 'तर हामीले रगतका लागि बिरामीलाई समस्या नहोओस् भनेर अस्पतालभित्रै रगत व्यवस्थापन गर्न ब्लड बैंक स्थापनासमेत गरेका छौं ।' विशिष्टीकृत उपचार सेवालाई प्राथमिकतामा राखेको यो अस्पतालले उपचार शुल्कलाई समेत सबै बिरामी अनुकुल हुने गरी निर्धारण गरिएको जनाएको छ ।

अझ विपन्न बिरामीलाई त सहुलियतसमेत दिने गरिएको रोका बताउँछन् । उपचार सेवा शुल्कमा समेत अन्य अस्पतालसरह नै रहेको दाबी यो अस्पतालको छ । उसले अस्पतालमा उपचारका लागि पुग्ने बिरामीको नाम दर्ता निःशुल्क गर्दै आएको क्षेत्री बताउँछन् । 'स्थानीय तह र जिल्ला प्रशासनबाट विपन्न वर्गको सिफारिस लिएर आएमा हामीले यस्ता बिरामीलाई सम्पूर्ण उपचार सेवा निःशुल्क रूपमा दिन्छौं', रोका भन्छन्, 'स्वास्थ्य सेवालाई विपन्न वर्गसम्म पुर्‍याउने हाम्रो लक्ष्य पनि हो ।' टिचिङ हस्पिटलका रूपमा रहेको यो अस्पतालले चिकित्सा शिक्षा पठनपाठनको कार्यक्रमको तयारीसमेत गरिरहेको छ । आगामी शैक्षिक सत्र २०८४ देखि पिसिएल र बिए तहको नर्सिङ तथा फार्मेसी कक्षा सञ्चालन गर्ने भएको छ भने तीन वर्षपछि एमबिबिएस र बिडिएस कक्षासमेत सञ्चालन गर्ने भएको छ । 'तीन सय शय्याको अस्पताल सञ्चालन भएको तीन वर्षपछि मात्रै एमबिबिएस र बिडिएस कक्षा सञ्चालन गर्न पाउने व्यवस्था छ', उनले भने, 'सोही व्यवस्थाअनुसार ती कक्षा आगामी तीन वर्षपछि सञ्चालनमा आउनेछन् ।'

उपचार शुल्कमा समेत सहजता प्रदान गर्दै आएको यो अस्पतालले बिरामीका लागि निःशुल्क यातायात सेवासमेत सञ्चालन गरिरहेको छ । देउखुरी क्षेत्र, तुलसीपुर र घोराही क्षेत्रका बिरामीलाई अस्पतालसम्म पुर्‍याउन निःशुल्करूपमा पालैपालो बस सञ्चालन गरिएको अस्पातालका कार्यकारी प्रमुख रोका बताउँछन् । दाङसहित साविक राप्तीका जिल्लाबाट समेत बिरामीको संख्या यो अस्पतालमा बढ्दै गएको उनी बताउँछन् । स्याङ्जाका खुमप्रसाद अर्याल अध्यक्ष रहेको यो अस्पताल जिल्लामा हुँदै आएको रेफरलाई मध्यनजर गर्दै सञ्चालनमा ल्याइएको थियो । अर्याल, रोकासहितले यो स्तरको अस्पताल सञ्चालनका लागि स्थान पहिचान गरिरहेका थिए । फलतः जिल्लाका बिरामीले विशिष्टीकृत सेवा नपाएका कारण बाहिर रेफर हुनु परिरहेको अवस्था देखिएपछि उनीहरूले दाङलाई अस्पताल सञ्चालनको थलो रोजेका हुन् ।

## दुर्गममै अस्पताल

गणेश विशु

*बाँके, भदौ ४*

राप्तीसोनारीका बासिन्दाका लागि बिरामी हुनु भनेको रोगसँग मात्रै लड्नु थिएन, उपचार पाउनुपर्ने दूरीसँग पनि संघर्ष गर्नु थियो । रातको समयमा कसैलाई स्वास्थ्य समस्या देखियो भने गाउँमा तत्काल उपचारको भरपर्दो विकल्प थिएन । गर्भवती महिलालाई प्रसूति गराउन होस् वा स्थानीयलाई आकस्मिक उपचार चाहिँदा, घन्टौंको यात्रा गरेर कोहलपुर वा नेपालगन्ज पुग्नुपर्ने बाध्यता थियो । यही बाध्यताबिच भदौ १ देखि राप्तीसोनारी- ४ बैजापुरमै अस्पताल सञ्चालनमा आएको छ, जसले दुर्गम गाउँका नागरिकलाई 'बिरामी पर्दा अब कहाँ जाने ?' भन्ने चिन्ताबाट केही हदसम्म मुक्त गराएको छ ।

राप्तीसोनारी भौगोलिक रूपमा ठुलो क्षेत्र भएकाले सबै बस्तीबाट स्वास्थ्य संस्था पुग्न सहज छैन । आर्थिक अवस्था कमजोर भएका परिवारका लागि उपचार खर्चसँगै यात्रा खर्च थपिन्थ्यो । कतिपयले यही कारण स्वास्थ्य समस्या बढिसकेपछि मात्रै अस्पताल पुग्ने अवस्था पनि थियो । स्थानीय तहमा अस्पताल स्थापना भएपछि प्रारम्भिक उपचार सहज हुने र गम्भीर बिरामीलाई मात्र बाहिर पठाउन सकिने अपेक्षा गरिएको छ । गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलका अनुसार अस्पताल सञ्चालनको मुख्य उद्देश्य नागरिकलाई आधारभूत स्वास्थ्य सेवाका लागि टाढा जानुपर्ने अवस्था अन्त्य गर्नु हो । उनका अनुसार अस्पताललाई विस्तारै आवश्यक जनशक्ति, उपकरण र सेवासहित व्यवस्थित बनाउने योजना छ ।

'अस्पताल सञ्चालन गर्नु पहिलो चरण हो । यसलाई प्रभावकारी स्वास्थ्य सेवा दिने संस्थाका रूपमा विकास गर्नुपर्नेछ', पौडेल भन्छन्, 'अहिले केही जनशक्ति अभाव छ । आवश्यकता हेरेर क्रमशः जनशक्ति थप्दै जाने छौं ।' अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तथा वडा नं ४ का अध्यक्ष मिनराज खड्का पनि अस्पतालले स्थानीयको लामो समयदेखिको आवश्यकता सम्बोधन गरेको बताउँछन् । उनका अनुसार सेवा सुरु भएसँगै नागरिकको अपेक्षा पनि बढेको छ । त्यसैले उपलब्ध सेवाको गुणस्तर कायम गर्दै थप उपचार सुविधा ल्याउनुपर्ने आवश्यकता छ ।

अस्पतालको अर्को महत्त्वपूर्ण तयारी प्रसूति सेवासँग जोडिएको छ । आगामी असोजदेखि प्रसूतिको शल्यक्रियालगायत केही शल्यक्रिया सेवा सञ्चालन गर्ने तयारी भइरहेको छ । यसका लागि भेरी अस्पतालसँग सहकार्य गरिने भएको छ । भेरी अस्पतालका विशेषज्ञ चिकित्सकलाई मासिक रूपमा राप्तीसोनारीमा ल्याएर विशेषज्ञ सेवा दिने तयारीसमेत गरिएको छ । यसले ग्रामीण क्षेत्रका महिलालाई प्रसूति उपचारका लागि टाढा जानुपर्ने अवस्थालाई कम गर्न सक्ने अपेक्षा छ । विशेषगरी आकस्मिक प्रसूति अवस्था आउँदा समयमै स्वास्थ्य संस्थामा पुग्नु महत्त्वपूर्ण हुने भएकाले स्थानीयस्तरमै सेवा विस्तारलाई नागरिकले सकारात्मक रूपमा लिएका छन् ।

स्थानीय महिला विन्दु थारू भन्छिन्, 'गर्भवती हुँदा नियमित जाँचका लागि पनि टाढा जानुपर्ने अवस्था थियो । शल्यक्रिया गर्नुपर्ने भए झन् ठूलो समस्या हुन्थ्यो । अब गाउँमै सेवा थपिँदै गए महिलालाई धेरै सहज हुनेछ ।' अस्पतालमा बालबालिकाको उपचार सेवा सुरु हुनु पनि अभिभावकका लागि राहतको विषय बनेको छ । बालबालिका बिरामी हुँदा सामान्य अवस्थामै टाढाको अस्पताल लैजानुपर्ने बाध्यता कम हुने उनीहरूको अपेक्षा छ, तर अस्पताल सञ्चालनसँगै चुनौती पनि कम छैनन् । पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, उपकरण, औषधि तथा भौतिक पूर्वाधारको व्यवस्थापन गर्नुपर्नेछ । सेवा विस्तारसँगै बिरामीको चाप बढ्ने भएकाले त्यसअनुसार जनशक्ति र स्रोतसाधन जुटाउनुपर्ने देखिन्छ । गाउँपालिका भने अस्पताललाई विस्तारै पूर्ण क्षमतामा सञ्चालन गर्ने तयारीमा छ । स्थानीयको आवश्यकता र मागअनुसार सेवा थप्दै जाने योजना रहेको अध्यक्ष पौडेल बताउँछन् ।

राप्तीसोनारीमा अस्पताल सञ्चालन भएको केही समय मात्रै भएको छ । अहिले सेवा प्रारम्भिक चरणमा छ, तर वर्षौंदेखि स्वास्थ्योपचारका लागि बाहिर निर्भर रहँदै आएका नागरिकका लागि यसको सुरुवात नै महत्त्वपूर्ण परिवर्तन हो । अब अस्पतालले स्थानीयको विश्वासलाई सेवा र गुणस्तरमा बदल्नुपर्नेछ । चौबीसै घन्टाको सेवा, प्रसूति तथा बाल उपचारबाट सुरु भएको यात्रा विशेषज्ञ सेवा र शल्यक्रियासम्म विस्तार हुने तयारीमा छ । योजना कार्यान्वयन हुँदै गए र आवश्यक जनशक्ति तथा उपकरण थपिँदै गए राप्तीसोनारी अस्पताल दुर्गम क्षेत्रका नागरिकका लागि उपचारको भरपर्दो केन्द्र बन्न सक्नेछ । गाउँमै अस्पताल खुलेपछि स्थानीयको अपेक्षा एउटै छ, 'बिरामी पर्दा उपचार खोज्दै टाढा जान नपरोस् ।' अहिले सुरु भएको सेवा त्यही अपेक्षा पूरा गर्ने दिशातर्फको पहिलो पाइला बनेको छ ।

## कैलालीमा दुई लाख घुस माग्ने पक्राउ

धनगढी, भदौ ४ (नागरिक)- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कञ्चनपुरले गौरीगंगा नगरपालिका- ४ स्थित कालिका माध्यमिक विद्यालय व्यवस्थापन समितिका सदस्य देवबहादुर बमलाई दुई लाख घुस लिन लागेको अवस्थामा रंगेहात पक्राउ गरेको छ । विद्यालयका कर्मचारीको पारिश्रमिक बढाइदिने भन्दै दुई लाख घुस लिने क्रममा उनी बिहीबार दिउँसो रंगेहात पक्राउ परेका हुन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कञ्चनपुरका सूचना अधिकारी चेतराज भट्टले स्टि्रङ अप्रेसन गरेर घुस लिन लाग्दा दुई लाख नगदसहित बमलाई रंगे हात समातेको बताएका छन् । 'कर्मचारीको पारिश्रमिक बढाइदिने भनेर घुस मागेकोमा स्टि्रङ अप्रेसनमा रंगेहात विद्यालय व्यवस्थापन समिति सदस्यलाई नियन्त्रणमा लिइएको हो', उनले भने ।

सेवासुविधा र पारिश्रमिक वृद्धि गरिदिन दुई लाख घुस मागेको उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान कञ्चनपुरबाट खटिएको टोलीले बमलाई समातेको उनले बताए । घटनास्थलको मुचुल्का गरेर हिरासतमा राखी थप अनुसन्धान गरिने उनको भनाइ छ । विद्यालयजस्तो पवित्र संस्थामा दुई लाख घुससहित रंगेहात पक्राउ पर्नुले विद्यालयमा हुने अनियमितताको कुरूप पाटो सतहमा आएको छ ।

## सिमराका डिएसपी क्षेत्री तानिए मुख्यालय



नागरिक संवाददाता

*बारा, भदौ ४*

सिमराका तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनामा इलाका प्रहरी कार्यालय सिमराका नायब उपरीक्षक दीलिप क्षेत्रीलाई जिम्मेवारीबाट हटाइएको छ । क्षेत्रीलाई निलम्बनको माग गर्दै पीडित परिवार र स्थानीयले बिहीबार इलाका प्रहरी कार्यालय घेराउ गरी प्रदर्शन गरेका थिए । प्रदर्शनलाई सामान्य बनाउन उनलाई मुख्यालय तानिएको बताइएको छ ।

डिएसपी क्षेत्रीको स्थानमा प्रहरी महानिरीक्षकको सचिवालयमा कार्यरत डिएसपी दयाकृष्ण भट्टलाई इलाका प्रहरी कार्यालय सिमराको प्रमुखका रूपमा पठाइएको प्रहरी स्रोतले जनाएको छ । घटना अनुसन्धानलाई प्रभावकारी बनाउँदै दोषीलाई कानुनी दायरामा ल्याउन प्रहरीमाथि दबाब बढिरहेका बेला डिएसपी तानिएका हुन् ।

मधेस प्रदेश प्रहरी प्रमुख डिआइजी ओम अधिकारीले सिमराका डिएसपी क्षेत्रीलाई प्रहरी प्रधान कार्यालयले फिर्ता बोलाउने निर्णय गरेको बताएका छन् । जितपुरसिमरा उपमहानगरपालिका- १ की तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि क्रूर हत्या भएको विरोधमा बिहीबार बारा र पर्साका विभिन्न सहरहरू दिनभर अशान्त बनेका थिए । घटनाको विरोधमा आक्रोशित स्थानीय बासिन्दा र पीडित पक्षले गरेको आन्दोलनका कारण देशकै प्रमुख व्यापारिक 'लाइफलाइन' मानिने वीरगन्ज-पथलैया सडकखण्ड बिहीबार दोस्रो दिन पनि पूर्ण रूपमा ठप्प पारे ।

सडक खुलाउन र उत्पन्न तनाव कम गर्न जिल्ला प्रशासन कार्यालय बाराले दिनभर वार्ताको प्रयास गरे पनि आन्दोलनरत पक्ष र प्रशासनबिच कुनै सहमति जुट्न सकेको छैन । बिहीबार बिहानैदेखि पीडित परिवार, आफन्त र स्थानीय बासिन्दा न्यायको माग गर्दै सडकमा ओर्लिएका थिए ।

जसमा जानेको छु भन्ने घमण्ड छ, उसले केही जानेकै हुँदैन।
–उपनिषद्

# सैद्धान्तिक होइन अब व्यावहारिक शिक्षा

विद्यालय शिक्षाको गुणस्तर सुधारको बहसको केन्द्रमा पाठ्यक्रम परिवर्तन रहँदै आएको छ। समय, समाज, प्रविधि र रोजगारीका आवश्यकता परिवर्तन हुँदै जाँदा पाठ्यक्रम पनि समयसापेक्ष परिमार्जन हुनु स्वाभाविक हो। यही आवश्यकता महसुस गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ पुनरवलोकनको प्रक्रिया अघि बढाएको छ। सबै पक्षलाई यसमा योगदान गर्न आह्वान पनि गरेको छ। जुन सह्रानीय छ। केन्द्रले अबको पाठ्यक्रमलाई कक्षाकोठाको शिक्षण-सिकाइ उपलब्धिमूलक र विद्यार्थी केन्द्रित बनाउने लक्ष्य राख्नुलाई सकारात्मक मान्न सकिन्छ। तर विगतको अनुभव हेर्दा चुनौती पाठ्यक्रम बनाउनेभन्दा बढी त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेमा देखिन्छ।

परम्परागत रूपमा नेपालको विद्यालय शिक्षा धेरै हदसम्म पाठ्यपुस्तक, शिक्षकको व्याख्या र परीक्षाको नतिजामा केन्द्रित रहँदै आएको छ। विद्यार्थीले कति कुरा बुझे, सिकेका ज्ञानलाई व्यवहारमा कसरी प्रयोग गर्न सक्छन्, समस्या समाधान गर्ने क्षमता कति विकास भयो भन्ने विषय ओझेलमा पर्ने गरेका छन्। त्यसैले नयाँ पाठ्यक्रमको केन्द्रमा 'सिकाइ'लाई राख्नु आवश्यक छ। सिकाइकेन्द्रित पाठ्यक्रमको मूल मान्यता नै विद्यार्थी ज्ञान ग्रहण गर्ने निष्क्रिय पात्र होइनन्, उनीहरू आफैं सिकाइ प्रक्रियाका सक्रिय सहभागी हुन् भन्ने हो। यस्तो शिक्षण पद्धतिमा शिक्षक केवल सूचना दिने व्यक्ति नभई सिकाइ सहजीकरण गर्ने मार्गदर्शक हुन्। विद्यार्थीले प्रश्न गर्ने, छलफल गर्ने, प्रयोग गर्ने, अनुसन्धान गर्ने र आफ्नै अनुभवबाट ज्ञान निर्माण गर्ने अवसर पाउनुपर्छ।

विश्वव्यापी रूपमा शिक्षाको उद्देश्य सूचना स्मरण गर्ने जनशक्ति उत्पादन गर्नु मात्र होइन। सिर्जनशील सोच, आलोचनात्मक विश्लेषण, सञ्चार क्षमता, सहकार्य, डिजिटल सिप, वातावरणीय चेतना र जीवनोपयोगी सिप भएका नागरिक तयार गर्नु आधुनिक शिक्षाको लक्ष्य बनेको छ। नेपालले पनि नयाँ पाठ्यक्रममा सूचना प्रविधि, उद्यमशीलता, जीवनोपयोगी सिप र स्थानीय आवश्यकतालाई समेट्ने तयारी गरेको छ। यो पहलले विद्यालय शिक्षालाई समयको मागसँग जोड्न सक्छ। तर पाठ्यक्रममा राम्रा कुरा लेखिँदैमा मात्र शिक्षा सुधार हुँदैन। नेपालको सबैभन्दा ठुलो समस्या कार्यान्वयन पक्ष हो। विगतमा पनि धेरैपटक नयाँ पाठ्यक्रम ल्याइए तर शिक्षकलाई आवश्यक तालिम, स्रोतसाधन र मूल्यांकन प्रणालीमा समान सुधार हुन सकेन। परिणामस्वरूप पाठ्यक्रम परिवर्तन भए पनि कक्षाकोठाको अभ्यास पुरानै शैलीमा चलिरह्यो।

> परीक्षा केन्द्रित शिक्षाले विद्यार्थीलाई अंकका लागि पढ्न प्रेरित गर्छ। सिकाइको वास्तविक उपलब्धि मापन गर्न निरन्तर मूल्यांकन, प्रयोगात्मक अभ्यास, परियोजना कार्य र व्यावहारिक सिपलाई महत्त्व दिनुपर्छ। विद्यार्थीले कति सम्झिए भन्नेभन्दा उनीहरूले के गर्न सक्छन् भन्ने प्रश्न महत्त्वपूर्ण हो।

सिकाइकेन्द्रित पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकलाई केन्द्रमा राख्नुपर्छ। शिक्षक तयार नभएसम्म कुनै पनि पाठ्यक्रम प्रभावकारी हुन सक्दैन। त्यसैले शिक्षक तालिम केवल पाठ्यक्रमका विषयवस्तु बुझाउने औपचारिक कार्यक्रममा सीमित हुनु हुँदैन। विद्यार्थीको क्षमता पहिचान गर्ने, परियोजनामूलक सिकाइ सञ्चालन गर्ने, प्रविधिको प्रयोग गर्ने र सिर्जनात्मक मूल्यांकन गर्ने सिप विकास यस सन्दर्भमा उत्तिकै महत्त्वपूर्ण रहन्छन्। त्यस्तै, हाम्रो मूल्यांकन र परीक्षा प्रणालीमा पनि सुधार आवश्यक छ। परीक्षा केन्द्रित शिक्षाले विद्यार्थीलाई अंकका लागि पढ्न प्रेरित गर्छ। सिकाइको वास्तविक उपलब्धि मापन गर्न निरन्तर मूल्यांकन, प्रयोगात्मक अभ्यास, परियोजना कार्य र व्यावहारिक सिपलाई महत्त्व दिनुपर्छ। विद्यार्थीले कति सम्झिए भन्नेभन्दा उनीहरूले के गर्न सक्छन् भन्ने प्रश्न महत्त्वपूर्ण हो।


पाठ्यक्रम विकास केन्द्रले सामाजिक परिवर्तन, नयाँ राजनीतिक परिवेश, स्थानीय भाषा र विशेष आवश्यकता भएका बालबालिकालाई समेट्ने गरी प्रारूप पुनरवलोकन गर्नु सकारात्मक कुरा हो। मातृभाषा र स्थानीय ज्ञानलाई स्थान दिनु संघीय संरचनाअनुसार पनि उत्तिकै आवश्यक छ। विविधता भएको नेपाली समाजमा एउटै ढाँचाको शिक्षा सबैका लागि पर्याप्त हुन सक्दैन। हाल कार्यान्वयनमा रहेको दुई दिने बिदा, विद्यालय सञ्चालन समय र क्रेडिट आवर व्यवस्थापनजस्ता विषय पनि पाठ्यक्रमसँग जोडिएका व्यावहारिक प्रश्न हुन्। यस्ता संरचनागत परिवर्तन गर्दा मुख्य उद्देश्य विद्यार्थीको सिकाइ समय र गुणस्तर घट्नु हुँदैन। विद्यालय समय व्यवस्थापनभन्दा पनि उपलब्ध समय कति प्रभावकारी रूपमा प्रयोग हुन्छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ।

अबको पाठ्यक्रमले विद्यार्थीलाई केवल जागिर खोज्ने होइन, बदलिँदो संसारमा आफूलाई अनुकूल बनाउन सक्ने नागरिक बनाउने लक्ष्य लिनुपर्छ। त्यसका लागि पाठ्यक्रम परिवर्तनसँगै विद्यालय संस्कृति, शिक्षकको भूमिका, मूल्यांकन प्रणाली र शैक्षिक वातावरणमा पनि सुधार आवश्यक छ। नेपालको शिक्षा सुधारको यात्रा कागजमा लेखिएको पाठ्यपुस्तकबाट होइन, कक्षाकोठामा भएको वास्तविक सिकाइबाट मापन हुनेछ। त्यसैले आगामी पाठ्यक्रम पुनरवलोकन केवल दस्तावेज संशोधनमा सीमित नभई विद्यालयभित्र सिक्ने र सिकाउने संस्कृतिको पुनर्निर्माण गर्ने अवसर बन्नुपर्छ। सैद्धान्तिक होइन, व्यावहारिक शिक्षामा जोड दिनुपर्छ।



नम्रता शर्मा

# भर्चुअल उत्पीडनमा दण्डहीनता




**डिजिटल मिडिया मानिसको दैनिक जीवनको अभिन्न हिस्सा बन्दै जाँदा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र गोपनीयताको अधिकारको संरक्षण झन् चुनौतीपूर्ण बन्दै गएको छ।**

किशोर श्रेष्ठ लामो समयदेखि नेपालका सम्मानित पत्रकारका रूपमा परिचित छन्। वास्तवमा, सन् १९९० को दशकको सुरुवाती समयमा नेपाल पत्रकार महासंघले वीरगन्जमा पत्रकार आचारसंहितासम्बन्धी पहिलो छलफल आयोजना गर्दा नेपाली पत्रकारका लागि कस्तो आचारसंहिता हुनुपर्छ भन्ने विषयमा हामीसँगै लामो समयसम्म छलफल गरेको मलाई सम्झना छ। तर, उनै किशोर श्रेष्ठ पछिल्लो समय विभिन्न विवादमा मुछिएका छन्। विशेषगरी उनले सम्पादन तथा प्रकाशनसँग जोडिएको 'जनआस्था'मा प्रकाशित सामग्रीका सम्बन्धमा पत्रकार आचारसंहिताका विभिन्न पक्ष उल्लंघन गरेको आरोप उनीमाथि लागेको छ। जनआस्थाविरुद्ध गोपनीयताको अधिकार उल्लंघनसम्बन्धी विभिन्न मुद्दासमेत रहेका छन्।

यस्ता धेरै घटनामध्ये श्रीशा कार्कीको घटना र हाल प्रतिनिधिसभाकी उपसभामुख रुबीकुमारी ठाकुरसँग सम्बन्धित, जनआस्थाले सार्वजनिक गरेका प्रसंगले गोपनीयताको अधिकार र प्रेस स्वतन्त्रतासम्बन्धी गम्भीर प्रश्न उठाएका छन्। अमेरिकी उखानमा भनिएझैं यी दुई घटनाले अन्य धेरै घटनासँगै 'क्यान अफ वर्म्स' अर्थात् जटिल र गम्भीर प्रश्नहरूको ढोका खोलेका छन्, जसको प्रभाव र असर देशभर फैलिरहेको छ। अब प्रेस स्वतन्त्रताको अधिकार र व्यक्तिको गोपनीयताको अधिकारबिचको सीमारेखा स्पष्ट रूपमा कोर्न आवश्यक छ, ताकि नीतिनिर्माता होऊन् वा अन्य कुनै पेसाकर्मी, आफूले खोजेको जुनसुकै फाइदाका लागि पनि कसैले त्यो सीमा ननाघोस्।

किशोर श्रेष्ठको गिरफ्तारी र रिहाइसँग सम्बन्धित पछिल्लो घटना यस देशमा प्रेस स्वतन्त्रतासँग जोडिएको एउटा महत्त्वपूर्ण प्रसंग हो। सर्वोच्च अदालतको निर्णयलाई प्रेस स्वतन्त्रताको संरक्षणका रूपमा प्रशंसा गरिँदै गर्दा अधिकारकर्मीहरूले अर्को प्रश्न पनि उठाइरहेका छन्- श्रीशा कार्की र रुबी ठाकुरजस्तै शारीरिक तथा भर्चुअल उत्पीडन भोगिरहेका र निरन्तर भोग्न बाध्य सयौं बालिका तथा महिलाले कहिले न्याय पाउने ?

श्रीशा कार्कीको सन्दर्भमा, उनको निजी जीवनसँग सम्बन्धित विषयहरू जनआस्थामा प्रकाशित गरिनुले अन्ततः उनको मृत्यु निम्त्याउने परिस्थितिमा योगदान पुर्‍यायो। यस घटनापछि यस विषयमा विभिन्न समाचार तथा लेखहरू पनि प्रकाशित भए। २०५९ सालमा मञ्जु थापाले कान्तिपुरमा प्रकाशित गरेका दुई लेखले उदीयमान अभिनेत्री श्रीशा आफ्नो क्षेत्रका मानिसहरू तथा नेपाल प्रहरीका केही व्यक्तिसमेतबाट पीडित बनेको स्पष्ट प्रमाण प्रस्तुत गर्छन्।

किशोर श्रेष्ठ जनआस्थासँग आबद्ध रहेको अवस्थामा जिम्मेवार पत्रकारिताको अर्थ यस घटनाको वरिपरि भएका आपराधिक गतिविधिमाथि अनुसन्धान गर्नु र एक असुरक्षित तथा उदीयमान अभिनेत्रीमाथि भएका गलत कार्यका दोषीलाई जवाफदेही बनाउनु हुन्थ्यो। दुर्भाग्यवश, स्थापित सञ्चारमाध्यम जनआस्थाले त्यसको ठिक विपरीत बाटो रोज्यो, जसले अन्ततः ती अभिनेत्रीको दुःखद मृत्युमा पुग्ने परिस्थितिलाई बल पुर्‍यायो।

सूचना प्रविधिको दुरुपयोग गर्ने बढ्दो प्रवृत्तिले बिस्तारै व्यावसायिक पत्रकारिताको अस्तित्वमाथि नै खतरा सिर्जना गर्न थालेको छ। दुर्भाग्यवश, पुराना र नयाँ दुवै माध्यमको अस्तित्वको संघर्ष जारी रहँदा सूचना प्रवाह र मानिसहरूले त्यसलाई बुझ्ने तथा ग्रहण गर्ने तरिका यति तीव्र रूपमा परिवर्तन भइरहेको छ कि सत्य र असत्य समाचार छुट्याउन कहिलेकाहीं लगभग असम्भव बन्न थालेको छ। डिजिटल मिडिया मानिसहरूको दैनिक जीवनको अभिन्न हिस्सा बन्दै जाँदा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र गोपनीयताको अधिकारको संरक्षण झन् चुनौतीपूर्ण बन्दै गएको छ।

पत्रकारिताको मुख्य उद्देश्य सत्य सूचना खोजी गरेर जनतासम्म पुर्‍याउनु हो, ताकि मानिसहरू सूचित रहन सकून्। तर विभिन्न डिजिटल प्लेटफर्मको आगमन र तीव्र विस्तारसँगै अहिले समाचार र सूचना व्यावसायिक पत्रकार तथा सञ्चारगृहबाट मात्र होइन, इन्टरनेटमा पहुँच भएका लगभग सबै व्यक्तिबाट प्रवाहित हुन थालेका छन्। यसले शक्तिशाली व्यक्तिहरूलाई आफ्ना अजेन्डा फैलाउने अवसर दिएको छ भने निश्चित विचार र धारणा प्रवर्धन गर्न पैसा लिएर काम गर्ने इन्टरनेटमा सक्रिय व्यक्तिहरूलाई जनमत प्रभावित गर्ने माध्यम पनि उपलब्ध गराएको छ।

> एआईको प्रयोग गरी महिलालाई विभिन्न व्यक्तिसँग जोडेर अशोभनीय तथा अन्तरंग अवस्थाका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति बढ्दै गएको छ। यसको उद्देश्य उनीहरूलाई निरुत्साहित गर्नु मात्र होइन, उनीहरूले अँगालेका सिद्धान्त र मूल्यप्रति विरोध प्रदर्शन गर्नु पनि देखिन्छ।

डिजिटल प्रविधिको प्रयोग अहिले मानिसहरूविरुद्ध प्रतिशोध लिनका लागि पनि हुन थालेको छ, चाहे ती नीतिनिर्माता हुन् वा सामान्य नागरिक। महिलाहरूको सन्दर्भमा, विशेषगरी आफ्नो पेसा वा करियरमा अगाडि बढेका र आफ्नो समुदायमा उल्लेखनीय काम गरेका महिलाहरू प्रायः उत्पीडनको निसाना बन्ने गरेका छन्। एआईको प्रयोग गरी महिलालाई विभिन्न व्यक्तिसँग जोडेर अशोभनीय तथा अन्तरंग अवस्थाका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति बढ्दै गएको छ। यसको उद्देश्य उनीहरूलाई निरुत्साहित गर्नु मात्र होइन, उनीहरूले अँगालेका सिद्धान्त र मूल्यप्रति विरोध प्रदर्शन गर्नु पनि देखिन्छ।

यसले सूचना प्रवाहलाई झन् खतरनाक बनाएको छ। पूर्ण रूपमा झुटा भए पनि वास्तविकजस्ता देखिने समाचार र तस्बिर बनाउन एआईको प्रयोगले मिथ्या सूचना र भ्रामक सूचना फैलाउन सहयोग पुर्‍याएको छ, जसका विभिन्न नकारात्मक परिणाम देखिन थालेका छन्। यसले व्यक्तिको मानसिक तथा शारीरिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ र जनमत तथा सार्वजनिक निर्णयमा ठुलो उतारचढावसमेत ल्याउन सक्छ।

पत्रकारिता क्षेत्रले पत्रकारका अधिकारको समर्थन गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निरन्तर आवाज उठाउँदै आएको छ तर अब प्रेस स्वतन्त्रतामा अतिक्रमण नगरी व्यक्तिका व्यक्तिगत अधिकारको संरक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा पनि गम्भीर रूपमा सोच्ने समय आएको छ।

पत्रकारमाथि आक्रमण हुनु तथा पत्रकार र फोटो पत्रकारका उपकरण जफत गरिनु देशको लोकतन्त्रका लागि प्रतिकूल कार्य हुन्। तर सञ्चारमाध्यमको सस्तो लोकप्रियताका लागि व्यक्तिमाथि, विशेषगरी महिलामाथि, आक्रमण गर्नु वास्तवमा पत्रकारिताका आधारभूत सिद्धान्त र सूचनाको स्वतन्त्र प्रवाहविपरीत हो। यसका लागि सन्तुलन आवश्यक छ, जुन शासन प्रणाली र सूचना प्रवाहका सबै पक्षमा उचित नियन्त्रण तथा सन्तुलन कायम गरेर हासिल गर्न सकिन्छ।

सार्वजनिक पदमा रहेका व्यक्तिहरू जनताप्रति जवाफदेही हुन्छन् र सूचनाको हकसम्बन्धी कानुनअनुसार आवश्यक सूचना उपलब्ध गराउनुपर्छ। तर कुनै व्यक्तिको निजी जानकारी खोज्ने क्रममा एउटा प्रश्न अनिवार्य रूपमा उठाउनुपर्छ- त्यो जानकारी जनताका लागि कति उपयोगी छ ? अथवा त्यसले कुनै निश्चित स्वार्थ समूहको स्वार्थ पूरा गर्न पीडित र बाँचेकाहरूलाई ध्वस्त पार्ने काम मात्र गरिरहेको छ ?

यसको उद्देश्य सस्तो लोकप्रियता कमाउनु र व्यक्तिको जीवन ध्वस्त पार्नु हो, विशेषगरी महिलाहरूलाई निशाना बनाउनु हो भने यसलाई आपराधिक गतिविधिका रूपमा हेर्नुपर्छ। नेपाल सरकारसँग नागरिकको संरक्षणका लागि विभिन्न कानुनी व्यवस्था छन् र बालिका तथा महिलाको सुरक्षाका लागि विशेष प्रावधानसमेत रहेका छन्। तर कार्यपालिका र न्यायपालिका दुवैलाई प्रायः शक्तिशालीको संरक्षणमा केन्द्रित भएको देखिँदा सबैभन्दा कमजोर र जोखिममा रहेका व्यक्तिहरूको संरक्षण गर्न केले रोकेको छ भन्ने प्रश्न उठ्नु स्वाभाविक छ।

आजको संसारमा सूचनामा पहुँच अत्यन्त सहज बनेको छ भने हानिकारक सूचनाको प्रवाह पनि उत्तिकै सजिलो भएको छ। त्यसैले प्रेस स्वतन्त्रताको संरक्षण गर्दै, विशेषगरी बालिका र महिलामाथि भर्चुअल माध्यममार्फत हुने चरित्रहत्या र अपमानको संस्कृतिलाई कसरी अन्त्य गर्ने भन्ने विषयमा तत्काल राष्ट्रियस्तरको अभियान सञ्चालन गर्न आवश्यक छ।

हरेक दिन विभिन्न सामाजिक सञ्जाल प्लेटफर्ममा एआईबाट सिर्जित अशोभनीय तस्बिरहरू प्रसारित भइरहेका छन्, जसले नैतिक सूचना प्रवाहका सिद्धान्तको उल्लंघन गर्छन्। लैंगिक हिंसाका पीडित तथा प्रभावितमाथि हुने दण्डहीनताको संस्कृति, विशेषगरी मानिसको निजी विषय सार्वजनिक गर्ने प्रवृत्ति र यसमा पनि बालिका तथा महिलालाई बढी निसाना बनाउने कार्यलाई अन्त्य गर्नुपर्छ। यो सिद्धान्त अनलाइन माध्यमबाट हुने उल्लंघनका घटनामा पनि समान रूपमा लागु हुनुपर्छ।

प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रका महत्त्वपूर्ण आधारस्तम्भ हुन्। तर यी स्वतन्त्रता कसैको गोपनीयतामाथि हस्तक्षेप गर्ने, उसको मर्यादा र प्रतिष्ठा ध्वस्त पार्ने वा भर्चुअल उत्पीडनलाई दण्डहीनतासहित निरन्तरता दिने बहाना बन्न सक्दैनन्। अब सूचना दिने स्वतन्त्रता कसैलाई हानि पुर्‍याउने स्वतन्त्रतामा परिणत नहोस् भन्ने सुनिश्चित गर्ने समय आएको छ।

# कांग्रेस : बाटो बिरायो कि बिथोलियो ?



चरण प्रसाई

मानिसको मन, वचन र कर्म जबसम्म स्पष्ट एवं भ्रमहीन रहन्छ, तबसम्म उसको नियत सफासुग्घर रहन्छ। जब नियत बिग्रन्छ, वचन र काममा भ्रमको कुहिरो लाग्न थाल्छ (सिके प्रसाईंका विचारहरूबाट)।


'म हिन्दु हुँ ! म हिन्दु हुँ ! म हिन्दु हुँ !' (चर्को स्वरमा) नेपाली कांग्रेसको इतरपक्षीय भेलामा (२०८३ साउन ३१) पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको घोषणा हो यो। पाँचचोटि प्रधानमन्त्री भइसकेका व्यक्तिले अमुक धर्मप्रति आफ्नो पहिचान जोडे। उपस्थित 'हिन्दुराष्ट्र' पक्षधरका भनाइ मानेर बोलेको बताए। अचानक पहिलो पटक व्यक्तिगत उपमा दिएर सनातन राष्ट्रको पहिचानको पक्षमा किन उभिए ? खुल्दै जाला।

धर्म आस्थाको विषय हो। राजनीतिक विचारमा विश्वास राख्न पाउने अधिकारसरह व्यक्तिको धार्मिक आस्था पनि हुन्छ। यसको प्रत्याभूति मानव अधिकारको विश्वव्यापी सिद्धान्त तथा नेपालको संविधानको 'धार्मिक स्वतन्त्रताको मौलिक हक'ले गरेको छ। प्रत्येक व्यक्ति आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्न स्वतन्त्र हुन्छन्। चाहे त्यो हिन्दु, बुद्धिस्ट, इस्लाम, क्रिश्चियन, किरात, प्रकृति वा अन्य कुनै समुदायको अति अल्पसंख्यक वर्गका धर्म नै किन नहुन्।

सन् १९९५ मा देउवा नेतृत्वको सरकारले शान्तिपूर्ण धार्मिक गतिविधिमा लागेका व्यक्तिलाई पक्राउ गरेबाट 'आस्थाका बन्दी' बने। इलाममा ११ जना युवा क्रिश्चियन धर्मका क्रियाकलापमा संलग्न भएबाट सरकारले पक्राउ गरी मुद्दा चलायो। एम्नेस्टी इन्टरनेसनलले यिनलाई 'आस्थाका बन्दी' मान्यो र बिनासर्त रिहाइको माग गर्दै विश्वव्यापी अभियान चलायो। विश्वभरका एम्नेस्टी कार्यकर्ता र शुभचिन्तकका दबाब झेल्न नसकेर तिनलाई रिहाइ गर्न सरकार बाध्य भएको थियो।

निर्दलीय पञ्चायतमा बहुदलको शान्तिपूर्ण माग राखेर राजनीतिमा लागेका राजनेता र कार्यकर्तालाई एम्नेस्टीले 'आस्थाका बन्दी' घोषणा गर्‍यो। बहुदलीय व्यवस्थाको पुनर्स्थापनाका गतिविधि चलाएबाट तिनले जेल जीवन भोगे। बेलायत 'हेडक्वाटर' रहेको एम्नेस्टीले यी बन्दीको बिनासर्त रिहाइको माग गर्दै विश्वव्यापी पत्राचारको अभियान चलायो। कृष्णप्रसाद भट्टराई, राधाकृष्ण मैनाली (चेर्नाभिल पाउडर दुधकाण्डमा), मार्सलजुलुम शाक्य यसका उदाहरण हुन्। राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा विद्यार्थी नेता गगन थापा र ठाकुर गैरे आस्थाका बन्दी बने। तर बिपी कोइरालाले लामो कारागारको जीवन बिताए पनि उनी 'राजबन्दी' भए तर आस्थाको बन्दीको पहिचान भने पाएनन्, सशस्त्र क्रान्तिको घोषणा गरेबाट।

खुला समाजमा हरेक व्यक्तिको धार्मिक आस्थाको रक्षा र सम्मान गर्ने राज्य तथा समाजको कर्तव्य हो। धार्मिक बहु वा अल्पसंख्यकको गणनाका आधारमा राज्यले व्यवहार गर्न मिल्दैन। समानताको हक र धार्मिक स्वतन्त्रताविरुद्ध जाने कसैलाई छुट हुँदैन। विश्वव्यापी मानव अधिकार सिद्धान्त हो यो। 'हिन्दु राष्ट्र' मान्ने/नमान्ने जनताको हात हुनेछ भन्ने देउवाको भनाइ मानव अधिकारको विश्वव्यापी मान्यतासँग मेल खाँदैन किनभने आस्थालाई जनमतको कसीमा राख्न मिल्दैन।




परस्पर सम्मान र सहिष्णुता लोकतान्त्रिक संस्कार हो। नेपाली इतिहासमा धार्मिक कट्टरताबाट समाज क्षेप-विक्षेप भएको इतिहास भेटिँदैन। तथापि धर्मका आडमा समाजलाई भाँड्ने र विभाजन गर्न खोज्ने तत्त्व सलबलाएका छन्। यी दण्डहीनता र राज्यका असावधानीका उपज हुन्। चाहे त्यो २०६२ सालपछि नेपालगन्जमा मधेसी-पहाडेबिचको दंगा वा कपिलवस्तुको चन्द्रौटाको हिन्दु-मुस्लिम द्वन्द्व अथवा हालै सुनसरी कप्तानगन्ज घटना किन नहोस्।

देउवाको हिन्दु भएको उद्घोष र प्रधानमन्त्री बालेन्द्र शाहको शपथ ग्रहणमा दुई धर्मका भिक्षु र पण्डितबाट गुन्जेका धार्मिक पाठ र शंखध्वनिले मलाई चस्स घोच्यो। राज्य हाँकिसकेका र हाँक्ने शीर्षस्तरबाट भएका यी एकतर्फी धार्मिक सन्देश नरमाइलो थियो। राजनीतिक बहसका केन्द्रमा रहने नेता व्यक्तिगत इच्छामा अल्झिएको देखेँ। तिनका कुनै धर्मप्रतिको लगाव वा शक्ति आर्जनका कार्यलाई अन्य धर्मावलम्बीले के-कसो अनुभूति गरे होलान् ? राष्ट्र सबैको साझा भएको महसुस गरे/गरेनन् ?

यतिबेला नेपाली कांग्रेस आन्तरिक शक्ति संघर्षमा छ। विधि र व्यक्तिबिचको टक्कर उराठलाग्दो छ। लोकतन्त्रका लागि लामो संघर्ष गरेको पार्टी अप्ठेरोमा छ। नयाँ पार्टी गठनसमेत गर्न संस्थापनइतर पक्षले भेला आयोजना गर्‍यो। सर्वोच्च अदालतको पुनरावलोकन आदेशपछि भेला सम्मेलनमा परिणत भयो। विदेशमा उपचारपछि पूर्वसभापति शेरबहादुर देउवाको स्वदेश आगमनले परिस्थिति अझ पेचिलो बन्यो। तर पार्टीभित्रको विवाद मिलाउने/नमिलाउने उनमा निहित छ। गुटगत राजनीतिभन्दा माथि उठी निर्णय लिने अठोट गरेमा समस्याको समाधान अवश्य निस्कने छ।

नेपाली कांग्रेसको विद्यमान समस्या 'नेतृत्व पुस्तान्तरण स्वीकार नगर्नु' हो। परिवर्तनलाई आत्मसात नगर्नु हो। भेलामा गगन-विश्वका विरुद्ध दिएका अभिव्यक्तिले पनि यसको पुष्टि गर्छ। विधानभन्दा माथि नेतालाई राखेबाट उब्जेको परिणति हो यो। संस्थागत विकासको अभावबाट विकसित परिस्थिति हो। पार्टी विधानले चालिस प्रतिशत महाधिवेशन प्रतिनिधिको 'विशेष अधिवेशन' बोलाउने अधिकारलाई तत्कालीन केन्द्रीय समितिले निषेध गर्न (महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, अर्जुननरसिंह केसी, फर्मुल्लाह मंसुर र उमा रेग्मीबाहेक) खोज्दा निम्ताएको नियति हो।

विधानसम्मत डाकिएको विशेष महाधिवेशनमा चर्चित नेताहरूले बहिष्कार गर्नु महाभुल थियो। तत्कालीन कठिन राजनीतिक अवस्था आँकलन गरेर महाधिवेशन बोलाउन पार्टी कार्यालयमा निवेदन दर्ता भयो। तथापि कांग्रेसप्रति खस्किएको विश्वासको संकट हल खोज्न र नयाँ नेतृत्व चयन गर्न गरिएको मागलाई तत्कालीन नेतृत्वले आत्मसात गरेन। पार्टी र मुलुकभन्दा माथि गुटको भविष्यलाई प्राथमिकता दिए, जसको निरन्तरता आज पनि छ। यस भुलको ढाकछोपमा 'भेला' र 'अदालती पुनरावलोकन'सम्म पुगे। 'कोर्स करेक्सन' अब पनि नगरिए 'चुनदेवी गुट'को भविष्य अनिश्चित देखिन्छ।

आश्चर्य छ, त्यही विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापाको हस्ताक्षरको 'पार्टी टिकट' बोकेर 'हाई प्रोफाइल नेता' प्रक्रियालाई मानेर फागुन २१ को निर्वाचनमा होमिए। तर यतिबेला देखिएको तिनका विरोधले गम्भीर राजनीतिक तथा नैतिकताको प्रश्न उठाएको छ। अवसरवाद मानोवृत्तिको प्रतिविम्ब देखिन्छ। संगठन हुलले नभई विधि र सिद्धान्तबाट चल्नुपर्ने बुझाइमा कमजोरी पाइन्छ। राजनीतिक दूरदर्शिताको अभाव झल्कन्छ। तिनले समयको माग तथा परिवर्तनका लहर पहिचान एवं स्वीकार गर्न नसक्नु एक लोकतान्त्रिक पार्टीका लागि विडम्बना हो।

नेपाली कांग्रेसलाई लोकतन्त्रको पर्याय मानिन्छ। यो कमजोर अथवा विभाजित भएका अवस्थामा लोकतन्त्र धरापमा वा अपहरणमा परेका इतिहास छन्। निरंकुश शक्तिसँग सम्झौता नगर्ने यसको चरित्र हो। राष्ट्रियता, लोकतन्त्र र समाजवाद यसको आदर्श हो। सामाजिक न्याय तथा मानव अधिकार यसको अभिन्न अंग। विधानले सदस्यलाई पार्टीभित्र संघर्ष गर्ने छुट दिएको छ। केन्द्रीय समिति गैरजिम्मेवार भएमा पार्टीको सर्वोच्च निकाय 'विशेष महाधिवेशन' बोलाउने र विधानबमोजिम निर्णय लिने अधिकार चालिस प्रतिशत महाधिवेशन प्रतिनिधिलाई दिएको छ। यसरी पार्टी चलायमान हुनुपर्ने संस्थापकले परिकल्पना गरेका हुन्। व्यक्तिले नभई विधिबाट संस्था चल्नुपर्ने अठोट लिएका हुन्।

सभापति थापाले भेलाप्रति संकेत गर्दै सम्मानपूर्वक सार्वजनिक रूपमा देउवालाई भने- आफ्नाले तपाईंलाई डुबाए दाइ ! फेरि पनि तपाईंलाई डुबाउने छन् दाइ ! तपाईंलाई तिनले ढाँटे दाइ !

*cprasai@gmail.com*

# विद्यार्थीमा फैलिँदै लागुऔषध

**भीम चापागाईं**

*इलाम, भदौ ४*

पढाइमा 'निकै तगडा' मानिएका एक बालकले गत वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) दिइरहेका थिए तर एउटा विषयको परीक्षा उनले लेख्न सकेनन्। कारण थियो- त्यस दिन उनले 'डोज' लिन पाएनन्। अर्थात्, लागुऔषध प्रयोग गर्न पाएनन्।

अरू सबै दिन परीक्षा लेखे पनि एउटा विषयले उनलाई परीक्षा नतिजामा मात्रै क्षति गरेन, लागुऔषध कसरी बालबालिकामा फैलिरहेको छ भन्ने पनि देखायो। एउटा बालकमा लागुऔषधको 'डोज' नपुग्दा ऊ परीक्षा दिन स्कुल जानै नसक्नुले उसको अवस्था सामान्य देखाउँदैन।

इलाम बजारनजिककै एक बालकले आधारभूत तहसमेत पार नगरी स्कुल छाडे। सामान्य आर्थिक अवस्था रहेको परिवारबाट 'डोज' पुग्ने पैसा आउन छाडेपछि उनी गाउँघरमा चोरीचकारीमा समेत लागे। जसको घरमा जे भेटिन्छ, त्यही चोरी गरेरअरूलाई सस्तो दाममा बेचिदिने अनि आएको पैसाबाट लागुऔषधको आवश्यकता पूरा गर्नु उनको दिनचर्या बन्यो। केही समयअघि इलाम नगरकै अर्का बालक कक्षामा सामान्य रूपमा रहेका बेला विस्तारै उनको व्यवहारमा परिवर्तन आउन थाल्यो। उनले अनुशासन उल्लंघन गर्न थाले। एकान्त मन पराउने र डराउने गर्न थाले। केही सातापछि स्कुल आउन छाडेका उनी पनि लागुऔषध प्रयोगमै लागेको परिवारजनले थाहा पाए। परिवारजनले थाहा पाउँदा उनी लागुऔषधका प्रयोगकर्ता मात्र थिएनन्, चोरीमा समेत लागिरहेका थिए।

यहींका एक बालकलाई केही वर्षअघि सुधार गृहमै राख्नुपर्ने अवस्था आयो। लागुऔषधमै फसेर स्कुल छाडिसकेका उनलाई स्कुलले सुधार गृहमै परीक्षा दिने व्यवस्थाचाहिँ मिलाइदिएको त्यस स्कुलमा प्रधानाध्यापकले बताए। सदरमुकामकै निजी स्कुलकी एक बालिकाको पनि अवस्था उही बन्यो। उनले पनि स्कुलको पढाइ लागुऔषध प्रयोगकै कारण छाडिन्।

इलाम सदरमुकाम, जिल्लाका बजार क्षेत्र, आसपासका कतिपय बालक र किशोर मात्र होइन, बालिका र किशोरीसमेत लागुऔषधमा फसिरहेका छन्। इलामका प्रायः बजार क्षेत्र र कतिपय गाउँमा लागुऔषध प्रयोगकर्ताको संख्या 'चुनौतीपूर्ण' रूपमा बढिरहेको स्थानीय अगुवा बताउँछन्। प्रयोगकर्ता मात्र नभई यसका कारोबारीको चहलपहलसमेत धेरै छ, तर स्कुल विद्यार्थी यसमा नराम्रोसँग जकेडिँदै गएका छन्। कतिपय बालक र किशोरले मावि तह नपुग्दै पढाइसमेत छाडेका छन्। घरपरिवारको आर्थिक अवस्था कमजोर भएका बालक र किशोर लागुऔषध प्रयोगका लागि पैसा जुटाउन चोरीमा लाग्ने गरेको देखिएको छ।

'गाउँमा खोरबाटै कुखुरा हराउने, भर्के थाल चोर्ने, आफ्नै घरका सामानसमेत कतिपय बालकले चोरी गरेको पाइएको छ', इलाम नगरपालिका बरबोटेका एक अगुवा भन्छन्, 'बाहिर खास देखिँदैन, बालक र किशोरहरू नराम्रोसँग लागुऔषधमा फस्ने क्रम निरन्तर छ।' उनले लागुऔषधका कारण हुने गरेका धेरैजसो घटना प्रहरीमा नपुग्ने गरेको बताए। 'प्रहरीमा पुगेपछि आफ्नो सन्तान र आफूसमेत कानुनी झन्झटमा फस्नुपर्ने डरले अभिभावकले पनि प्रहरीलाई भन्दैनन्', उनले भने, 'घटना भित्रभित्रै लुकाउने गर्नाले पनि बालक र किशोरमा लागुऔषध भुसको आगो झैं सल्किरहेको छ।'

लागुऔषध कुलतको सञ्जालले सामुदायिक र संस्थागत दुवैखाले स्कुलका विद्यार्थीलाई छोएको छ। कतिपय स्कुलमा बाहिर देखिने घटना भएका छन् भने कतिपयमा सुषुप्त अवस्थामा यसको असर फैलिइरहेको सदरमुकामकै निजी स्कुलका एक शिक्षक बताउँछन्। 'विद्यार्थीमा चुरोट त अहिले सामान्य झैं भइसकेको छ, लागुऔषध प्रयोगले विद्यार्थीलाई सोझो असर गरिरहेको छ', उनले भने, 'भित्रभित्रै सल्किरहेको यो आगो बेलैमा निभाउन सकिएन भने सबैलाई पिरोल्ने देखिएको छ।'

इलाम बजार, टुँडिखेलछेउछाउ, पोखरी स्कुलछेउछाउ, चियाबारी, बिब्ल्याँटे, फिक्कल, माई नगरपालिका, चुलाचुली र सूर्योदयलगायत दर्जनौं स्थानमा अहिले लागुऔषध प्रयोगकर्ता भेटिने गरेका छन्। प्रहरीले पनि बेलाबेला लागुऔषध प्रयोगकर्तालाई नियन्त्रणमा लिने गरेको छ, तर जसरी सहरदेखि गाउँसम्म लागुऔषध फैलिरहेको छ, यसको नियन्त्रणमा पर्याप्त ध्यान पुग्न सकेको छैन। 'सामुदायिक स्कुलका विद्यार्थी पनि यसको कुलतमा छन्', इलामका एक प्रधानाध्यापक भन्छन्, 'स्कुलकै वरपर लागुऔषधका धेरै घटना भएको सुनिन्छ। विद्यार्थीलाई त्यसले नछुने त कुरै भएन। जतिसक्दो चाँडो यो समस्या समाधान गर्न सकिएन भने अवस्था विकराल बन्नेछ।'

सर्वसाधारणले लागुऔषध प्रयोगकर्ता प्रायः धेरैतिर देखिएको भन्दै प्रयोगकर्ता र कारोबारीको सञ्जाल फैलिरहनुलाई गम्भीर चुनौतीका रूपमा लिएका छन्। प्रहरी भने छिटफुट रूपमा यसका प्रयोगकर्ता पक्राउ गरी लागुऔषध 'नियन्त्रणमा सकेसम्म लागिपरेको' जबाफ दिइरहेको छ।

जिल्ला प्रहरीको तथ्यांकले यसको प्रयोग र कारोबारमा युवाको संख्या बढी देखाउँछ, तर यसको प्रयोग गर्ने सबैको तथ्यांक नहुने भएकाले पक्राउ परेकाबाहेकको रेकर्ड नहुने गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी लक्ष्मी भण्डारी बताउँछन्। 'विगत वर्षभन्दा यो वर्ष लागुऔषधि प्रयोगकर्ता नियन्त्रणको संख्या केही कम देखिन्छ, तर प्रयोगकर्ता कति छन् भन्ने यकिन विवरण हुँदैन', उनले भने, 'प्रहरीले सूचना पाएसम्म नियन्त्रण गर्छ तर प्रहरी मात्रैको नियन्त्रणले यो समस्या समाधान हुँदैन, व्यक्ति स्वयं, परिवार र समाजको सहयोग आवश्यक पर्छ।' जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारीसमेत रहेका डिएसपी भण्डारीले लागुऔषध नियन्त्रणका लागि प्रहरीले समेत स्कुलहरूमा सचेतना अभियान सञ्चालन गरिरहेको बताए।




## सत्र सय बढी पक्राउ

**गोविन्द केसी**

*वीरेन्द्रनगर, भदौ ४*

लागुऔषध कारोबारविरुद्ध प्रहरी अभियान गत आर्थिक वर्षमा तीव्र थियो। एक वर्षको अवधिमा नौ सय ९३ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता हुँदा एक हजार सात सय ६८ जना पक्राउ परे। पक्राउ परेकामध्ये एक हजार तीन सय २५ जनाविरुद्ध अभियोग दर्ता गरी अदालतमा पेस गरिएकोमा एक हजार एक सय १३ जना अर्थात् ८४ प्रतिशत प्रतिवादी पुर्पक्षका लागि थुनामा गएको लागुऔषध नियन्त्रण ब्युरोको तथ्यांकले देखाएको छ। यसमा दुई सय १२ जना भने धरौटीमा छुटेका छन्।

लागुऔषध नियन्त्रण ब्युरोले सार्वजनिक गरेको तथ्यांकअनुसार अघिल्लो आव २०८१/०८२ को तुलनामा पक्राउ पर्ने व्यक्तिको संख्या ५.५५ प्रतिशतले वृद्धि भएको छ। यसले लागुऔषध कारोबार नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको भए पनि प्रहरीको निगरानी र कारबाही थप प्रभावकारी भएको संकेत गरेको छ।

लागुऔषध कारोबारबाट आर्जन भएको आशंकामा प्रहरीले एक करोड १३ लाख ५४ हजार ६ सय ९४ रुपैयाँ नगदसमेत बरामद गरेको छ। यस्तै कारोबारमा प्रयोग भएका एक सय १५ वटा डिजिटल तराजु, सात सय ५७ वटा मोबाइल फोन, १५ वटा चारपांग्रे तथा ८३ वटा दुईपांग्रे सवारीसाधन नियन्त्रणमा लिइएको छ। लागुऔषध कारोबारीको सञ्जाल केवल तस्करीमै सीमित नरहेको तथ्य पनि प्रहरीको बरामद सूचीले देखाएको छ। कारबाहीका क्रममा पाँच नाल पेस्तोल र २९ राउन्ड गोलीसमेत बरामद भएको प्रहरीले जनाएको छ। यसले लागुऔषध कारोबार संगठित अपराध र हतियारको प्रयोगसँग समेत जोडिएको संकेत गरेको छ।

लागुऔषध मुद्दामा अदालतले पनि कडा दृष्टिकोण अपनाएको देखिएको छ। अभियोगसहित अदालत पुगेका प्रतिवादीमध्ये ८४ प्रतिशत पुर्पक्षका लागि थुनामा जानुले अनुसन्धानका क्रममा प्रहरीले संकलन गरेका प्रमाण बलियो रहेको र अदालतले लागुऔषध अपराधलाई गम्भीर रूपमा लिएको देखाउँछ।

नेपालमा लागुऔषध कारोबार अझै संगठित रूपमा फैलिने प्रयास भए पनि प्रहरीको निगरानी, अनुसन्धान र कारबाही क्षमता पनि विस्तार भएको पाइएको छ। विशेषगरी उच्च मूल्यको कोकेन ठूलो परिमाणमा बरामद हुनु नेपाल अन्तर्राष्ट्रिय लागुऔषध तस्करीको ट्रान्जिट मार्गका रूपमा प्रयोग हुन सक्ने जोखिम अझै कायम रहेको संकेत गर्दछ। लागुऔषधमा पक्राउ संख्या बढ्नुले अब नेपालमा लागुऔषधको माग घटाउने, युवालाई दुर्व्यसनबाट जोगाउने, सीमानाकामा निगरानी सुदृढ गर्ने र अन्तरदेशीय तस्करी सञ्जालमाथि संयुक्त कारबाही प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

# जन्ममृत्यु संस्कारमा ६ सय परिवारले पाए चामल

**गोल्डेन बुढा**

*जुम्ला, भदौ ४*

जन्म र मृत्यु संस्कारमा चामल जुटाउन ऋण खोज्नुपर्ने जुम्लाका विपन्न परिवारको बाध्यता केही घटेको छ। सरकारले साबिक कर्णालीका पाँच जिल्लामा सञ्चालन गर्दै आएको जन्म-मृत्यु संस्कारका लागि निःशुल्क चामल वितरण कार्यक्रमअन्तर्गत प्रतिव्यक्ति ३० किलो चामल उपलब्ध गराउन थालेपछि संस्कारको खाद्यान्न खर्चमा विपन्न परिवारलाई राहत पुगेको हो।

जुम्लामा आर्थिक वर्ष २०८२/८३ मा जन्मतर्फ ५८२ र मृत्युतर्फ ५४ गरी ६ सय ३६ जनाका परिवारले यस्तो सुविधा लिएका छन्। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय जुम्लाका अनुसार उनीहरूलाई २७१.२० क्विन्टल चामल वितरण गरिएको छ। यसको मूल्य २४ लाख ५ सय ८० रुपैयाँ बराबर छ। चामलसँगै सरकारले दुर्गम क्षेत्रबाट सदरमुकामसम्म सेवा लिन आउने सेवाग्राहीलाई दूरीका आधारमा ढुवानी खर्चसमेत दिँदै आएको छ। एक वर्षमा जुम्लामा मात्रै यस्तो खर्चबापत ४ लाख २८ हजार ५ सय रुपैयाँ वितरण गरिएको शाखा प्रमुख मनोज जोशीले बताए।'जन्म र मृत्यु भएका प्रत्येक व्यक्तिका लागि ३० किलो चामल निःशुल्क उपलब्ध गराउँदै आएका छौं', जोशीले भने, 'दुर्गम क्षेत्रका सेवाग्राहीलाई दूरीका आधारमा ढुवानी खर्चसमेत दिने व्यवस्था छ।'

चन्दननाथ नगरपालिकाबाहेक अन्य स्थानीय तहबाट आउने सेवाग्राहीलाई ५ सयदेखि १ हजार रुपैयाँसम्म ढुवानी ज्याला दिइन्छ। तिला, सिंजा, हिमा र कनकासुन्दरी गाउँपालिकाका सेवाग्राहीलाई १ हजार तथा गुठीचौर, पातारासी र तातोपानी गाउँपालिकाबाट आउनेलाई ५ सय रुपैयाँ दिने व्यवस्था छ। जन्म र मृत्यु संस्कारका लागि चामल दिने कार्यक्रम २०७३ सालमा सुरु भएको हो। तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले आव २०७३/७४ को नीति तथा कार्यक्रममा जुम्ला, मुगु, कालीकोट, डोल्पा र हुम्लाका बासिन्दालाई चामल तथा ढुवानी रकम उपलब्ध गराउने घोषणा गरेको थियो। सरकारले २०७३ भदौ २३ गते अनुदानको व्यवस्था गर्ने निर्णय गरेपछि कार्यक्रम कार्यान्वयनमा आएको थियो।

सुरुमा प्रतिव्यक्ति २० किलो चामल दिइन्थ्यो। आव २०८१/८२ देखि सरकारले त्यसमा १० किलो थपेर ३० किलो पुर्‍याएको हो। कार्यक्रम सुरु हुँदा भने यसको चर्को आलोचना भएको थियो। कर्णालीवासीलाई गरिबी र अभावसँग जोडेर 'जन्म र मृत्युको २० किलो चामल' मा सीमित गरिएको भन्दै विरोध भएको थियो, तर अहिले यही कार्यक्रम दुर्गमका विपन्न परिवारका लागि संस्कारको खर्च घटाउने राहतका रूपमा उपयोग हुँदै आएको छ। ग्रामीण कर्णालीमा जन्म र मृत्यु संस्कार सामाजिक दायित्वसँग जोडिएको छ। आम्दानीको स्रोत सीमित भएका परिवारले संस्कार टार्न खाद्यान्नदेखि अन्य आवश्यक सामग्रीसम्म जुटाउनुपर्ने हुन्छ। त्यसमाथि दुर्गम गाउँमा खाद्यान्नको मूल्य र ढुवानी खर्च थप महँगो पर्छ।

पातारासी गाउँपालिका- १ गडिगाँउकी लालसरी ऐडीका अनुसार सरकारी चामलले विपन्न परिवारको तत्कालीन आर्थिक बोझ घटाएको छ।' संस्कारका बेला चामलको व्यवस्था गर्न ऋण खोज्नुपर्ने अवस्था हुन्थ्यो', उनले भनिन्, 'सरकारले ३० किलो चामल दिन थालेपछि विपन्न परिवारलाई ठूलो राहत भएको छ।' कार्यालयका अनुसार सेवा लिन जन्म वा मृत्यु दर्ता प्रमाणपत्र, सम्बन्धित वडा कार्यालयको सिफारिस, स्वास्थ्य संस्थाको कार्ड र सेवाग्राहीको नागरिकताको प्रतिलिपि आवश्यक पर्छ। जुम्लाका ८ वटै स्थानीय तहमध्ये चन्दननाथ नगरपालिका, तातोपानी, गुठीचौर, पातारासी र तिला गाउँपालिकाका नागरिकले कार्यक्रम बढी उपयोग गर्दै आएका छन्। भौगोलिक दूरीका कारण सिंजा, हिमा र कनकासुन्दरीबाट भने सेवाग्राहीको संख्या तुलनात्मक रूपमा कम छ। जन्मको खुसी होस् वा मृत्युको पीडा, संस्कारका बेला चाहिने चामलको जोहो गर्नुपर्ने बाध्यतामा रहेका कर्णालीका विपन्न परिवारका लागि सरकारी कार्यक्रम प्रत्यक्ष राहतको माध्यम बनेको छ। जुम्लामा एक वर्षमै ६ सय ३६ परिवारले सुविधा लिनुले कार्यक्रमको पहुँचसँगै यसको आवश्यकता पनि देखाएको छ।

## सप्तरीमा काठसहित दुईजना पक्राउ

उदयपुर, भदौ ४ (नागरिक)- उदयपुरको जंगलबाट काठसहित सप्तरीका दुईजना पक्राउ परेका छन्। सबडिभिजन वन कार्यालय तपेश्वरीबाट खटिएको गस्ती टोलीले बेलका नगरपालिका- १ स्थित बेलका जनशक्ति सामुदायिक वन समूहको जंगलबाट उनीहरूलाई पक्राउ गरेको हो। चिरान काठसहित पक्राउ पर्नेमा मधेस प्रदेश, सप्तरी जिल्लाको कोसी नगरपालिका- ७ वइनगम्माका ४८ वर्षीय बालकुमार यादव र सोही ठाउँका ४५ वर्षीय रामकिशन सदा रहेका छन्। मंगलबार राति पक्राउ परेका उनीहरूलाई बुधबार डिभिजन वन कार्यालय गाईघाटको हिरासतमा राखेर अनुसन्धान भइरहेको छ।

डिभिजनल प्रमुख गजेन्द्र श्रेष्ठले ठुलो संख्यामा काठ तस्करी भइरहेको खबर आएलगत्तै खटिएको सबडिभिजन वन कार्यालयका कर्मचारी, सामुदायिक वन समूह पदाधिकारी र उपभोक्ताको संयुक्त टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको बताए। आठजनाको समूह रहे पनि अन्य भागेको र दुईजनालाई पक्राउ गरिएको हो।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालयः**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

**कामना सेवा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धि ७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३/०५/०५**

कामना सेवा विकास बैंकको स्वामित्वमा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरु (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात मिति २०८३/०५/११ गते दिनको ४:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा सो लगतै बैंक खुलेको दिन) भित्र तपशिलमा उल्लेखित अचल सम्पत्ति खरिद गरिलिन इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुलाई बोलपत्र फारममा उल्लेखित शर्तको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र कामना सेवा विकास बैंक लिमिटेडको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरु वा कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौंमा पेश गर्नु हुन आव्हान गरिन्छ। तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ११ औं दिन अर्थात २०८३/०५/१५ गते (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) दिनको ठीक ४:०० बजे यस बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौंमा खोलिने हुँदा उक्त दिन बोलपत्रदाता वा प्रतिनिधिलाई उपस्थित हुन सूचित गरिन्छ। तर, बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

**तपसिल**

| क्र.सं. | जिल्ला | गा.पा/न.पा | सिट नं. | कित्ता नं. | क्षेत्रफल/(वर्गमिटर) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | दुम्कीबास-०३ | ३ | ४०५ | ५२१० | सम्पूर्ण लिगलगापात समेत |
| | | दुम्कीबास-०३ | ३ | ४०६ | ९२० | सम्पूर्ण लिगलगापात समेत |
| | | अर्ग्यौली-०६ | ६ग | ६०६ | ०-५-१५-० (१९४६.८५) | सम्पूर्ण लिगलगापात समेत |
| | | अर्ग्यौली-०६ | ६ग | ५७३ | ०-४-४-० (१४२२.०५) | सम्पूर्ण लिगलगापात समेत |
| २ | मकवानपुर | हटिया-०१ | १ | ८९७६ | ०-०-५-० (८४.६५) | सम्पूर्ण लिगलगापात समेत |
| | | हटिया-०१ | १ | ८९७८ | ०-०-३-० (५०.७९) | सम्पूर्ण लिगलगापात समेत |
| | | हटिया-०१ | १ | ९११४ | ०-०-८.७५-० (१४८.१४) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| | | हटिया-०१ | १ | ९११६ | ०-०-६.५-० (११०.०५) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| | | हटिया-०१ | १ | ९११८ | ०-०-४.७५-० (८०.४२) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| ३ | लमजुङ्ग | रम्घा-०७ | ७ | ९६३ | ०-१२-०-१ (३८३.५४) | सम्पूर्ण लिगलगापात समेत |
| | | रम्घा-०७ | ७ | २१६९ | ०-५-२-० (१७४.८८) | सम्पूर्ण लिगलगापात समेत |
| ४ | प्यूठान | बाङगेसाल-०५ | ५ | ११५२ | १४ | सम्पूर्ण लिगलगापात समेत |
| | | बाङगेसाल-०५ | ५ | ११५१ | १६३ | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| | | बाङगेसाल-०५ | ५ | १२१० | ६६० | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| ५ | झापा | दमक-१४ | १७९००१५२५ | १११ | ३५४.४८ | सम्पूर्ण लिगलगापात समेत |
| | | शिवगंज-०९ | ९ | १४२८ | ०-१२-१५-० (४३१७.६५) | सम्पूर्ण लिगलगापात समेत |
| ६ | मोरङ | मधुमल्ला-०५ | ५ढ | ३४ | ०-०-६-० (१०१.५९) | सम्पूर्ण लिगलगापात समेत |
| | | मधुमल्ला-०५ | ५च | २९१ | ०-१-०-० ३३८.५८ | सम्पूर्ण लिगलगापात समेत |
| | | मधुमल्ला-०५ | ५च | ८३२ | ०-१-०-० (३३८.५८) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| | | मधुमल्ला-०८ | ८ङ | ३०८ | ०-३-०-० (१०१५.९२) | सम्पूर्ण लिगलगापात समेत |
| | | मधुमल्ला-०८ | ८ङ | ४०५ | ०-२-१२-२ (८८८.८८) | सम्पूर्ण लिगलगापात समेत |
| | | मधुमल्ला-०१ | १ङ | ६४४ | ०-०-१५-० (२५३.९४) | सम्पूर्ण लिगलगापात समेत |
| | | मधुमल्ला-०५ | ५घ | ४९०४ | ०-१०-१६-० (३६५७.१८) | सम्पूर्ण लिगलगापात समेत |
| | | वयरवन-०९ | ९ओ | ५१६ | ०-१८-०-० (६०९५.३४) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| ७ | रुपन्देही | आनन्दवन-०८ | ८ख | ८८९ | ०-०-१६-० (२७०.९१) | सम्पूर्ण लिगलगापात समेत |
| | | गंगोलिया-०२ | २क | ९९८ | ०-१-०-० (३४७.०५) | सम्पूर्ण लिगलगापात समेत |
| | | केरवानी-०५ | ५ख | ७०६ | ०-४-९-० (१५०६.९५) | सम्पूर्ण लिगलगापात समेत |
| | | केरवानी-०५ | ५ख | ७०८ | ०-३-११-० (१२०२.१७) | सम्पूर्ण लिगलगापात समेत |
| | | गंगोलिया-०२ | २क | ७ | ०-२-३-० (७२७.९५) | सम्पूर्ण लिगलगापात समेत |
| ८ | स्याङ्जा | वालिङ्ग-०४ | ४ | २०६० | ०-३-०-० (९५.३९) | सम्पूर्ण लिगलगापात समेत |
| | | वालिङ्ग-०४ | ४ | २०६१ | ०-३-०-० (९५.३९) | सम्पूर्ण लिगलगापात समेत |
| | | वालिङ्ग-०४ | ४ | २०६२ | ०-३-०-० (९५.३९) | सम्पूर्ण लिगलगापात समेत |
| | | वालिङ्ग-०४ | ४ | २०६३ | ०-३-०-२ (९९.३६) | सम्पूर्ण लिगलगापात समेत |
| ९ | सिराहा | नैनपुर-०५ | ५ ख | ३५३ | ०-३-०-० (१०१५.८९) | सम्पूर्ण लिगलगापात समेत |
| | | नैनपुर-०५ | ५ ख | ८४२ | ०-०-७-० (११८.५१) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| १० | बाँके | चटार-०१ | १ क | ६३३ | ०-१-०-० (३३८.६३) | सम्पूर्ण लिगलगापात समेत |
| ११ | तनहुँ | फराकचौर-०७ | ७ ञ | ६३१ | ०-१५-०-० (४७६.९४) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| १२ | दोलखा | चरिकोट-०४ | ४ | ६४३९ | (१२२.००) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| | | चरिकोट-०४ | १५८१२४५२ | ६६३ | (४५.००) | सम्पूर्ण लिगलगापात समेत |
| | | चरिकोट-०२ | १५८१२४५ | २३८४ | (९८४.००) | सम्पूर्ण लिगलगापात समेत |
| | | चरिकोट-०४ | १५८१२४५२ | ६७१ | (३४५.००) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |
| | | चरिकोट-०२ | १५८१२४५ | २३८७ | (१३३०.००) | सम्पूर्ण लिगलगापात समेत |
| | | चरिकोट-०४ | १५८१२४५२ | ६७३ | (२००.००) | सम्पूर्ण लिगलगापात समेत |
| १३ | रुपन्देही | केरवानी-०८ | ८ ख | १७५८ | ०-०-७-० (११८.५१) | सम्पूर्ण लिगलगापात समेत |
| | | | | १७५९ | ०-०-७-० (११८.५१) | सम्पूर्ण लिगलगापात समेत |
| १४ | नवलपरासी (ब.सु.प) | माकर-६ | ६ घ | २०४ | ०-५-१२-० (१८९६.३८) | सम्पूर्ण लिगलगापात समेत |
| १५ | झापा | दुवागडी-०१ | १ | ७३१ | ०-१६-०-० (५४१८.०८) | सम्पूर्ण लिगलगापात समेत |
| १६ | झापा | घैलाडुब्बा-०८ | ८ | ३२६९ | ०-६-०-० (२०३१.७८) | घर लगायत सम्पूर्ण लिगलगापात समेत |

**थप जानकारीः**
- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लिखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्ग हुनेछ।
- लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
- माथि उल्लेखित क्र.सं.अनुसार खरिद गर्न चाहेको सम्पत्तिको लागि छुट्टा छुट्टै मूल्य उल्लेख गरी बोलपत्र पेश गर्नुपर्नेछ।
- बैंकलाई स्वीकार्य हुने बोलपत्र प्राप्त भएको अवस्थामा छुट्टा छुट्टै रुपमा बिक्री गर्न सकिनेछ।
- अन्य शर्तबन्देजहरु बोलपत्रमा उल्लेख गरे बमोजिम हुनेछ।

**सवारी साधनको लिलाम विक्री सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति: २०८३/५/५ गते)

यस महासंघले प्रयोग गरिरहेको तपसिल वमोजिमको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ/संस्था, फर्म वा कम्पनीहरुले यस महासंघको कार्यालय पूल्चोक, ललितपुरमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा गोप्य शिलवन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ । लिलाम विक्री हुने सावरी साधनको विवरण निम्नानुसार छ ।

| सि.न | सवारीको किसिम | सवारी नं. | न्यूनतम मूल्य रु. (मू.अ.कर सहित) |
|---|---|---|---|
| १. | टाटा जीप-Sumo Gold EX<br>बनेको साल:२०१९<br>हर्षपावर/सिसि:२९५६ | प्रदेश ३-०१-०२२ च ५५१२ | १६,००,०००/-<br>(अक्षरेपी सोह्र लाख मात्र) |
| २. | होण्डा युनिकन मोटरसाईकल<br>बनेको साल:२०२१<br>हर्षपावर/सिसि:१४९.२ | वागमती प्रदेश-०२ ०२७ प ८५८३ | १,३५,०००/-<br>(अक्षरेपी एक लाख पैतीस हजार मात्र) |
| ३. | बजाज पल्सर मोटरसाईकल<br>बनेको साल:२०१८<br>हर्षपावर/सिसि:१४९.५ | बा ९९ प ९०२६ | १,१०,०००/-<br>(अक्षरेपी एक लाख दश हजार मात्र) |
| ४. | बजाज पल्सर मोटरसाईकल<br>बनेको साल:२०१८<br>हर्षपावर/सिसि:१४९.५ | बा ९९ प ६०७६ | १,०५,०००/-<br>(अक्षरेपी एक लाख पाँच हजार मात्र) |

**पूनश्चः** बोलपत्र फारम यस महासंघबाट रु. १०००/- (पछि फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री हुने सवारी साधन सम्बन्धी अन्य शर्त तथा बन्देजहरु लगायतका विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको छ । साथै, खरीद गर्न चाहेको सवारी साधन सम्बन्धमा थप जानकारीको लागि एवं अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र यस महासंघमा सम्पर्क गरी जानकारी लिन र अवलोकन गर्न सकिनेछ ।

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
Pulchowk, Lalitpur, Tel: +977-1-5010116, 5010033, 5010089
Email: ncf@wlink.com.np, ncfcoop@gmail.com,Website: www.ncfnepal.com.np

**बजार**

सुन तोला - ३१३,४००
चाँदी तोला - ४८५५

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.८४ | १५३.४४ |
| युरो | - | १७८.९१ | १७९.६१ |
| पाउन्ड स्टर्लिङ | - | २०८.५५ | २०९.३७ |


# केन्द्रीय बैंकको नेतृत्व संरचना फेर्ने विधेयक स्वीकृत



काठमाडौं, भदौ ४ (नागरिक)- सरकारले देशको मौद्रिक अधिकारी र वित्तीय क्षेत्रको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको सर्वोच्च नेतृत्व संरचनामा दूरगामी फेरबदलको तयारी अघि बढाएको छ। प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले 'नेपाल राष्ट्र बैंक ऐन-२०५८' लाई संशोधन गर्न बनेको विधेयक पारित गर्दै गभर्नर, डेपुटी गभर्नर र सञ्चालक समिति सदस्यहरूको विद्यमान पाँच वर्षे पदावधिलाई दुई वर्ष कटाएर तीन वर्षमा सीमित गर्ने निर्णय गरेको हो।

बिहीबार बसेको अर्थ समितिको बैठकले ऐनको दफा १८ लाई पूर्ण रूपमा प्रतिस्थापन गर्दै पदावधि घटाउने नयाँ कानुनी ढाँचा अनुमोदन गरेको हो। समितिका सचिव लक्ष्मण अर्यालका अनुसार संशोधित व्यवस्थामा तीनवर्षे कार्यकाल पूरा भएपछि कार्यसम्पादन मूल्यांकनका आधारमा सरकारले चाहेमा थप दुई वर्षका लागि पुनः नियुक्ति गर्न सक्ने ढोका खुला राखिएको छ। संसद्का दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि कार्यान्वयनमा आउने यो प्रावधानले केन्द्रीय बैंकको नेतृत्वमाथि कार्यसम्पादनका आधारमा सरकारको राजनीतिक तथा प्रशासनिक नियन्त्रणलाई अझ कसिलो बनाउने देखिन्छ। बाहिरबाट हेर्दा कुल पदावधि पाँच वर्ष नै कायम रहन सक्ने सम्भावना छाडिए पनि तीन वर्षपछि नै गभर्नर वा डेपुटी गभर्नरलाई बिदा गर्न सक्ने अख्तियारी सरकारले आफ्नो हातमा राखेको छ।

## रावल बने नयाँ डेपुटी गभर्नर



ऐन संशोधनको रणनीतिक हलचलबिच नेपाल राष्ट्र बैंकको लामो समयदेखि रिक्त रहेको दोस्रो डेपुटी गभर्नर पदमा दीर्घबहादुर रावल नियुक्त भएका छन्। गभर्नरको सिफारिसमा मन्त्रिपरिषद्द्वारा नियुक्त रावलले बिहीबार नै गभर्नर प्रा. डा. विश्वनाथ पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरी पदबहाली गरेका हुन्। चार महिनाअघि किरण पण्डित डेपुटी गभर्नर नियुक्त भए पनि अर्को पद खाली रहँदै आएको थियो।

नवनियुक्त डेपुटी गभर्नर रावलसँग बैंकिङ नियमन, वित्तीय अपराध नियन्त्रण र मौद्रिक अनुसन्धानको गहन अनुभव छ। नेपाल बैंक लिमिटेडको सहायक प्रबन्धकबाट वित्तीय यात्रा सुरु गरेका रावल पछि राष्ट्र बैंक प्रवेश गरेका हुन्। उनी सन् २०१८ मा लोकसेवा आयोगले लिएको आन्तरिक खुला प्रतिस्पर्धाबाट निर्देशक पदमा देशभरमै प्रथम भएका थिए। पछिल्लो समय बैंक सुपरिवेक्षण विभागका प्रमुख रहेका रावलले सन् २०१९ देखि २०२४ सम्म सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण गर्ने वित्तीय जानकारी एकाइ (एफआइयु) को सफल नेतृत्व सम्हालेका थिए। काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधिको शोधार्थी रहेका रावलले अर्थशास्त्र, व्यवस्थापन (एमबिए) र समाजशास्त्रमा स्नातकोत्तर गरेका छन्।

# बोलपत्र रद्द भएपछि भेरी लिफ्टिङको निर्माण कार्य ढिलो हुने

गोविन्द केसी
*वीरेन्द्रनगर, भदौ ४*



भेरी लिफ्टिङ आयोजनाबाट प्रभावित हुने वीरेन्द्रनगर। *तस्बिर : गोविन्द केसी/नागरिक*

वीरेन्द्रनगर नगरपालिका आयोजना कार्यान्वयन समितिले भेरी पम्पिङ उपआयोजना दोस्रो चरणको दोस्रो प्याकेजअन्तर्गतको हाल सञ्चालनमा रहेको बोलपत्र प्रक्रिया रद्द गरी पुनः बोलपत्र आह्वान गर्ने निर्णय गरेको छ। जसले गर्दा दुई वर्ष निर्माण कार्य ढिलो हुने जनाइएको छ।

नगरपालिका आयोजना कार्यान्वयन समितिको ३४औं बैठकले विश्व बैंकबाट प्राप्त सुझाव, विद्यमान खरिद प्रक्रियामा देखिएका समस्या तथा प्रतिस्पर्धात्मकता र पारदर्शितासम्बन्धी विषयलाई ध्यानमा राख्दै हालको बोलपत्र प्रक्रिया रद्द गर्ने निर्णय गरेको जनाइएको छ। कार्यान्वयन समितिको बैठक २०८३ साउन ३० गते बसेको थियो।

भेरी पम्पिङ उपआयोजना नेपाल सरकार र विश्व बैंकको सहयोगमा सञ्चालन भइरहेको खानेपानी सम्बन्धी महत्त्वपूर्ण आयोजना हो। दोस्रो प्याकेजका लागि बोलपत्र आह्वान गर्दा पटक-पटक बोलपत्र कागजात संशोधन गर्नुपरेको थियो। अन्तिम रूपमा सात वटा बोलपत्र दर्ता भएका थिए। ती बोलपत्रको प्राविधिक मूल्यांकन गरी विश्व बैंकबाट समेत 'आपत्ति नभएको' भनेर स्वीकृति प्राप्त भइसकेको अवस्थामा खरिद प्रक्रिया निरन्तरता दिने वा रद्द गरी पुनः बोलपत्र आह्वान गर्ने विषयमा निर्णय लिनुपर्ने अवस्था आएको थियो। केही बोलपत्रदाताले नेपाल सरकारको विद्युतीय खरिद प्रणालीमा देखिएको प्राविधिक समस्याका कारण प्रतिस्पर्धा पारदर्शी हुन नसकेको भन्दै विश्व बैंकमा निवेदन दिएका थिए। त्यसपछि विश्व बैंकले प्रतिस्पर्धात्मकता, पारदर्शिता र लागत प्रभावकारितालाई ध्यानमा राख्दै पुनः प्राविधिक मूल्यांकन गर्ने वा पुनः बोलपत्र आह्वान गर्ने विकल्प अघि सारेको थियो।

यही विषयमा नगरपालिका आयोजना कार्यान्वयन समितिको ३४ औं बैठकमा सम्बन्धित सरोकारवालालाई जानकारी गराउँदै विस्तृत छलफलपछि समितिले हालको खरिद प्रक्रिया रद्द गरी संशोधित बोलपत्र कागजातका आधारमा पुनः बोलपत्र आह्वान गर्ने निर्णय गरेको हो।

समितिको यो निर्णयसँगै सुर्खेत उपत्यकाको दीर्घकालीन खानेपानी समस्या समाधान गर्ने अपेक्षा गरिएको भेरी पम्पिङ आयोजना अझै ढिलो हुने जोखिम बढेको छ। यसअघि पहिलो पटक बोलपत्र आह्वान भएको मितिदेखि प्राविधिक मूल्यांकन प्रतिवेदन स्वीकृत हुने चरणसम्म पुग्न मात्रै करिब एक वर्ष ६ महिना १८ दिन लागेको थियो। अब पुनः बोलपत्र आह्वान, मूल्यांकन, विश्व बैंकको स्वीकृति तथा सम्झौतालगायतका प्रक्रिया पूरा गर्न थप करिब दुई वर्षसम्म लाग्न सक्ने देखिएको छ।

भेरी पम्पिङ आयोजनाको दोस्रो प्याकेजमा पुराना संरचनाको मर्मत तथा सुधारसँगै सुर्खेत उपत्यकाभित्रको पुरानो खानेपानी वितरण प्रणाली विस्थापित गरी करिब आठ सय किलोमिटर नयाँ पाइपलाइन विस्तार गर्ने लक्ष्य राखिएको छ। यसबाट उपत्यकामा नियमित र सहज खानेपानी आपूर्ति गर्ने योजना रहेको छ। आयोजनाको पहिलो चरणअन्तर्गत पानी संकलन केन्द्र, पानी प्रशोधन प्रणाली र मुख्य प्रसारण लाइन निर्माणको काम अघि बढिरहेको छ। दोस्रो प्याकेजको खरिद प्रक्रिया रद्द भएपछि उपत्यकाको दीर्घकालीन खानेपानी समस्या छिटो समाधान हुने आश नभएको सरोकारवालाले बताए।

नगरपालिका आयोजना कार्यान्वयन समितिको निर्णयले खरिद प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धात्मक र कानुनसम्मत बनाउने अवसर दिएको भए पनि आयोजनाको कार्यावयनमा थप ढिलाइ हुने चुनौती थपिएको छ।

यस निर्णयप्रति सुर्खेत उपत्यका खानेपानी संस्थाले भने असहमति जनाएको छ। संस्थाको साउन ३१ गते बसेको बैठकले विश्व बैंकले औंल्याएका प्राविधिक कमजोरी सुधार गर्दै हालकै खरिद प्रक्रियालाई अघि बढाउनुपर्ने निर्णय गरेको थियो। संस्थाले विश्व बैंकबाट 'नो अब्जेक्सन लेटर' प्राप्त भइसकेको र प्राविधिक रूपमा योग्य बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने प्रक्रियामा लैजानुपर्ने अवस्थामा बोलपत्र रद्द गर्नुले आयोजना थप पछाडि धकेलिने र आर्थिक भार बढ्ने निष्कर्ष निकालेको छ। खानेपानी संस्थाका अध्यक्ष तथा समिति सदस्य कुलमणि देवकोटाले बोलपत्र रद्द गर्ने निर्णयमा आफूहरूलाई छलेर निर्णय गराइएकोप्रति आपत्ति जनाए। 'बोलपत्र रद्द गर्नाले आर्थिक भार थपिनुका साथै वीरेन्द्रनगरमा खानेपानी खुवाउने समय वर्षौं धकलिने छ।' अध्यक्ष देवकोटाले भने, बोलपत्र रद्द गर्ने निर्णय गम्भीर त्रुटि छ। यसको पक्षमा मेरो संस्था हुँदैन।'

आयोजना प्रमुख रविन्द्र रायले विश्व बैंकले इ-बिडिङ प्रणालीमै प्रश्न उठाएकाले पुरानो प्रक्रिया रद्द गरिएको बताए। उनले नेपालको इबिडिङ प्रणालीमै समस्या आएको उजुरीका कारण विश्व बैंकबाटै अर्थ मन्त्रालयसँग समन्वय गरेर ठेक्का रद्द गरिएको हो। उनले भने, 'अब, नयाँ टेन्डर प्रक्रिया हार्डकपीबाटै हुनेछ।'

बोलपत्र रद्द नगर्न संस्थाको आग्रह

सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले भेरी पम्पिङ खानेपानी आयोजना, प्याकेज-२ को हाल सञ्चालनमा रहेको खरिद प्रक्रिया रद्द नगर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ। संस्थाका अध्यक्ष कुलमणि देवकोटाको अध्यक्षतामा साउन ३१ गते बसेको मूल उपभोक्ता समितिको बैठकले जारी खरिद प्रक्रिया रद्द गरी पुनः बोलपत्र आह्वान गर्दा आयोजना थप ढिलो हुने र वीरेन्द्रनगरवासीले खानेपानीको थप संकट व्यहोर्नुपर्ने निष्कर्ष निकाल्दै प्रक्रिया यथावत् अघि बढाउन आग्रह गर्ने निर्णय गरेको हो।

संस्थाका अनुसार भेरी पम्पिङ उपआयोजना प्याकेज-२ को बोलपत्र २०८२ पुस ८ गते आह्वान गरिएको थियो। बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२ चैत ६ गतेसम्म सात वटा बोलपत्र दर्ता भएका थिए। ती बोलपत्रको प्राविधिक मूल्यांकन गरी नगरस्तरीय आयोजना कार्यान्वयन समितिको २४ औं बैठकबाट निर्णय गरिएपछि २०८३ वैशाख २६ गते विश्व बैंकको 'नो अब्जेक्सन' का लागि पेश गरिएको थियो।

विश्व बैंकबाट प्राप्त सुझावअनुसार मूल्यांकन प्रतिवेदन संशोधन गरी पुनः पठाइएको र २०८३ असार २६ गते मूल्यांकन प्रतिवेदनमा विश्व बैंकबाट 'नो अब्जेक्सन' प्राप्त भएको संस्थाले जनाएको छ। त्यसपछि प्राविधिक मूल्यांकनमा सारभूत रूपमा प्रभावग्राही ठहरिएका बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्न सूचना प्रकाशन तथा पत्राचारसमेत भइसकेको संस्थाको निर्णयमा उल्लेख छ। विश्व बैंकको सिफारिसअनुसार जारी खरिद प्रक्रिया रद्द गरी संशोधित व्यवस्थासहित नयाँ बोलपत्र आह्वान गर्ने तयारी भएपछि संस्थाले त्यसप्रति असहमति जनाएको हो।


## Invitation for Bids
### Proposal for Supply of Four Wheel Vehicle

**Issue Date: August 21, 2026**
**Deadline for Submission: August 27, 2026 (within 5:00 PM)**

Citizens Bank International Limited established under the Bank and Financial Institution Act 2063, having its Head Office at Narayanhiti Path, Kathmandu invites sealed Bid for "Proposal for Supply of Four Wheel Vehicle" from Nepal Registered Suppliers.

Bids will be opened in the presence of Bidder's representatives who choose to attend on 11:00 hours of August 31, 2026. In case of holiday on the mentioned date; the bids will be opened on the same time on the next working date. Bidders who have submitted their proposals are expected to make their presence on a date and time allocated by the Bank. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the tender process, wholly or partly; any or all at any time without assigning any reason whatsoever.

Citizens Bank

**General Service Department (GSD)**
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977-01-4527842,+977-01-4527843
Fax 977-01-4527044, Email: gsd@ctznbank.com

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

www.ctznbank.com



## शेयरमा हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडले शेयर रजिष्ट्रार सेवा प्रदान गरेका तपसिलमा उल्लिखित विभिन्न कम्पनीको तपसिलमा उल्लेख गरे बमोजिम शेयर प्रमाणपत्र हराएको भनी सो को सट्टामा प्रतिलिपी प्रमाणपत्र जारी गरिदिने सम्बन्धमा आवश्यक कागजातसाथ तपसिलमा उल्लिखित निवेदकहरुको यस मर्चेण्ट बैंकिङ्ग समक्ष निवेदन पेश हुन आएको हुँदा सो माथि कसैको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सप्रमाण यस नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड कमलादी मार्ग, काठमाण्डौमा हकदावी गर्न आउनुहोला । अन्यथा निवेदन माग बमोजिम शेयरको प्रतिलिपी प्रमाणपत्र जारी भईजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

**नेपाल एसबिआई बैंक लिमिटेड** प्रधान कार्यालयः काठमाण्डौ जिल्ला, का.म.न.पा., वार्ड नं. २८, कमलादी, काठमाडौं, फोनः ५९७०३३३/४५३५५१६

शेयर प्रमाणपत्र हराएको सम्बन्धमाः-

| क्र.सं. | शेयरधनीको नाम | बाबुको नाम | बाजेको नाम | ठेगाना | शेयर प्र.प.नं. | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | नबिन कुमार ठाकुर | रघुनाथ ठाकुर | नथन ठाकुर | बलरा, ८ गडहिया सर्लाही | ३०३२० | १० |
| २. | उषा चालिसे | रड्ग नाथ भट्राई | बिश्व नाथ भट्राई | बालुवाटार, ४ काठमाण्डौ | २४९२४० | ६१ |
| ३. | पवन कुमार अग्रवाल | दुलीचन्द अग्रवाल | खेम चन्द अग्रवाल | ज्ञानेश्वर, १ काठमाण्डौ | ६३५९, ३८४९१, ५४४५२, ६९६१०, ८४७१९, १२०१३३ | १०, २, २४, १८, १८, ३६ |
| ४. | दर्शन शाख | जोनसोन शाख | ईश्वरी लाल शाख | बाह्रबिसे, ४ सिन्धुपालचोक | ६२९७, ६२९८, ६२९९, ३८४७७, ५४४४०, ६९६००, ८४७०५, १०२६५७, १२०१२६, १३५७३६, १५३७६४, १७२०३७, १९०७०५,२१००५२, २२९२२५ | १०, १०, १०, ६, ७२, ५४, ५६, ८८, १० ९, ५२, ५८, ६६, ७४, १००, २०७ |

**LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड** कर्पोरेट अफिसः स्टार मल, पुतलीसडक, काठमाडौं, फोन नं.: ०१-४०१२६१३, ०१-४०१२६१४, फ्याक्सः ०१-४०१२६१५

शेयर प्रमाणपत्र हराएको सम्बन्धमाः-

| क्र.सं. | शेयरधनीको नाम | बाबुको नाम | बाजेको नाम | ठेगाना | शेयर प्र.प.नं. | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | छत्रमणी खनाल | दाताराम खनाल | रुप नारायण खनाल | मेचीनगर, १० झापा | ३८१५, ६२१४५, ८३८८९, ९२९९० | ३०, १८, १५, १९ |

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LIMITED
केन्द्रीय कार्यालयः बनेपा-८, पुलबजार, काभ्रे, फोन नं.: ०११-६६२३११

शेयर प्रमाणपत्र हराएको सम्बन्धमाः-

| क्र.सं. | शेयरधनीको नाम | बाबुको नाम | बाजेको नाम | ठेगाना | शेयर प्र.प.नं. | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | कमल प्रसाद चुडाल | लय प्रसाद चुडाल | मेदानी प्रसाद चुडाल | बुद्दनगर, १० काठमाण्डौ | ९४३९ | ४ |

शेयर रजिष्ट्रार
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
कमलादी, काठमाण्डौ
फोन नं. ४५१२७४३, ४५४१७८०
वेवसाइटः https://nsmbl.com.np



## INVITATION FOR SEALED BIDS

1st Published Date: 2083/05/05

**Muktinath Bikas Bank Ltd** invites sealed bids from eligible bidders for the "**supply of Security Guard Services & Cleaning Services**."

**Terms & Conditions**

1. The bid document containing the detailed scope of work and terms and conditions can be obtained and submitted upon payment of a non-refundable fee of **NPR 5,000 (Five Thousand Rupees Only)** each bid document, to the following account at any branch of the Bank:
   ***Account Name: Bid Application Fee | Account Number: 013-94901701021.***
2. Sealed bids comprising separate **Technical and Financial Proposals** must be submitted to the address mentioned below on or **before 5:00 PM on the 15th day** from the date of publication of this notice. The bid must be accompanied by a **Bid Security of the amount specified in the respective Bid Document**, with a minimum validity period of 60 days from the last date of bid submission.
3. The bids will be opened in the presence of the Bidders' representatives who choose to attend at the address mentioned below at 12:00 PM on the **16th day** from the publication of the bid notice.
4. In case of public holiday, the next working day will be considered in both the cases.
5. The Bank reserves the right to accept or reject, completely or partially any or all the bids without assigning any reasons, whatsoever.

For further details, please contact General Service Department, Muktinath Bikas Bank, Lazimpat, Kathmandu.

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# 'बेस्ट वेर्स्टन सिराइचुली होटल'को सेवा सुरु



चितवन, भदौ ४ (नागरिक)- चितवनको भरतपुर-१०, स्थित अग्रणी होटलका रूपमा स्थापित होटल सिराइचुली विश्वकै प्रमुख होटल ब्रान्डमध्ये एक 'बेस्ट वेस्टर्न होटेल्स एन्ड रिसोर्ट' सँग आबद्ध भएको छ।

यससँगै बिहीबारदेखि 'बेस्ट वेर्स्टन सिराइचुली होटल'को नामबाट सेवा सञ्चालन सुरु गरेको छ। होटलमा आयोजित औपचारिक समारोहमा सिराइचुली होटलका अध्यक्ष चुडामणि खनाल र बेस्ट वेर्स्टन इन्टरनेशनलका सिइओ तथा अध्यक्ष ह्यारी डोङ्ले सम्झौता पत्रमा हस्तान्तरण गर्दै औपचारिक रूपमा 'बेस्ट वेर्स्टन सिराइचुली होटल' शुभारम्भ भएको घोषणा गरेका थिए।

सो क्रममा बोल्दै अध्यक्ष खनालले होटल सिराइचुलीले स्थापनाकालदेखि नै गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको बताए। होटल सिराइचुलीलाई 'बेस्ट वेर्स्टन'लाई हस्तान्तरण गर्नुको मुख्य उद्देश्य नै होटलको सेवा र गुणस्तरलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउनु रहेको बताए। 'बेस्ट वेर्स्टनको अन्तर्राष्ट्रिय अनुभव, ब्रान्ड, पहिचान, व्यवस्थापन, क्षमता र विश्वव्यापी नेटवर्कले होटल सिराइचुलीलाई आगामी दिनमा अझ सफल बनाउन महत्त्वपूर्ण योगदान दिने छ। साथै यस कार्यबाट पर्यटनमा वृद्धि हुने विश्वास लिएका छौं', अध्यक्ष खनालले भने। उनले पर्यटन नै नेपालको महत्त्वपूर्ण व्यवसाय रहेको भन्दै यसतर्फ सबैले ध्यान दिनुपर्नेमा जोड दिए। अहिलेसम्म साथ दिने सबै सेवाग्राही, शुभेच्छुकहरूमा अध्यक्ष खनालले धन्यवाद ज्ञापन गरे।

यस्तै होटल सिराइचुलीका प्रबन्ध निर्देशक विष्णु कुवँरले बेस्ट वेर्स्टनको नयाँ व्यवस्थापनसँगै पाहुनाहरूलाई नयाँ अनुभव प्रदान गरिने बताए। उनले भने, 'हामीले अन्तर्राष्ट्रिय स्तरको आतिथ्यमार्फत हाम्रा पाहुनालाई नयाँ अनुभव प्रदान गर्ने लक्ष्य लिएका छौं। आगामी दिनमा अतिथिहरूको सन्तुष्टि र विश्वासलाई पहिलो प्राथमिकतामा राखेर सेवा प्रदान गर्ने प्रतिवद्धता जाहेर गर्दछौं।' कार्यक्रमका प्रमुख आतिथि नेपालका लागि अमेरिकी दूतावासका कार्यवाहक उपनियोग प्रमुख विल्बर्ट वघुनले चितवनमा अन्तर्राष्ट्रिय होटल ब्रान्ड बेस्ट वेर्स्टनको आगमनले नेपालको पर्यटन तथा आतिथ्य क्षेत्रका लागि नयाँ अवसर सिर्जना गर्ने बताए। वघुनले अमेरिकी ब्रान्ड नेपालमा विस्तार हुनु दुई देशबिचको आर्थिक सहकार्य र निजी क्षेत्रको साझेदारीको सकारात्मक उदाहरण भएको बताए।

उनले चितवन नेपालकै प्रमुख पर्यटन गन्तव्यमध्ये एक भएकाले विश्वस्तरीय होटल ब्रान्डको उपस्थितिले अन्तर्राष्ट्रिय पर्यटक आकर्षित गर्न, सेवा-स्तर उकास्न तथा स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने जानकारी दिए। वघुनले अमेरिकी कम्पनीहरूको नेपालप्रतिको विश्वास बढ्दै गएको भन्दै पर्यटन, आतिथ्य, लगानी र व्यापारका क्षेत्रमा दुवै देशबिच सहकार्यका सम्भावना अझ विस्तार हुँदै गएको धारणा राखे। कार्यक्रममा बेस्ट वेर्स्टन इन्टरनेशनलका सिइओ तथा अध्यक्ष ह्यारी डोङ, बेस्ट वेर्स्टन इन्टरनेशनलकी प्रबन्ध निर्देशक टिना, नेपाल प्रतिनिधि आर्यन बास्तोलालगायतले मन्तव्य व्यक्त गरेका थिए।

सिराइचुलीको यो आबद्धता चितवनको आतिथ्य तथा पर्यटन क्षेत्रमा पछिल्ला वर्षमा भएको महत्त्वपूर्ण विकासमध्ये एक हो। यसले व्यवसाय तथा पर्यटन गन्तव्यका रूपमा भरतपुरको अन्तर्राष्ट्रिय पहिचान थप बलियो बनाउने अपेक्षा गरिएको छ। यस होटेलको लगानी एक अर्ब रुपैयाँ बराबर रहेको छ। नयाँ ब्रान्ड पहिचानसँगै होटलका पाहुनाले बेस्ट वेर्स्टनको विश्वव्यापी बुकिङ प्रणाली, अन्तर्राष्ट्रिय लोयल्टी कार्यक्रम तथा १०० भन्दा बढी देश तथा क्षेत्रमा मान्यता प्राप्त सेवा र गुणस्तरको मापदण्डको लाभ लिन सक्नेछन्। यद्यपि होटलले यसअघि स्थापित गरेको स्थानीय पहिचान तथा मौलिक नेपाली आतिथ्यतालाई भने निरन्तरता दिने जनाएको छ।

यस होटलले स्वदेशी तथा विदेशी पर्यटक, व्यवसायी, सम्मेलन, विवाह तथा विभिन्न कार्यक्रमका समूहलाई सेवा प्रदान गर्दै आएको छ। होटलमा चार श्रेणीका ७१ वटा कोठा तथा सुइट रहेका छन्। कोठाबाट सहर वा हिमाली दृश्य अवलोकन गर्न सकिने व्यवस्था रहेको छ। होटल परिसरमा तीनवटा भोजन तथा बार सेवा सञ्चालनमा छन्। बैठक तथा कार्यक्रमका लागि होटलमा ४०० जनासम्म अट्ने बैंक्वेट हल, बोर्डरुम तथा पिडिआरको व्यवस्था छ। मनोरञ्जन तथा स्वास्थ्यसम्बन्धी सुविधाअन्तर्गत रूफटप स्विमिङ पुल, जिम र स्पा सेवा उपलब्ध छन्।

बेस्ट वेर्स्टन होटल एन्ड रिसोर्ट विश्वका ठूला होटल ब्रान्डमध्ये एक हो। यसको नेटवर्क १०० भन्दा बढी देश तथा क्षेत्रमा फैलिएको छ। दशकौंको आतिथ्य अनुभवमा आधारित ब्रान्डले गुणस्तर, आराम तथा सेवाको निरन्तर मापदण्डका लागि अन्तर्राष्ट्रिय यात्रुमाझ पहिचान बनाएको छ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः
१९८८/११/१७ गते

स्वर्गारोहणः
२०८३/०४/२८ गते

**स्व. नृप कुमारी थापा**

यस एपेक्स मकालु हाइड्रोपावर लिमिटेडको अध्यक्ष श्री इन्द्र बहादुर थापा ज्यूको ममतामयी माता **नृप कुमारी थापा**को असामयिक निधन भएकोले दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै, यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

Apex Makalu Hydropower Limited
एपेक्स मकालु हाइड्रोपावर लिमिटेड
नक्साल-५, काठमाडौं

सडक विस्तारका नाममा उजाड आर्थिक नगरी

# मारमा मुख्य सडक छेउका व्यवसायी

उपेन्द्र यादव

*वीरगन्ज, भदौ ४*



मुख्य सडक विस्तारका नाममा घर तथा भौतिक संरचना भत्काइएपछि 'आर्थिक नगरी'का रूपमा परिचित वीरगन्ज सहर अहिले उजाड बनेको छ। सडक डिभिजन कार्यालय हेटौंडाले सटर र भवनहरू भत्काएपछि यहाँको व्यापार-व्यवसाय ठप्प भएको छ।

गण्डक नहर चोकदेखि वीरगन्ज भन्सारसम्मको मुख्य सडकको दुवैतर्फ रहेका पसल तथा कार्यालयहरू भत्काइएका छन्। सडक विस्तारका नाममा भौतिक संरचना भत्काउँदा व्यापार-व्यवसाय अनपेक्षित रूपमा घटेको वीरगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष प्रदीप केडियाले गुनासो गरे।

गत वैशाख ६ र ७ गते गण्डक चोकदेखि मितेरी पुलसम्मको मुख्य सडक क्षेत्रको दायाँ-बायाँ २५-२५ मिटर सीमाभित्र पर्ने करिब हजारौं सटर र कार्यालय रहेका घर तथा भवनमा रातारात डोजर चलाउन सुरु गरिएको उनले बताए।

'चार महिनादेखि मुख्य सडक छेउका भौतिक संरचना भत्काउने काम मात्र भएको छ। खाली गरिएको जग्गामा सडक निर्माण कार्य कहिले पूरा हुन्छ भन्ने कुनै ठेगान छैनु, केडियाले भने। उनका अनुसार बिनामुआब्जा जग्गा लिइएको, घर र कार्यालयहरू भत्काइएको तथा सदिऔंदेखि चल्दै आएको व्यापार-व्यवसाय पूर्ण रूपमा ठप्प पारिएकाले स्थानीय घरधनी र व्यवसायी मारमा परेका छन्।

सटर भत्काउनुअघि ती पसल तथा कार्यालयहरूबाट सात हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका थिए। अहिले उनीहरूलाई राखेर तलब दिने अवस्थासमेत नरहेको केडियाले बताए । वीरगन्जको ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक महत्त्वलाई ध्यानमा राखेर विकल्प खोज्नुको साटो बस्ती र संरचना भत्काइएको उनको भनाइ छ। बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर घर बनाएका घरधनीहरू अहिले सडकमा आउने अवस्था बनेको उनले बताए।

यस्तै वीरगन्जको घण्टाघर नजिकै कपडा तथा रेडिमेड पसल सञ्चालन गर्दै आएका श्रवण शर्माले आफ्नो व्यवसाय नै चौपट भएको दुखेसो पोखे। पसलकवल भत्काइएपछि सामान किनमेल गर्न आउने ग्राहकलाई फर्काउनुपरेको र बाँकी कपडा घरमा लगेर राख्नुपरेको उनले बताए। घरमा राखिएका कपडा बिक्री नभए लगानी नै डुब्ने डर रहेको बताउँदै शर्माले सडकछेउका पसलबाट व्यवसाय गर्ने दोकानदारहरू फुटपाथे व्यापारी बन्न बाध्य भएको गुनासो गरे।

मुख्य सडकको पसलकवल भत्काइएपछि रेल्वे रोड, ३ नम्बर रोड, रानीघाट र आदर्शनगर क्षेत्रमा सटर भाडामा लिन खोज्दा अत्यधिक महँगो शुल्क माग्ने गरिएको शर्माले बताए। 'सामान्य अवस्थामा प्रतिमहिना पाँच हजार रुपैयाँ भाडा लिने घरधनीहरूले अहिले २५ हजार रुपैयाँ माग्न थालेका छनु, शर्माले भने, 'नयाँ सटर भाडामा लिन जाँदा धरौटीका नाममा चार लाख रुपैयाँसम्म अग्रिम रकम माग्ने गरिएको छ।

वीरगन्जको सडकलाई राजमार्गको मापदण्डअनुसार विस्तार गर्ने क्रममा पुराना बस्ती, धार्मिक सम्पदा र व्यावसायिक संरचनामा पूर्ण रूपमा क्षति पुगेको व्यवसायीहरूको भनाइ छ।

# पोखरा-नेपालगन्ज रुटमा फेरि उडान हुने

नागरिक संवाददाता

*पोखरा, भदौ ४*



निजी हवाई कम्पनी बुद्ध एयरले पोखरा-नेपालगन्ज रुटमा पुन उडान सुरु गर्ने भएको छ। यात्रु संख्या कम हुँदा यो रुटमा यसअघि उडान रोकिएको थियो। सातामा तीनदिन उडान सञ्चालन गर्ने तयारी एयरलाइन्सको रहेको छ। भदौ ३१ गतेदेखि यो रुटमा उडान सञ्चालन गर्ने एयरलाइन्सले बताएको छ।

बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्र कर्णका अनुसार भारतीय पर्यटकको सिजन सुरु हुन थालेको र चाडवाड पनि नजिकिन थालेकोले यो रुटमा पुन उडान सञ्चालन थालिएको हो। उनका अनुसार सुरुवाती चरणमा हरेक आइतबार, बुधबार र शुक्रबार यो रुटमा उडान सञ्चालन हुनेछ। यो रुटमा गत जेठ पहिलो सातादेखि उडान रोकिएको थियो।

'लामो समयदेखि पोखरा-नेपालगन्ज उडान चलिरहेको थियो। यात्रु अभावले जेठ पहिलो सातादेखि उडान रोकिएको थियो। अब भने यात्रुको माग पनि थपिएको छ', उनले भने, 'भारतीय पर्यटकको सिजन पनि हो। घुमघामका लागि आन्तरिक पाहुना पनि यात्रामा थपिन्छन्। त्यसैले भदौ अन्तिमदेखि पुनः उडान गर्न थालिएको हो।'

मुक्तिनाथ दर्शन गर्न आउने भारतीय पर्यटकको सिजन पनि भएकाले पनि उडान सुरु गरिएको उनले बताए। 'पोखरा हुँदै मुस्ताङको मुक्तिनाथसम्म जाने पर्यटकको संख्या पर्याप्त हुन्छन्। धार्मिक पर्यटकको संख्या थपिन्छ। त्यसबाहेक आन्तरिक पर्यटक पनि घुमघाममा निस्कन्छन्', उनले भने। दसैं-तिहार लगायतका चाडवाड पनि सुरु हुने बेला भएकाले उडान पुनः सुरु गरिएको उनले सुनाए।

अहिले बुद्धले पोखराबाट काठमाडौंबाहेक पोखराबाट भैरहवा भने नियमित उडान गरिरहेको छ। यसअघि पोखराबाट भरतपुर पनि उडान भएको थियो तर पोखरा-मुग्लिन सडक विस्तार सकिएपछि पोखरा-भरतपुर उडान भने रोकिएको थियो। पृथ्वी राजमार्गको सहजता भएसँगै पोखरा-भरतपुर उडान रोकिएको थियो।

'पोखरा-भरतपुरको उडान आवश्यकता अनुसार गर्न सकिन्छ तर अहिले नियमित उडान भने छैन। किनभने स्थलमार्गको पहुँच सहज भएकाले यात्रुले छोटो समयमा सडकबाटै यात्रा गर्न पाएका छन्', उनले भने।

## नाडाको १८औं अटो सो भदौ ९ देखि भृकुटीमण्डपमा




काठमाडौं, भदौ ४ (नागरिक)- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले स्थापनाको ५० वर्ष पूरा गरेको अवसरमा 'एचपी लुब्रिकेन्ट्स प्रिजेन्ट्स १८औं नाडा अटो सो २०२६' आयोजना गर्ने भएको छ। स्वर्ण जयन्ती संस्करणका रूपमा आयोजना हुने प्रदर्शनी भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन हुनेछ। करिब तीन लाख वर्गफिट क्षेत्रफलमा आयोजना हुने प्रदर्शनीमा २०० भन्दा बढी स्टल रहने नाडाले जनाएको छ। मेलामा २३ चारपांग्रे, १७ हलुका तथा मझौला व्यावसायिक सवारी र १३ वटा दुईपांग्रे ब्रान्डको सहभागिता रहनेछ। त्यस्तै, पार्ट्स, टायर, ब्याट्री, लुब्रिकेन्ट, चार्जिङ पूर्वाधार तथा ग्यारेज उपकरणसम्बन्धी करिब ७० कम्पनी तथा १० वटा बैंक, वित्तीय संस्था र बिमा कम्पनी सहभागी हुनेछन्।

नाडाका अनुसार नेपालमा हाल करिब ५५ लाख सवारी साधन दर्ता भएका छन्। पछिल्ला पाँच आर्थिक वर्षमा करिब ४७० अर्ब रुपैयाँ बराबरका सवारी तथा सम्बन्धित सामग्री आयात हुँदा राज्यले करिब ३५१ अर्ब रुपैयाँ भन्सार राजस्व प्राप्त गरेको छ। यस्तै नेपालमा करिब ६३ हजार विद्युतीय सवारी साधन सञ्चालनमा आइसकेका छन् भने तिनका लागि करिब दुई हजार चार्जिङ स्टेसनको सञ्जाल विस्तार भएको नाडाले जनाएको छ।

## नामी भिगो इ२ को मूल्य ३५.९९ लाख




काठमाडौं, भदौ ४ (नागरिक)- एमएडब्लु वृद्धि मोटर्सले नामी भिगो इ २ फुल एसयुभीलाई ३५.९९ लाख विशेष प्रारम्भिक मूल्यमा सार्वजनिक गरेको छ। कम्पनीका अनुसार यो मूल्य नाडा अटो सोको समापनसम्म मात्र लागु हुनेछ। त्यसपछि भिगो इ २ को नियमित मूल्य ३७.९९ लाख कायम हुनेछ। थप प्रिमियम सुविधासहितको भिगो इ २ प्लस खरिद गर्न ग्राहकले थप आठ लाख रुपैयाँ तिर्नुपर्नेछ। कम्पनीले भिगो इ २ लाई फराकिलो स्पेस, अत्याधुनिक फिचर्स र उत्कृष्ट पर्फर्मेन्समा केन्द्रित फुल एसयुभीका रूपमा प्रस्तुत गरेको छ। गाडीमा पाँच यात्रुका लागि फराकिलो क्याबिन, दुई हजार ७१५ मिलिमिटर ह्विलबेस र ५७२ लिटरको बुट स्पेस रहेको छ। हिटेड तथा भेन्टिलेटेड सिट, मेमोरी सिट, एक्सटेरियर स्पिकर, 'हेभन एन्ड अर्थ टेलगेट' तथा डिजेआई-सञ्चालित एडिएएसलगायत सुविधा उपलब्ध छन्।

भिगो इ २ मा ५१.८७ किलोवाट-आवर ब्याट्री र ९९ किलोवाट मोटर जडान गरिएको छ। यसले डब्लुएलटिपी मापदण्डअनुसार ३५० किलोमिटरसम्म रेन्ज दिने कम्पनीको दाबी छ। १९० मिलिमिटर ग्राउन्ड क्लियरेन्स रहेको गाडीले १६७ किलोवाटसम्मको डी सी फास्ट चार्जिङ सपोर्ट गर्छ।

## इलेक्ट्रोनिक्स प्रदर्शनी भदौ १९ देखि

काठमाडौं, भदौ ४ (नागरिक)- नेपाल इलेक्ट्रिक, पावर, लाइट तथा कन्ज्युमर इलेक्ट्रोनिक्स एन्ड होम अप्लायन्सेस अन्तर्राष्ट्रिय प्रदर्शनी आगामी भदौ १९ देखि २१ गतेसम्म काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी कक्षमा आयोजना हुने भएको छ। मिडिया स्पेस सोलुसन्स, एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया तथा फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्सको संयुक्त आयोजनामा प्रदर्शनी हुन लागेको हो।

5th NEPAL ELECTRIC, POWER AND LIGHTS INTERNATIONAL EXPO 2026

4th Edition Nepal Consumer Electronics & Home Appliances eXpo

**भदौ १९ देखी २१ गते, २०८३**
**भृकुटीमण्डप, काठमाडौं**

नेपालको विद्युत्, ऊर्जा, उपभोक्ता इलेक्ट्रोनिक्स तथा होम अप्लायन्सेस क्षेत्रलाई अन्तर्राष्ट्रिय व्यावसायिक मञ्चसँग जोड्ने उद्देश्यले आयोजना हुने प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी १०० भन्दा बढी कम्पनीका स्टल रहने आयोजकले जनाएको छ। प्रदर्शनीमार्फत उद्योग, व्यापार र प्रविधिबिच सहकार्य विस्तार गर्दै क्षेत्रको समग्र विकासमा योगदान पुर्‍याउने लक्ष्य राखिएको छ।

प्रदर्शनीमा ट्रान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रण प्रणाली, वायरिङ सामग्री, केवल, कन्डक्टर, आधुनिक स्विच, एलइडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय सामग्री, कार्यालय प्रविधि, सञ्चार उपकरण, सूचना प्रविधि तथा वैकल्पिक ऊर्जा प्रणालीलगायत उत्पादन तथा प्रविधि प्रदर्शन गरिनेछ। आयोजकका अनुसार प्रदर्शनीमा ३० हजारभन्दा बढी अवलोकनकर्ता सहभागी हुने अपेक्षा गरिएको छ।

## मुक्तिनाथ विकास बैंकको कृषि तथा एसएमई कर्जामा विशेष सुविधा

काठमाडौं, भदौ ४ (नागरिक)- मुक्तिनाथ विकास बैंक लिमिटेडले चाडपर्वलाई लक्षित गर्दै कृषि तथा साना तथा मझौला उद्यम (एसएमई) कर्जामा विशेष सुविधा सार्वजनिक गरेको छ। तिज, दशैं, तिहार तथा छठ पर्वका अवसरमा व्यवसाय विस्तार तथा आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने उद्देश्यले बैंकले सीमित अवधिका लागि उक्त योजना ल्याएको हो।

योजनाअन्तर्गत बैंकले कृषि तथा एसएमई कर्जामा न्यूनतम ०.५० प्रतिशत प्रिमियम दरमा कर्जा उपलब्ध गराउने जनाएको छ। त्यस्तै कर्जा प्रवाहका क्रममा लाग्ने कर्जा प्रशासनिक शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ। कृषि तथा एसएमई व्यवसाय विस्तार, उद्यम सञ्चालन, कार्यशील पुँजीलगायत प्रयोजनका लागि आवश्यक कर्जा लिन चाहने ग्राहकले सुविधा पाउने बैंकले जनाएको छ। अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा स्थानान्तरण गर्नसमेत यस्तो कर्जा उपलब्ध हुनेछ। बैंकका अनुसार देशभर रहेका १७६ शाखामार्फत सुविधा लिन सकिनेछ। ग्राहकले नजिकको शाखामा सम्पर्क गरी कर्जाको ब्याजदर, आवश्यक कागजात र अन्य शर्तबारे जानकारी लिन सक्नेछन्।

## साओमीले रेडमी १७ सिरिजका स्मार्टफोन सार्वजनिक गर्दै




काठमाडौं, भदौ ४ (नागरिक)- साओमीले नेपालमा रेडमी १७ सिरिजअन्तर्गत रेडमी १७ र रेडमी १७ ५जी सार्वजनिक गरेको छ। लामो समय चल्ने ब्याट्री, १२० हर्ज रिफ्रेस रेटको डिस्प्ले र दैनिक प्रयोगका लागि टिकाउ डिजाइनलाई कम्पनीले सिरिजको मुख्य विशेषता जनाएको छ।

रेडमी १७ मा ७ हजार ५०० एमएएच क्षमताको ठूलो ब्याट्री दिइएको छ। ४५ वाट टर्बो चार्जिङले चार्जिङ समय घटाउने कम्पनीको दाबी छ। त्यस्तै, २२.५ वाट रिभर्स चार्जिङमार्फत फोनलाई पावर बैंकका रूपमा प्रयोग गरी अर्को उपकरणसमेत चार्ज गर्न सकिनेछ। दुवै फोनमा ६.९ इन्च एचडी डिस्प्ले र १२० हर्ज रिफ्रेस रेट छ। रेडमी १७ मा मिडियाटेक हेलियो जी९९-अल्ट्रा प्रोसेसर तथा रेडमी १७ ५ जीमा स्न्यापड्रागन ४ जेन ३ मोबाइल प्लेटफर्म प्रयोग गरिएको छ। दुवैमा हाइपरओएस ३, १२ जीबीसम्मको र्याम सपोर्ट र ५० मेगापिक्सेल एआई डुअल क्यामेरा दिइएको छ। रेडमी १७ चार तथा ६ जी बी र्‍याम भेरियन्टमा क्रमशः २७ हजार ९९९ र ३३ हजार ९९९ रुपैयाँमा उपलब्ध हुनेछ।

## शिवम् सिमेन्टमा अनुबन्धित आयुषले तोडे पुरानो कीर्तिमान




काठमाडौं, भदौ ४ (नागरिक)- शिवम् सिमेन्टमा अनुबन्धित नेपाली धावक आयुष कुँवरले २०० मिटर दौडमा आफ्नै राष्ट्रिय कीर्तिमान सुधार गर्दै नेपाली एथलेटिक्समा नयाँ उपलब्धि हासिल गरेका छन्। अमेरिकाको लस एन्जलसमा २१.८७ सेकेन्डमा २०० मिटर पूरा गर्दै १९९५ देखि कायम २१.९२ सेकेन्डको कीर्तिमान तोडेका उनले अगस्ट ९, २०२६ मा लन्डनमा भएको प्रतियोगितामा आफ्नै कीर्तिमान सुधार गर्दै २१.६६ सेकेन्डको नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका हुन्।

यसअघि उनले ६० मिटर दौडमा रामकृष्ण चौधरीले सन् २००१ मा बनाएको ७.०९ सेकेन्डको कीर्तिमानसमेत ७.०२ सेकेन्डमा तोडेका थिए। उनका यी उपलब्धि विश्व एथलेटिक्सबाट स्वीकृत प्रतियोगितामा हासिल भएका हुन्।

आयुषले सन् २०२३ देखि राष्ट्रिय कीर्तिमान तोड्ने लक्ष्यसहित अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउँदै आएका छन्। सीमित स्रोतसाधन, चोटपटक र प्रशिक्षणका चुनौतीबिच उनले यो सफलता हासिल गरेका हुन्। सन् २०२५ मा दक्षिण कोरियामा आयोजित एसियाली एथलेटिक्स प्रतियोगिताका क्रममा ह्यामस्ट्रिङ चोटका कारण बाहिरिएका उनी पुनरागमनपछि कीर्तिमान सुधार गर्न सफल भएका हुन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति : २०८३/०५/०५)**

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ । **अतः यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
**२०८३/०५/११**

**बोलपत्र खोलिने मिति**
**२०८३/०५/१५ दिउँसो ३ बजे**

तपसिल

| क्र. सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/ जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : सूर्य कन्स्ट्रक्सन फर्म प्रा.लि. (विविध कर्जा),** दर्ता नं. १३७०४३/०७२/०७३, ठेगाना : विरेन्द्रनगर न.पा. ६, सुर्खेत, **ऋण प्रवाह गर्ने शाखा : कमलादी**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सूर्य बहादुर खड्का-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ६०१, मिति २०३८/०५/३१ मा जि.प्र.का. दैलेखबाट जारी भएको)<br>बाबु : शंख बहादुर खड्का, बाजे : गोपी चन्द खड्का<br>**२. सन्दीप खड्का-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ६४१०१७/१०८००७, मिति २०६८/०६/१२ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको)<br>बाबु : सूर्य बहादुर खड्का, बाजे : शंख बहादुर खड्का<br>**३. यसोदा खड्का-जमानीकर्ता** (ना.प्र.नं. २०२५३, मिति २०५०/१०/१० मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), पति : सूर्य बहादुर खड्का, ससुरा : शंख बहादुर खड्का<br>**४. दिनुजा खड्का-जमानीकर्ता** (ना.प्र.नं. ७२०५३, मिति २०६२/०२/३० मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), बाबु : सूर्य बहादुर खड्का बाजे : शंख बहादुर खड्का | दिनुजा खड्काको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ स्थित कि.नं. २९० (०-४-०-१ रोपनी), कि.नं. ३०५ (०-०-०-३ रोपनी), कि.नं. ३१७ (०-०-२-० रोपनी) र कि.नं. ३३० (०-१-०-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : प्रधान कार्यालय लाजिम्पाट/राइजिङ्ग मल, कमलादी |
| २. | **ऋणी : एभरेष्ट आउट वेयर ईण्डष्ट्रिज प्रा.लि. (विविध कर्जा)**<br>दर्ता नं. १२०१८१/०७०/०७१, ठेगाना : का.म.न.पा. वडा नं. २९, ठमेल, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : कमलादी**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. कृष्णहरी घिमिरे-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १९३४८१ ज.स. ७११०२३, मिति २०४२/१२/०५ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : मोहन प्रसाद घिमिरे, बाजे : चन्द्र प्रसाद घिमिरे<br>**२. शौरभ घिमिरे-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. २७१०६०/११२६९४, मिति २०७०/०१/२२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>बाबु : कृष्णहरी घिमिरे, बाजे : मोहन प्रसाद घिमिरे<br>**३. कमला कुमारी तिमलसीना-जमानीकर्ता** (ना.प्र.नं. ३७/१५८८२३१८, मिति २०४५/१०/२६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : कृष्णहरी घिमिरे, ससुरा : मोहन प्रसाद घिमिरे | कमला कुमारी तिमलसीनाको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित कि.नं. २५४६ (८६.६० व.मि.) र कि.नं. २५४४ (५९.७१ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : प्रधान कार्यालय लाजिम्पाट/राइजिङ्ग मल, कमलादी |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

**नोट :**
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु. १०००/- तिरी लिन सकिनेछ ।
ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । सो सूचना प्राप्त भए पश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम (धरौटी वापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम मध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी वापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूँजीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी वापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निः शर्त लागु हुनेछ ।

# देश निलम्बनमा, ताप्लेजुङ गोल्डकपमा उत्साह



**खगेन्द्र अधिकारी**

*ताप्लेजुङ, भदौ ४*

आन्तरिक द्वन्द्वका कारण नेपाली फुटबलको उच्च निकाय अखिल नेपाल फुटबल संघ (एन्फा) विश्व फुटबल महासंघ (फिफा) को निलम्बनमा परे पनि घरेलु प्रतियोगिता भने अघि बढिरहेका छन्।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धा खेल्न बन्चित नेपाली खेलाडीका लागि घरेलु प्रतियोगिता आयोजनाले यसले थोरै भए पनि नेपाली खेलाडीका लागि राहत मिल्ने सक्छ। तेस्रो पक्ष (सरकारी) को हस्तक्षेप भएको निष्कर्षसहित फिफाले एन्फामाथि निलम्बन लगाउँदा नेपालको अन्तर्राष्ट्रिय सहभागिता गुम्दै गइरहेको अवस्थामा पूर्वी क्षेत्रमा फुटबल हुने भएको छ। अर्को सातादेखि ताप्लेजुङमा गोल्डकप हुने भएपछि नेपाली पुरुष फुटबलरका लागि थोरै भए पनि राहत मिल्ने भएको छ। साथै फुटबल समर्थकका लागि उत्साह बन्नेछ। ताप्लेजुङको फुङलिङमा समान १/१ विदेशी र विभागीय टोली सहभागी रहने चौथो अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकप हुन लागेको हो। यसले गर्दा केही समय भए पनि नेपाली फुटबलर व्यस्त रहनेछन्। धेरैजसो नेपाली महिला फुटबलरले भुटानी लिगमा खेलिरहेका छन्। केही पुरुष फुटबलर पनि बंगलादेशको लिगमा व्यस्त छन्। ताप्लेजुङ गोल्डकप हुने भएपछि देशमा रहेका अन्य फुटबलरमा पनि उत्साह थपिएको छ।

उक्त गोल्डकप भदौ १२ गतेदेखि सुरु हुने तयारीमा छ। भदौ १२ गतेदेखि सुरु हुने चौथो अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकपको खेलतालिका सार्वजनिक भएको छ। आयोजक लाखेजात्रा सञ्चालन समितिले ताप्लेजुङको उत्तरी क्षेत्रमा स्याम्दो पोखरी, सिङ्जेमा ताल र दिकी छ् योलिङ गुम्बा पुगेर खेलतालिका सार्वजनिक गरेको हो। आठ टिम सहभागी हुने पहिलो खेलमा भदौ १२ गते समूह 'ए' आयोजक ताप्लेजुङ ११ र भारतको जर्जियन युनाइटेड फुटबल क्लब बिच प्रतिस्पर्धा हुने समितिका अध्यक्ष सागर मादेनले जानकारी दिए। भदौ १३ गते हुने दोस्रो खेलमा समूह 'बी' को चित्लाङ फुटबल क्लब र पाँचथरको फिदिम स्पोर्टिङ क्लब आमनेसामने हुने भएका छन्।

तेस्रो खेल भदौ १४ गते हुने तयारी छ। जहाँ समूह 'ए' को सातदोबाटो युथ क्लबले तेस्रो संस्करणको च्याम्पियन सलहेश युवा क्लबको सामना गर्नेछ। भदौ १५ गते समूह 'बी' को विभागीय टोली नेपाल पुलिस क्लबले झापा-११ फुटबल क्लबसँग क्वार्टरफाइनलको अन्तिम खेल खेल्दै पहिलो चरणको खेल समाप्त गर्नेछ। पहिलो सेमिफाइनल खेल भदौ १६ गते हुने तय छ। जहाँ समूह ए' मा रहेका ताप्लेजुङ-११ र जर्जियन युनाइटेड फुटबल क्लबको विजेता तथा सातदोबाटो फुटबल क्लब र सलहेश युवा क्लबको विजेता बिच भिडन्त हुनेछन्। दोस्रो सेमिफाइनलमा भदौ १७ गते हुने तयारी छ। त्यसमा समूह 'बी' मा रहेका चित्लाङ र फिदिम स्पोर्टिङको विजेता तथा झापा-११ र पुलिस क्लब बिचको विजेतासँग प्रतिस्पर्धा हुनेछन्।

भदौ १८ गते विश्राम दिइएको आयोजकको भनाइ छ। उपाधि भिडन्त हुने आयोजक लाखेजात्रा सञ्चालन समितिले जनाएको छ। विजेताले सात लाख दुई हजार ८३ रुपैयाँ र उपविजेताले तीन लाख ५२ हजार ८३ रुपैयाँ नगदसहित ट्रफी पाउनेछन्। सर्वोत्कृष्ट खेलाडीले बजाज कम्पनीको एक थान मोटरसाइकल पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ। म्यान अफ द म्याचले सात हजार रुपैयाँ मूल्य बराबरको अलैंची पाउने भएका छन्। नेपालमा सबैभन्दा धेरै अलैंची उत्पादन गर्ने जिल्लाको रूपमा परिचित ताप्लेजुङको कृषिजन्य उत्पादनको प्रवर्द्धनका लागि अलैंची नै पुरस्कार स्वरूप प्रदान गर्न लागिएको हो। करिब ६० हजार मूल्य बराबरको अलैंचीको प्रायोजन फङ्फङ्देन पर्यटन विकास समितिका अध्यक्ष विजय साँवा लिम्बूले गरेका छन्।

# एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२ सँग इम्बार्कको सहकार्य

काठमाडौं, भदौ ४ (नागरिक)- नेपाली खेलकुदकै प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२ ले इम्बार्क कलेजको साथ पाएको छ।

२०५२ सालदेखि नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुँदै आएको एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको २३औं संस्करण यही भदौ १८ गते काठमाडौंमा हुँदै छ। इम्बार्क कलेज 'हाइअर एजुकेसन पार्टनर' को रूपमा अवार्डमा जोडिने भएको छ। मञ्चले छनोट गर्ने एक जना राष्ट्रिय खेलाडीलाई इम्बार्क कलेजले स्नातक वा स्नातकोत्तर तहको पूर्ण छात्रवृत्ति (अधिकतम् १८ लाख सम्मको) प्रदान गर्नेछ। मञ्चको एनएसजेएफ एकेडेमीले आयोजना गर्ने रिसर्च, तालिम तथा मेन्टरसिप कार्यक्रमहरूमा पनि इम्बार्क कलेजले सहयोग गर्ने भएको छ। सम्झौतापत्रमा नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र इम्बार्क कलेजका कार्यकारी निर्देशक तथा सिइओ आशिष ठाकुरको तर्फबाट नीरज न्यौपानेले हस्ताक्षर गरे।

नेपाली खेलकुदलाई उच्च स्थानमा पुऱ्याउने खेलाडी, प्रशिक्षक र खेलकर्मीलाई सम्मान र पुरस्कृत गर्ने कार्यक्रम स्पोर्ट्स अवार्डको पिपुल्स च्वाइस विधाको मनोनयन सार्वजनिक भइसकेको छ। यसपटक फुटबलकी पूजा राना, मिक्स मार्सल आर्ट्स (एमएमए) का रवीन्द्र ढाँट, क्रिकेटका शेर मल्ल, भलिबलकी मीना सुनार र करातेकी सानुमाया थिङ यस विधाको मनोनयनमा छन्।



यी पाँच जनालाई खल्ती वालेट, एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको फेसबुक पेज र पल्सर नेपालको फेसबुक पेजबाट मत दिन सकिनेछ। साथै विभिन्न खेलका प्रमुख प्रशिक्षक र खेलकुद पत्रकार मञ्चका सदस्यले पनि मत दिन सक्ने व्यवस्था छ। एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२ मा ९ विधामा वर्षको उत्कृष्ट खेलाडी पुरुष, उत्कृष्ट खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपुल्स च्वाइस अवार्ड, लाइफटाइम अचिभमेन्ट अवार्ड, स्पेसल अवार्ड, पारा एथ्लिट अनर र एसियन स्पोर्ट्स जर्नलिस्ट अवार्ड दिइनेछ।

# मार्वलस र रेडियन्ट सेमिफाइनलमा

काठमाडौं भदौ ४ (नागरिक)- मार्वलस र रेडियन्ट पब्लिकले १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजतर्फ सेमिफाइनलमा स्थान बनाएका छन्।

बाफलस्थित आयोजक ग्रिनफिल्डको हलमा बिहीबार भएको क्वार्टरफाइनलमा मार्वलसले संस्कृति इन्टरनेसनल स्कुललाई ६६-४० र रेडियन्टले इनोभेटिभलाई ४७-२४ ले पराजित गरे। मार्वलसका सिनेप शाहीले ३२ र रेडियन्टका सुगम मगरले २० अंक जोडे। सोही स्पर्धामा सनसाइनले केभिएसलाई ४९-४४ र पुष्पसदनले गण्डकीलाई ५५-४५ ले हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे। सनसाइनका उमंग श्रेष्ठले १९ र पुष्पसदनका सम्राट लामाले १६ स्कोर गरे। सेमिफाइनलमा रेडियन्टको भेट पुष्पसदनसँग हुनेछ। मार्वलसले सनसाइनको सामना गर्नेछ। जुनियर ब्वाइजमा एन्जल्स हार्टले नेपालयलाई ३९-२४, ज्ञान निकेतनले नवीन ज्योतिलाई ३१-२२ र इडेन ब्रिज एकेडेमी (इबिए) ले महामञ्जुश्रीलाई ५१-४६ ले हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे।

एन्जल्स हार्टका सौरव श्रेष्ठले ११, ज्ञान निकेतनका सुमन तामाङले १६ र इबिएका उज्ज्वल राउतले ३० अंक जोडे। आयोजक ग्रिनफिल्ड सेमिफाइनलमा पुगिसकेको छ। जुनियर ब्वाइजको सेमिफाइनल ग्रिनफिल्ड र एन्जल्स हार्ट तथा इबिएले ज्ञान निकेतन विरुद्ध प्रतिस्पर्धा गर्नेछन्। सिनियर गर्ल्समा भ्याली पब्लिकले केभिएसलाई २७-१४, इबिएले ज्ञानोदयलाई ३४-१० र स्वर्णिमले नवीन ज्योतिलाई २९-२४ ले पन्छ्याउँदै सेमिफाइनल यात्रा तय गरे। भ्याली पब्लिककी दृष्य गुरुङले १०, इबिएकी अनामिका पटेलले १२ र स्वर्णिमकी हिसील्हामु लामाले १२ स्कोर गरे।







**FORWARD** फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः दुहवी-५, सुनसरी**
**फोनः ०२५-५४२०१८**
वेबसाइटः www.forwardmfbank.com.np

## ऋणी सदस्यहरूलाई कर्जा चुक्ता/भुक्तान गर्न आउने बारेको ३५ दिने सूचना

(सूचना प्रकाशित मितिः २०८३/५/५ गते)

यस वित्तीय संस्थाका तपसिलमा उल्लेखित ऋणीले देहायमा उल्लेख भए बमोजिका शाखा कार्यालयबाट लिनु भएको ऋण कर्जाको शर्त बमोजिम यस वित्तीय संस्थालाई नियमानुसार तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज, हर्जना व्याज आदि समेत निर्धारित समयमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंङ्घन गरी सोका सम्बन्धमा पटक पटक मौखिक एवं लिखित रुपमा कर्जा चुक्ता भुक्तान गर्न अनुरोध गरी पत्राचार गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै तदारुकता नदेखाएको कारण **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, तथा ऋण असुली ऐन**, २०५८ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ। यस सूचना प्रकाशित मितिले ३५ औं दिन भित्रमा आफ्नो सम्पूर्ण कर्जा रकम भुक्तान गर्नुहुन। साथै, अन्यथा भएमा प्रचलित कानुन बमोजिम ऋणी तथा साक्षी/जमानतकर्ता दुबैको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी तथा धितो सुरक्षण तथा जमानत दिनुहुने सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रमा कालो सूचिमा सुचिकृत गर्नको लागि सिफारिस गरिने व्यहोरा अनुरोध छ। त्यसर्थ यो सूचना प्रकाशित भएको ३५ दिन भित्रमा वित्तीय संस्थाको सम्बन्धित शाखामा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| क्र.स | ऋणीको नाम,थर | ऋणीको ठेगाना | ऋणीको ३ पुस्ते विवरण (पति, पिता, ससुरा/बाजे) | जमानी कर्ताको नाम |
|---|---|---|---|---|
| **शाखा कार्यालय जोशीपुर,कैलाली** | | | | |
| १ | जागृती डगौरा | जिल्ला कैलाली जोशीपुर गा.पा.वडा नं. ४ खर्चुवा | रमेश कुमार डगौरा/सोमल डगौरा/जग बहादुर डगौरा/ज्ञान बहादुर डगौरा | निरज डगौरा |
| २ | कानिज फातमा जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | रहुप अलि जागा/चन्द्रे लुहार/भोगा जागा/लोड बहादुर लुहार | रहुप अलि जागा |
| ३ | निशा कठरिया | जिल्ला कैलाली जोशीपुर गा.पा.वडा नं. ३ लक्कड | रवि कठरिया/ज्ञान सिं डगौरा/वनवारी कठरिया/शंकर डगौरा | राम मिलन चौधरी |
| ४ | आइतुन निशा जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | रफाकत अलि जागा/अजि जुल जागा/चौखट अलि जागा/जवर अलि जागा | रफाकत अलि जागा |
| ५ | शर्मिला कठरिया | जिल्ला कैलाली जोशीपुर गा.पा.वडा नं. ३ लक्कड | लक्ष्मी नारायण कठरिया/पवित्र राज चौधरी/चन्दर कठरिया/राम भरोसे चौधरी | चन्दर कठरिया |
| ६ | गोमा कुमारी चौधरी | जिल्ला कैलाली जोशीपुर गा.पा.वडा नं. ४ खर्चुवा | मोहन कुमार चौधरी/चुन्नु लाल चौधरी/राम ब. चौधरी/चोघुलाल डगौरा | पाहुनी कुमारी चौधरी |
| ७ | सितल श्रेष्ठ वि.क. | जिल्ला कैलाली जोशीपुर गा.पा.वडा नं. १ बरहरिया | दान सिंह वि.क./कर्ण बहादुर श्रेष्ठ/रन बहादुर कामी/दल बहादुर श्रेष्ठ | दान सिंह वि.क. |
| ८ | ताजुरुन निशा जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | तहौबर अलि जागा/अजिज अलि जागा/भोगा जागा/इसान अलि जागा | तहौबर अलि जागा |
| ९ | सबर बानो जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | गुलाम हुसेन जागा/सादिक अलि जागा /मुस्तकिम जागा/इसाहक अलि जागा | गुलाम हुसेन जागा |
| १० | तजरुन निसा जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | नवि हुसेन जागा/सारिफ अहमद जागा/मुस्तकीम जागा/मुनिम अलि जागा | नवि हुसेन जागा |
| ११ | तब्बुन निशा जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | एयुव अलि जागा/मोहम्मद नासिम खाँ/भोगा जागा/इतु अलि जागा | एयुव अलि जागा |
| १२ | अनिशा खातुन जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | रबन्नक अलि जागा/नजमुल हसन/सोहरत अलि जागा /मोहम्मद हनिफ | सोहरत अलि जागा |
| १३ | तरिकुन निशा जागा | जिल्ला कैलाली भजनी न.पा.वडा नं. ८ खैरा | आशिक अलि जागा/अजिजुल जागा/चौखट अलि जागा/जबर अलि जागा | आशिक अलि जागा |
| **शाखा कार्यालय कारकाँदो,बाँके** | | | | |
| १४ | गुडिया चौधरी | जिल्ला बाँके नेपालगंज उप.महा.न.पा.वडा नं. १३ गंगापुर | अभिषेक चौधरी/बदलु सोनी सोनार/सुन्दर डगौरा थारु/बाबुराम सोनी | अभिषेक चौधरी |
| **शाखा कार्यालय केराबारी,मोरङ** | | | | |
| १५ | सपना बराल | जिल्ला मोरङ केराबारी न.पा.वडा नं. ७ सिंदुरे | पिताम्बर बराल/बुद्धिमान आचार्य/मोहन प्रसाद बराल/नर बहादुर आचार्य | पिताम्बर बराल |
| **शाखा कार्यालय खजुरा,बाँके** | | | | |
| १६ | राधिका बि.क. | जिल्ला बाँके खजुरा गा.पा.वडा नं. ४ मनकामना | अरुण राज विश्वकर्मा/पदम ब.र बि.क./मन प्रसाद विश्वकर्मा/मान ब. बि.क. | साहिमा नेपाली भण्डारी |
| १७ | गंगा बि.क. | जिल्ला बर्दिया बढैयाताल गा.पा.वडा नं. १ जमुनी | सन्तोष बि.क./तुल बहादुर सुनार/कर्ण बहादुर बि.क./टेक बहादुर सुनार | पुजा शाही |
| १८ | बबिता बि.क. | जिल्ला बाँके खजुरा गा.पा.वडा नं. १ बिरपुर सैनिक | जय बहादर बि.क/चन्द्र बहादुर सुनार/नरे कामी/भबिराम सुनार | पुर्णिमा सुनार |
| १९ | पार्बती थापा | जिल्ला बाँके खजुरा गा.पा.वडा नं. १ जलपोखरी | जितेन्द्र थापा/चुडामणी राना/शेर बहादुर थापा/चन्द्रबिर राना | आरतीपुन मगर |
| २० | मिना राना मगर | जिल्ला बाँके नेपालगंज उप.महा.न.पा वडा नं. १० | गणेश ब. राना मगर/ओलक सिंह थापा मगर/हर्ष ब. राना/होम ब. राना | रन्जना बुढाथोकी |
| २१ | रितु गिरी | जिल्ला बाँके खजुरा गा.पा.वडा नं. ४ सिर्जना टोल | सोम राज गिरी/अम्मर बहादुर खत्री/पदम गिरी/भद्र बिर खत्री | सोम राज गिरी |
| **शाखा कार्यालय खनार,सुनसरी** | | | | |
| २२ | मिरा कुमारी साह | जिल्ला सुनसरी इटहरी उप महा न.पा.वडा नं. ०९ इटहरी | राकेश साह/जय शंकर साह/जय नारायण साह/गगा बिष्णु साह | अकित साह |
| २३ | तारा कार्की पुरी | जिल्ला सुनसरी इटहरी उप महा न.पा.वडा नं. १३ | सुरेन्द्र पुरी/कर्ण बहादुर कार्की/सित लाल पुरी/गणेश बहादुर कार्की | सिमा पोखरेल |
| **शाखा कार्यालय लाटीकोइली,सुर्खेत** | | | | |
| २४ | गंगा रजाली | जिल्ला सुर्खेत लेकबेसि न.पा.वडा नं. ६ खोल्टेपानी | झक ब. रजाली/दिल ब. गुरुङ/भक्त ब. रजाली/मोहन सिंह गुरुङ | सुस्मिता रजाली |
| २५ | धनसरी थापा | जिल्ला सुर्खेत लेकबेसि न.पा.वडा नं. ६ खोल्टेपानी | दिपक थापा/दिल बहादुर गुरुङ/होसियार सिं थापा/मोहन सिंह गुरुङ | सहविर खप्तरी मगर |
| २६ | मिरा शाही | जिल्ला सुर्खेत विरेन्द्रनगर न.पा.वडा नं. ४ | जगदिश शाही/नर बहादुर शाही/पंख बहादुर शाही/महाविर शाही | जगदिश शाही |
| **शाखा कार्यालय माडी,चितवन** | | | | |
| २७ | शर्मिला विश्वकर्मा | जिल्ला चितवन भरतपुर न.पा.वडा नं. २५ | प्रेम बिश्वकर्मा/चतुरे कामी/अभिमान बिश्वकर्मा/कर्णे कामी | राजु बिश्वकर्मा |
| **शाखा कार्यालय नारायणपुर,कैलाली** | | | | |
| २८ | आशिका चौधरी | जिल्ला कैलाली टीकापुर न.पा.वडा नं. ७ पदमपुर | कमल चौधरी/नाथुराम ड.थारु/खरसिराम चौधरी/कल्लु राम ड.थारु | कमल चौधरी |
| २९ | भगवती कु. दवाडी | जिल्ला कैलाली टीकापुर न.पा.वडा नं. ९ खैरीपुर | जंग ब. कुमाल(के.सी.)मेघराज उपाध्याय/बिर ब. कुमाल/भवानी शंकर उपाध्याय | जंग ब. कुमाल के.सी. |
| **शाखा कार्यालय पोखरिया,पर्सा** | | | | |
| ३० | सविता देवी | जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं. ५ | शिव नारायण साह कानु/दानी साह कानु/नन्दकिशोर साह कानु/गंगा साह | शिव नारायण साह कानु |
| ३१ | चम्पा देवी | जिल्ला पर्सा कालीकामाई गा.पा.वडा नं. ५ | नन्दलाल महतो केवट/भागरीत महतो/बिश्वनाथ महतो/रघुनाथ महतो | सलोक कुमार महतो |
| ३२ | मंजु देवी | जिल्ला पर्सा जगरनाथपुर गा.पा.वडा नं. ८ | भगवान ठाकुर लोहार/धुप ठाकुर लोहार/भरत ठाकुर लोहार/चनरदेव ठाकुर लोहार | भगवान ठाकुर लोहार |
| ३३ | अम्बर ब. साह तेली | जिल्ला पर्सा पकहामैनपुर गा.पा.वडा नं. ४ | मधुवाला साह/रामबृक्ष साह तेली/राम अशिष साह | मधुवाला साह |
| **शाखा कार्यालय रामनगर,नवलपरासी पश्चिम** | | | | |
| ३४ | विजय कु. भण्डारी क्षेत्री | जिल्ला नवलपरासी प.सुनवल न.पा.वडा नं. १२ भुमही | रुपमा थापा/मिम ब. भण्डारी क्षेत्री/पदम ब. थापा/टेक ब. भण्डारी | मिम बहादुर भण्डारी क्षेत्री |
| ३५ | लक्ष्मी सुनार | जिल्ला नवलपरासी प.सुनवल न.पा.वडा नं. ४ सिमलटाडी | विष्णु ब. सुनार/दुर्गा प्रसाद लोहार/भक्त ब. सुनार/जंग ब. लोहार | विष्णु बहादुर सुनार |
| ३६ | ईन्द्र बहादुर सुनार | जिल्ला नवलपरासी प.बर्दघाट न.पा.वडा नं. ४ बर्दघाट | गीता सुनार/दिल ब. सुनार/मान ब. वि.क/शशिराम सुनार | गीता सुनार |
| **शाखा कार्यालय रंगेली,मोरङ** | | | | |
| ३७ | सन्जु पण्डीत | जिल्ला मोरङ सुनवर्षी गा.पा.वडा नं. ९ आमगाछी | मंगला पंडीत/राम लखन पंडीत/नारायण पंडीत/नसिवलाल पंडीत | मंगला पंडीत |
| ३८ | नन्दनी देवी कुम्हार | जिल्ला मोरङ रंगेली न.पा.वडा नं. ७ | राजेश कूम्हार/नारायण पण्डीत/मनिलाल कुम्हार/भदर पण्डीत | राजेश कुम्हार |
| ३९ | जहीना खातुन | जिल्ला मोरङ रंगेली न.पा.वडा नं. १ इश्लामपुर, मोरङ | मोहमद इशाहक/अहमद अजिज/मो.कितावली/मो.लसकरी | मोहमद इशाहक |
| ४० | अनिसा खातुन | जिल्ला मोरङ रंगेली न.पा.वडा नं. १ इश्लामपुर, मोरङ | सहमद मिया/रुदन मिया/महमद वसीर मिया/अतावुल मिया | सहमद मिया |
| **शाखा कार्यालय शम्शेरगन्ज,बाँके** | | | | |
| ४१ | मैति कुमाल | जिल्ला बाँके राप्तिसोनारी गा.पा.वडा नं. १ कुसुम | बिर बहादुर कुमाल/नर बहादुर कुमाल/जुट बहादुर कुमाल/बहादुर कुमाल | बिर बहादुर कुमाल |
| **शाखा कार्यालय संक्रान्ती,तेह्रथुम** | | | | |
| ४२ | कल्पना देवान | जिल्ला तेह्रथुम आठराई गा.पा.वडा नं. ५ छातेढुङ्गा, होडा | सुमन देवान/नारायण प्रसाद गुरुङ्ग/प्रेम कुमार देवान/धन प्रसाद गुरुङ्ग | सुमन देवान |
| **शाखा कार्यालय सपही,धनुषा** | | | | |
| ४३ | राज कुमारी देवि मुखिया विन | जिल्ला धनषा, मिथलाबिहारी न.पा.वडा नं. १०, हतरा पथरा | विष्णु देव मुखिया/मुसाफिर मुखिया विन/पुलकित मुखिया/मुने मुखिया | विष्णु देव मुखिया |
| ४४ | रेखा कुमारी चोधरी | जिल्ला धनषा, क्षिनेश्वरनाथ न.पा.वडा नं. ६ महेन्द्रनगर | वरुण पाठक/बचन देव चौधरी/नित्यानन्दन पाठक/जय नारायण चौधरी | वरुण पाठक |
| ४५ | रिफ्रो देवि यादव | जिल्ला धनषा, क्षिनेश्वरनाथ न.पा.वडा नं. १० चोहर्वा | राम बली यादव/रेबि यादव/भोला यादव/बेनी यादव | राम बली यादव |
| **शाखा कार्यालय सितापुर भंगाहा,महोत्तरी** | | | | |
| ४६ | आशा कमारी बातर | जिल्ला महोत्तरी भंगहा न.पा.वडा नं. ५ राजपुर | लक्ष्मी बातर/सिकिन्दर सरदार/राजिन्द्र बातर/बथानी बातर | लक्ष्मी बातर |
| ४७ | उर्मिला देवी | जिल्ला महोत्तरी भंगहा न.पा.वडा नं. ५ राजपुर | लक्ष्मण सरदार/सरजुग सरदार/सोनफी सरदार/बृहस्पती सरदार | लक्ष्मी सरदार |
| ४८ | अन्जिला देवी धानुक | जिल्ला महोत्तरी भंगहा न.पा.वडा नं. ५ सितापुर | सुकेश्वर मण्डल धानुक/सुरदेव मण्डल/दुखा मण्डल धानुक/जिब्छ मण्डल | सुकेश्वर मण्डल धानुक |
| ४९ | सुनिता देवी | जिल्ला महोत्तरी लोहरपट्टी न.पा.वडा नं. १ बगडा | राजकिशोर यादब/बुलन यादब/बिलट यादब/अजबलाल यादब | राम निर्वाह यादब |
| ५० | राम निर्वाह यादब | जिल्ला महोत्तरी लोहरपट्टी न.पा.वडा नं. १ बगडा | हेमकला देवी/बिलट यादब/रामभज यादब/तप्सी यादब | हेमकला देवी |
| **शाखा कार्यालय सोर्हवा,बर्दिया** | | | | |
| ५१ | अस्मिता दर्जी | जिल्ला बर्दिया बढैयाताल गा.पा.वडा नं. ८ शितलाबजार | दिपक दर्जी /ओमकार दर्जी/धन बहादुर दर्जी/पल सिहं दर्जी | जमुना दर्जी |
| **शाखा कार्यालय तेतरिया,मोरङ** | | | | |
| ५२ | ललिता देवी माझी | जिल्ला मोरङ ग्रामथान गा.पा.वडा नं. ३ पिडनरवोनी | मदन कुमार माझी/बंशलाल चौधरी/तिहकु चौधरी/अगमलाल माझी थारु | मदन कुमार माझी |
| ५३ | कविता चौधरी थारु | जिल्ला मोरङ बेलवारी न.पा.वडा नं. ५, सखुवाटोली | दिनेश चौधरी/नमि नारायण चौधरी/इशरलाल चौधरी/घुरन चौधरी | दिनेश चौधरी |
| ५४ | सुक्रिता कुमारी माझी | जिल्ला मोरङ ग्रामथान गा.पा.वडा नं. ७, धोबियारे | बब्लु चौधरी/डोमरु माझी/टेबु माझी/हितलाल चौधरी | कन्चन कुमारी चौधरी |
| ५५ | पार्वती खवास थारु | जिल्ला मोरङ बेलवारी न.पा.वडा नं. ५ साठी विघा | महेश थारु/छेदिया खवास/सुकरतिया खवास/चन्दनलाल थारु | छेदिया खवास |
| **शाखा कार्यालय उर्लाबारी,मोरङ** | | | | |
| ५६ | निर्मला मगर | जिल्ला झापा दमक न.पा.वडा ७ पशुहाट | बल बहादुर मगर/आमा सुकि माया मगर/सोम बहादुर मगर | बल बहादुर मगर |


**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी